## विशेष इजलास

१

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा श्री भरतबहादुर कार्की,** २०६८-WS-००६४, उत्प्रेषण परमादेश समेत, *श्यामकुमार ओझा वि. कानून तथा न्याय मन्त्रालय समेत*

निवेदक कार्यरत् रहेको कार्यालय स्थापना नै नभएको समयमा निर्माण गरिएको न्याय सेवा (समूह, गठन तथा श्रेणी विभाजन, नियुक्ति सरूवा, बढुवा) नियमहरू २०५१ र त्यसमा भएको पहिलो संशोधनसहितको नियम ११(२) को व्यवस्थालाई कानूनी त्रुटिपूर्ण वा भेदभावपूर्ण भएको भन्न मिल्ने आधार देखिन आएन । यसर्थ उक्त नियमको नियम ११(२) को खण्ड (क) मा यी निवेदक कार्यरत् कार्यालय समावेश नभएको भन्ने आधारले मात्रै संविधान र प्रचलित कानूनी अधिकारअन्तर्गत निर्माण भई लागू भएको न्याय सेवा (समूह गठन तथा श्रेणी विभाजन, नियुक्ति, सरूवा बढुवा, नियमहरू २०५१ को नियम ११(२) को खण्ड (क) को व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा २१ र २४ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को प्रावधानविपरीत छ भनी अर्थ गर्न नमिल्ने ।

एउटै सेवा र एउटै समूहमा पर्ने विभिन्न कार्यालयमा कार्यरत् सबै कर्मचारीहरूले पदोन्नतिको उचित र समान अवसर पाउनु पर्दछ । सोको लागि सम्बन्धित ऐन, नियमद्वारा उचित व्यवस्थापन हुनु पर्नेमा यी निवेदक कार्यरत् रहेको अड्डा बढुवा प्रयोजनको लागि कुनै समूहमा अहिलेसम्म नपरेको अवस्थालाई ठीक मान्न सकिँदैन । यस्तो अवस्थामा यथाशीघ्र सुधार गरी यी निवेदक कार्यरत् रहेको कार्यालयलाई पनि बढुवाको प्रयोजनका लागि उपयुक्त समूहभित्र राख्न आवश्यक देखिँदा न्याय सेवा (समूह गठन तथा श्रेणी विभाजन, नियुक्ति सरूवा, बढुवा) नियमहरू, २०५१ को नियम ११ को उपनियम २ को खण्ड (क) देखि खण्ड (छ) सम्मको कुनै उपयुक्त समूहमा वा छुट्टै समूहमा यी निवेदक र न्याय सेवा, न्याय समूहबाट गई ऋण असूली न्यायाधीकरण र ऋण असूली पुनरावेदन न्यायाधीकरणमा कामकाज गरिरहेका कर्मचारीहरूको हकमा बढुवा प्रयोजनको लागि उक्त न्यायाधीकरणहरूलाई समावेश गर्ने गरी उक्त नियममा यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र संशोधन गर्नु गराउनु भनी कानून तथा न्याय मन्त्रालयको नाउँमा परमादेशसम्म जारी हुने ।

न्याय सेवा (गठन समूह तथा श्रेणी विभाजन, नियुक्ति सरूवा बढुवा) नियमहरू २०५१, को नियम ११(२) को खण्ड (क) मा संशोधन नभएसम्म ऋण असूली न्यायाधीकरणमा कार्यरत् यी निवेदकलाई सर्वोच्च अदालतबाट हुने कार्य सम्पादनको आधारमा हुने बढुवा प्रक्रियामा समावेश गर्न सक्ने स्थिति नहुँदा मिति २०६८।१२।२३ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश निष्क्रिय हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट/विकेश गुरागाईं

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६८-WS-००६०, उत्प्रेषण परमादेश समेत, *भीमराज घिमिरे समेत वि. कानून तथा न्याय मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६८-WH-००६४, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ, *जैसराम केवटको हकमा मनोजकुमार चौधरी वि.इलाका प्रहरी कार्यालय, गोरुसिङ्गे, कपिलवस्तु समेत*

यी निवेदकलाई मिति २०६८।५।१८ मा कपिलवस्तु जिल्ला अदालतमा उपस्थित गराइएपछि डाँका मुद्दामा सजाय भएको बाबुराम केवट भन्ने व्यक्ति निज हो होइन भन्ने कुराको पहिचान गर्ने र विश्वस्त हुने सन्दर्भमा निजलाई अदालतबाट कागज गराउँदा उक्त डाँका मुद्दामा भएको मिति २०४६।११।१४ को फैसलाअनुसार कैद र जरीवाना लागेको व्यक्ति म नै हुँ, मेरो गाउँघरमा बोलाउने नाम बाबुराम केवट हो, नेपाली नागरिकतामा जैसराम केवट लेखिएको छ भन्ने व्यहोराको कागज गरी बाबुराम केवट आफू भएको

कुरालाई स्वीकार गरेको पाइन्छ । उक्त कागज गरेको कुरालाई प्रस्तुत निवेदनपत्रमा पनि स्वीकार गरिएकै देखिन्छ । त्यसरी कागज गराउँदा ६७ वर्षको वृद्ध भएकाले संरक्षक राखिनुपर्नेमा सो नराखिएको हुनाले त्यसको व्यहोरालाई प्रमाणित रूपमा मान्न मिल्ने होइन भनी निवेदकले इजलासमा जिकीर लिनु भएकोमा निज निवेदकको कागज गराउँदा संरक्षक नै राख्नु पर्ने शारीरिक एवं मानसिक अवस्थाका व्यक्ति हुन् भनी अन्यथा प्रमाणित गराउन सकेको स्थिति नदेखिँदा उक्त जिकीर मनासिब नदेखिने ।

अदालतको मिति २०४६।११।१४ को फैसलामा बाबुराम केवटको ठेगानामा मौजा लोहरौला उल्लेख भएको पाइन्छ भने यी निवेदकको हालको वतनको मौजा पनि लोहरौला नै रहेको कुरा निजले घर कर तिरेको रसिदबाट देखिन्छ । यी निवेदकले २०५७ सालमा लिएको नागरिकतामा जैसराम केवट भनी नाम उल्लेख भए तापनि सो मितिभन्दा ११ वर्ष अगाडि नै कपिलवस्तु जिल्ला अदालतबाट उक्त डाँका मुद्दामा फैसला भएको अवस्था समेत विद्यमान रहेको देखिँदा यी निवेदकले कागज गर्दा बाबुराम केवट भन्ने व्यक्ति म नै हुँ भनी स्वीकार गरेको र फैसलामा उल्लिखित बाबुराम केवटको घर ठेगाना मौजा लोहरौला यी निवेदकको हकमा पनि मिलेकै देखिँदा उक्त बाबुराम केवट अन्यत्रको उनाउ व्यक्ति रहेछ भनी अनुमान गर्न मिलेन । तसर्थ निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था रहेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल साउन १५ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** फौ.पु.नं. २०६४-CR-०५४४, ०११२, ०३४८, राहदानी, नागरिकता कीर्ते समेत, *दुर्गबहादुर बस्नेत वि. नेपाल सरकार, पपिलमान शाक्य वि. नेपाल सरकार, नेपाल सरकार वि. शेरबहादुर खड्का*

पुनरावेदक प्रतिवादी दुर्गबहादुरको नामबाट नागरिकता र राहदानी लिनको लागि निवेदन पेश भई कारवाही भएको नदेखिएको र नागरिकताको प्रतिलिपि लिन दिएको दरखास्त, सोबमोजिम तयार भएको प्रतिलिपि नागरिकता तथा सोही नागरिकताको आधारमा राहदानीको लागि भरेको निवेदन र राहदानीलगायतका लिखतमा निज दुर्गबहादुरको फोटो र सहीछाप परेको कुरालाई भीडभाडको कारण झुक्किएर भएको भन्ने निजको बयान विश्वसनीय देखिन नआई कुलबहादुर खत्रीको नामबाट सहीछाप गरी नागरिकता तथा राहदानी लिने कार्यमा पुनरावेदक प्रतिवादी दुर्गबहादुर बस्नेतको संलग्नता वस्तुनिष्ट एवं तथ्यगत रूपमा प्रमाणित हुने ।

कुलबहादुर खत्रीको तीन थान च्यातिएका फोटोहरू प्रतिवादी पपिलमान शाक्यलाई हिरासतमा राखिएको कोठाको फल्याकमुनिबाट बरामद भएको समेतका मिसिल संलग्न उपरोक्त तथ्य र सबूद प्रमाणबाट राहदानी र नागरिकता बनाउने कार्यमा आफूले कुनै संलग्नता नभएको भन्ने पुनरावेदक प्रतिवादी पपिलमान शाक्यको बयान व्यहोरा खण्डित भै अभियोग माग दावीबमोजिमको कार्य निजले गरेको रहेछ भन्ने कुरा पुष्टि हुने ।

प्रतिवादी शेरबहादुर खड्का र दुर्गबहादुर बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोराबाट दुर्गबहादुरलाई पपिलमान शाक्यसँग परिचय गराइदिने कार्यसम्म यी प्रतिवादी शेरबहादुर खड्काले गरेको भन्ने खुल्न आएको छ । परन्तु त्यसरी सम्पर्क गराउने बाहेक नागरिकता तथा राहदानीको फाराम भर्ने, फोटो टाँस्ने, सहीछाप गर्ने लगायतका अन्य कुनै पनि कसूरजन्य क्रियामा प्रतिवादी शेरबहादुरको संलग्नता रहेको पुष्टि हुने ठोस आधार अनुसन्धानबाट खुल्न आएको नदेखिने ।

प्रतिवादीहरूउपर लगाइएका सरकारी छाप, दस्तखत लागेका कागजात कीर्ते गरेको, झूठा विवरण दिई नागरिकता लिएको र झूठा विवरणका आधारमा राहदानी लिने प्रयास गरेको भन्ने तीनवटै कसूरहरू सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गत पर्ने सरकार वादी भै चलाइने फौजदारी मुद्दा हुन् भन्ने देखिएकोले देवानी र फौजदारी विषयका मुद्दालाई एउटै अभियोग पत्रमा समावेश गरी दावी लिएको भन्ने अवस्था देखिएको छैन । उल्लिखित कार्यहरू

एकै दिन एउटै वारदातका रूपमा शृङ्खलावद्ध रूपमा गरिएका र दुबै पुनरावेदक प्रतिवादीहरूको त्यसमा संलग्नता रही सो सम्पूर्ण कार्यको उद्देश्य र अन्तिम परिणति विदेशमा रहेका कुलबहादुर खत्रीका नामको राहदानी बनाउने नै भएको हुँदा एउटै जरियाबाट उनै प्रतिवादीहरूले गरेको फरक फरक कसूरका सम्बन्धमा एउटै अभियोगपत्र पेश गरिएकोलाई अ.बं. ७२ नं. प्रतिकूल भन्न नमिल्ने ।

कीर्ते कागजको १ नं. मा वर्णित कीर्तेका विभिन्न अवयव वा तत्वहरूमध्ये पहिलो वाक्यांशमा प्रयुक्त "हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना र छाप इत्यादि झूट्ठा बनाई गरी" भन्ने उल्लेखनबाट तीन तरिकाबाट कीर्ते हुनसक्ने भन्ने पूर्वावस्थालाई इंगित गरिएको देखिन्छ । कानूनमा नै यो यस्तो कार्य भए गरेमा कीर्ते हुने भनी विशेष रूपमा किटानीसाथ उल्लेख भएको सो विषयका सम्बन्धमा अलमल हुनुपर्ने वा द्विविधामा पर्नुपर्ने कुनै कारण नहुने ।

वस्तुतः कुनै पनि ऐनमा अगाडिबाट कुनै विशिष्ट शब्दहरूको उल्लेखन भई पछाडिबाट इत्यादि भन्ने गोश्वारा र सामान्य अर्थ बोधक शब्दको प्रयोग गरिन्छ भने त्यसबाट अगाडि उल्लेख भए जस्तै गुण, प्रकृति र चरित्र (Analogy) भएको थप अरू पनि विषयहरूलाई समेट्ने विधायिकी आसय रहेको थियो भन्ने अर्थ ग्रहण गर्नुपर्ने हुन्छ । कानून व्याख्याका विभिन्न सिद्धान्तहरूमध्ये एक Edjusdem Generis Principle का अनुसार कुनै खास शब्दहरू अगाडि प्रयोग भएका छन् र त्यसपछि साधारण शब्दहरू प्रयोग भएका छन् भने ती साधारण शब्दहरूले अगाडिका खास खास शब्दहरूले जनाए जस्तै अर्थ वा विषयलाई जनाउने ।

सरकारी छाप लागेको दरखास्त फाराममा अर्काको नामबाट विवरण भरी आफ्नो फोटो टाँस्ने र सहीछाप गर्ने तथा नागरिकताको प्रतिलिपिमा समेत अर्काको नामको सहीछाप गरी आफ्नो फोटो टाँस्ने क्रिया स्पष्ट रूपमा कीर्ते हुँदा कीर्ते कागजको १ नं. मा उल्लेख भएको इत्यादिको परिभाषाभित्र पर्ने ।

राहदानी ऐन, २०२४ को दफा २४ को कानूनी व्यवस्थाले झूट्ठा विवरण पेश गरी राहदानी लिने वा सोको उद्योग गर्ने दुबै अवस्थालाई ऐनले समान अवस्थाको कसूरका रूपमा राखी एकै सजाय हुने व्यवस्था भएको देखिएको हुँदा राहदानी लिन नपाएको भन्नेसम्मकै आधारमा कसूर कायम नहुने वा सजाय गर्न नमिल्ने भन्ने स्थिति नदेखिने ।

प्रतिवादी दुर्गबहादुर बस्नेतले विदेशमा रहेको कुलबहादुर खत्रीको नामबाट राहदानी लिने उद्देश्यले अर्का प्रतिवादी पपिलमान शाक्यसँगको मतसल्लाह र सहयोगमा जिल्ला प्रशासन कार्यालयमा दरखास्त दिई आफ्नै फोटो टाँसी नागरिकताको प्रतिलिपि लिएको र सोही नागरिकताको प्रतिलिपिको आधारमा सोही व्यहोराबाट राहदानीको लागि निवेदन गरी राहदानीमा अधिकृतले प्रमाणित गर्ने अवस्थामा पक्राउ परेको भन्ने तथ्य शंकारहित तवरबाट पुष्टि भएको हुँदा निज प्रतिवादीहरूले गरेको उक्त कार्य मुलुकी ऐन, कीर्ते कागजको महलको १ नं., नेपाल नागरिकता ऐन, २०२० को दफा १५ र राहदानी ऐन, २०२४ को दफा ५ द्वारा निषेधित कसूर अपराध देखिएको हुँदा मुलुकी ऐन, कीर्ते कागजको ९ र १२ नं., नेपाल नागरिकता ऐन, २०२० को दफा १५ र राहदानी ऐन, २०२४ को दफा ५ बमोजिम प्रतिवादीहरू दुर्गबहादुर बस्नेत र पपिलमान शाक्यलाई अभियोग माग दावीअनुरूप सजाय हुने । पुनरावेदक वादी र प्रतिवादी दुबै पक्षको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम् ।

३

**का.मु.स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. २०६७-CI-०३६४, सार्वजनिक बाटो जग्गा खिचोला घर हटाई चलन समेत, *इसहाक मियाँ धोवी वि. आली मियाँ अन्सारी समेत*

शुरू बारा जिल्ला अदालतबाट भई आएको मिति २०६३।८।२३ को नक्सा मुचुल्काको न.नं. ११ देखि २२ सम्म झगडा जनिई विवादित रहेको पाइयो । त्यसमध्येको न.नं. १२, न.नं १३ र न.नं. १५ को घरजग्गामा प्रतिवादीहरू फिदा अन्सारी र आली मिया अन्सारीले घर टहरा बनाई भोगी आएको देखिन्छ । ती जग्गाहरू वादीको कि.नं. १७३ को क्षेत्रफल र सीमाभन्दा बाहिरको सार्वजनिक ऐलानी जग्गामध्येको रहे भएको

देखिन आयो । त्यस्तै कि.नं. १७३ को उत्तरतर्फ रहेको न.नं. ५ र ६ को सार्वजनिक बाटोको दक्षिणतर्फ यी प्रतिवादी बाहेक अन्य व्यक्तिहरूको समेत घर बसोबास गरी आएको भन्ने समेत मिसिलबाट देखिन आउँदा यी प्रतिवादीहरू र अन्य व्यक्तिहरू समेतले उक्त जग्गामा फिरादीले उल्लेख गरेको मितिबाट मात्र बसोबास गरेका हुन् त्यसभन्दा अगाडि सो जग्गा सार्वजनिक बाटो र पर्तीको रूपमा सार्वजनिक प्रयोगमा रहेको भन्ने कुराको भरपर्दो र स्पष्ट आधार प्रमाण देखाउन सकेको पाइँदैन । यस अदालतमा वादीले दायर गरेको पुनरावेदन पत्रको समग्र व्यहोराबाट समेत उक्त बसोबास मिति २०६२।९।१४ भन्दा अगाडिदेखि नै रहे भएको कुरामा वादीले अप्रत्यक्ष रूपमा स्वीकार गरेको पाइन्छ । उक्त बसोबासमा रहने व्यक्तिहरूले सामूहिक प्रयोजनको लागि नेपाल रेडक्रस सोसाइटीले न.नं. ७ को ट्युबवेल जडान गरी प्रयोगमा रहेको भन्ने नक्सा मुचुल्काबाट खुलेको हुँदा समेत विवादित घर टहरा धेरै पहिलेदेखि नै निर्माण भएको भन्ने देखिन्छ । प्रतिवादी फिदा हुसेन अन्सारीले मिति २०६१।१।२० मा जिल्ला प्रशासन कार्यालय, बारामा दिएको निवेदनमा विवादित ठाउँको बसोबास समेतको विषयमा २५।३० वर्षदेखि भोगी आएको घर भत्काई दिन लागेको हुँदा शान्ति सुरक्षा कायम गरिपाऊँ भनी निवेदन दिएकोमा जिल्ला प्रशासन कार्यालयबाट उक्त निवेदन सम्बन्धित गा.वि.स. कार्यालयमा पठाइएको भनी मिसिल प्रमाणबाट देखिएको हुँदा विवादित घर टहरा फिरादीले उल्लेख गरेको मितिभन्दा धेरै अगाडिदेखि निर्माण भई प्रतिवादीहरू बसोबास गरी आएको भन्ने प्रमाणित हुन आएको छ । त्यसरी सार्वजनिक ऐलानी जग्गामा विभिन्न व्यक्तिहरूले धेरै अगाडिदेखि घर बसोबास गरी आएको कुरा स्थापित भएको अवस्थामा प्रस्तुत खिचोला मुद्दाको रोहबाट बसोबास नै हटाउने गरी निर्णय गर्नु न्यायोचित र कानूनसंगत् नदेखिने ।

विवादित जग्गामा प्रतिवादीहरूको बसोबास वादीले फिरादमा उल्लेख गरेको मितिभन्दा अगाडिदेखि नै रहेको, वादीको कि.न. १७३ का जग्गामा पूर्वतर्फबाट निकास बाटोको सुविधा पाइरहेको तथ्य स्थापित हुन आएको हुनाले शुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादीको हकमा वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

४

**का.मु.स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. २०६७-CR-०४६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चैती घोडासेनी*

मृतक पति र यी प्रतिवादी समेत दिनभरि खेतमा सँगै धान रोपाई गरेका, घरमा बेलुकी आइसकेपछि मृतक समेतलाई प्रतिवादीले खाना खुवाएर मृतक सुत्न गएका, खाना खाएर सुत्न जानु अघि पति पत्नीको बीचमा झगडा भनाभन भएको भन्ने मिसिल प्रमाणबाट खुल्न नआएको र त्यसभन्दा पछि पनि झगडा भनाभन वा वादविवाद भएको भन्ने देखिन आउँदैन । यस्तो स्थिति र अवस्थामा प्रतिवादी चैती घोडासेनीले तत्काल उठेको रिस थाम्न नसकेर मृतकलाई घाँटीमा डोरीले कसेर झुण्ड्याई होलिन् भनेर कल्पना गर्नु युक्तिसंगत् र कानूनसंगत् हुन नसक्ने हुँदा अभियोग मागदावीबाट सफाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, जुम्लाको मिति २०६७।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३-WO-०९३८, उत्प्रेषणयुक्त परमादेश, *प्रियम्वदा थापा समेत वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*

चक्रपथ निर्माणका लागि तत्कालीन श्री ५ को सरकारले मिति २०३१।११।२६ मा राजपत्रमा सूचना

प्रकाशित गरी विभिन्न कित्ता नं. को जग्गाहरू अधिग्रहण गरेको र अधिग्रहणबापत जग्गाधनीले क्षतिपूर्ति प्राप्त गरेको कुरामा विवाद देखिँदैन । जहाँसम्म आफ्नो घरजग्गा रहेको क्षेत्रलाई सरकारले विल्डअप एरिया कायम गर्ने निर्णय गरी त्यस क्षेत्रको सडकलाई २५ मीटरको सट्टा ११ मी. कायम गरिएको भन्ने निवेदकले दावी लिएको छ सो सम्बन्धमा मिसिल संलग्न रहेको काठमाडौं उपत्यका नगर विकास समितिद्वारा विल्डअप एरिया भनी मापदण्ड निर्धारण गरिएको क्षेत्र हेर्दा चावहिलदेखि गौशाला चोकसम्म गौशाला चाबहिल क्षेत्रमा उत्तर दक्षिण गरी चक्रपथको पूर्वतर्फ १.२६७ र कि.मी. र पश्चिमतर्फ १.२३६ कि.मी. मा सडकको केन्द्र रेखादेखि ११ मी. सम्म निर्माण कार्य गर्न नदिने उल्लेख भएको देखिन्छ । निवेदकले विल्ड अप एरियाभित्र पर्ने भनी दावी लिएको घर जग्गा सो एरियाभित्र नपरी गौशाला चोकदेखि पूर्व एयरपोर्ट जाने बाटोतर्फको देखिएकोले काठमाडौं उपत्यका नगर विकास समितिद्वारा निर्धारित गरेको भनिएको विल्डअप एरियाभित्र निवेदन दावीको घरजग्गा नपर्ने ।

निवेदनमा उल्लिखित घरजग्गा समेत विल्डअप एरियाभित्र रहेको भनी दावी लिएकै आधारमा मात्र विल्डअप एरियाभित्रको रहेको भनी मान्न मिल्ने अवस्था देखिन आउँदैन । यसको अतिरिक्त मालपोत कार्यालय, काठमाडौंको निर्णयले चक्रपथको लागि अधिग्रहण भएको जग्गाको लगत कट्टा गरी नेपाल सरकार सडक विभागको नाउँमा मिति २०६०।५।१८ को निर्णयबमोजिम नै सडक क्षेत्रको जग्गा दर्ता भएको देखिन आयो । नेपाल सरकारको नाउँमा जग्गा दर्ता भैसकेको अवस्थामा सो दर्ता बदरका लागि हक बेहकतर्फ प्रमाण बुझी इन्साफ गर्नुपर्ने सामान्य कानूनको क्षेत्राधिकारभित्रको विषय रहेको समेत परिप्रेक्ष्यमा रिट क्षेत्राधिकारबाट हेर्न उपयुक्त हुन सक्ने नदेखिने ।

काठमाडौं उपत्यका नगर विकास समितिबाट निवेदकले आफ्नो भनी दावी लिएको घर जग्गा सडकको क्षेत्र विल्डअप एरियाभित्र परेको नदेखिएको साथै नेपाल सरकार, सडक विभागको नाउँमा मिति २०६०।५।१८ मा नै दर्ता स्रेस्ता कायम भै सकेको जग्गाको दर्ता बदर गरी प्रमाण बुझी इन्साफ गर्नुपर्ने हक बेहकको प्रश्न समेत प्रस्तुत रिट क्षेत्रबाट हेर्न उपयुक्त हुनसक्ने नभै निवेदन दावीअनुसार उपचार पाउँन सक्ने अवस्था नहुँदा यस अदालतको असाधारण अधिकार प्रयोग गरी सार्वजनिक हित समेत सन्निहित रहेको सडक विस्तारको कार्य रोक्न मनासिब नहुँदा मागबमोजिमको आदेश जारी गर्न परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल चैत ७ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६३-WO-०९३९, उत्प्रेषणयुक्त परमादेश, *रवि बस्नेत वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*
- २०६३-WO-०९४०, उत्प्रेषणयुक्त परमादेश, *गणेशकुमारी श्रेष्ठ वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*
- २०६३-WO-०९४१, उत्प्रेषणयुक्त परमादेश, *राधा गुरुङ समेत वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*
- २०६३-WO-०९४२, उत्प्रेषणयुक्त परमादेश, *कृष्णबहादुर पाण्डे वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*
- २०६३-WO-०९४६, उत्प्रेषणयुक्त परमादेश, *सावित्री आचार्य वि.सडक डिभिजन कार्यालय, नं. २ मीनभवन काठमाडौं समेत*
- २०६३-WO-१०५४, उत्प्रेषणयुक्त परमादेश, *माहिला खड्गी वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*
- २०६३-WO-१०५५, उत्प्रेषणयुक्त परमादेश, *गणेशराज वैद्य समेत वि.सडक विभाग, बबरमहल काठामाडौ.समेत*

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४-WO-१०७६, उत्प्रेषणयुक्त परमादेश, *शोफिया भारी वि.मालपोत कार्यालय, डिल्लीबजार काठमाडौं समेत*

निवेदनमा उल्लिखित घर र जग्गा समेत विल्डअप एरियाभित्र रहेको भनी दावी लिएकै आधारमा

मात्र बिल्डअप एरियाभित्रको रहेको भनी मान्न मिल्ने अवस्था देखिन आउँदैन । यसको अतिरिक्त मालपोत कार्यालय, काठमाडौंको निर्णयले चक्रपथको लागि अधिग्रहण भएको जग्गाको लगत कट्टा गरी नेपाल सरकार सडक विभागको नाउँमा मिति २०६०।५।१८ को निर्णयबमोजिम नै सडक क्षेत्रको जग्गा दर्ता भएको देखिन आयो । नेपाल सरकारको नाउँमा जग्गा दर्ता भैसकेको अवस्थामा सो दर्ता बदरको लागि हक बेहकतर्फ प्रमाण बुझी इन्साफ गर्नुपर्ने सामान्य कानूनको क्षेत्राधिकारभित्रको विषय रहेको समेत परिप्रेक्ष्यमा रिट क्षेत्राधिकारबाट हेर्न उपयुक्त हुन नसक्ने ।

काठमाडौं उपत्यका नगर विकास समितिबाट निवेदकले आफ्नो भनी दावी लिएको घरजग्गा सडकको क्षेत्र बिल्ड अप एरियाभित्र परेको नदेखिएको साथै नेपाल सरकार, सडक विभागको नाउँमा मिति २०६०।५।१८ मा नै दर्ता स्रेस्ता कायम भैसकेको जग्गाको दर्ता बदर गरी प्रमाण बुझी इन्साफ गर्नुपर्ने हक बेहकको प्रश्न रिट क्षेत्रबाट हेर्न उपयुक्त हुन सक्ने नभै निवेदन दावीअनुसार उपचार पाउन सक्ने अवस्था नहुँदा यस अदालतको असाधारण अधिकार प्रयोग गरी सार्वजनिक हित समेत सन्निहित रहेको सडक विस्तारको कार्य रोक्न मनासिब नहुँदा मागबमोजिमको आदेश जारी गर्न परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल चैत ७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०९०८, उत्प्रेषण समेत, *रामदेव यादव समेत वि. विशेश्वर यादव समेत*

फैसलामा त्रुटिवस उल्लेख भएको कित्ता नं. संशोधन नगरी दिँदा अंश मुद्दाबाट अंश पाउने ठहर भएको हकबाट सम्पत्तिको अंश मुद्दाबाट अंश पाउने ठहर भएका व्यक्तिले बञ्चित हुनुपर्ने अवस्था समेत हुने देखियो । यस्तो तथ्यगत अवस्थामा परिणाममा तात्विक फरक नपारी फैसलाको लेखाइमा कि.नं. ३ उल्लेख हुनुपर्नेमा कि.नं. १ उल्लेख भएका कारणले भएको सामान्य त्रुटि सच्याउनको लागि सप्तरी जिल्ला अदालतबाट फैसला संशोधनको आदेश भएको देखिँदा उक्त आदेश जिल्ला अदालत नियमावली, २०५२ को नियम ५१ र ५२ को शब्द र मनसायविपरीत भएको देखिन नआउने ।

फैसलामा लेखाई वा टाइपको सामान्य भूल सच्याउने आदेश गर्दा विपक्षीलाई झिकाई बुझ्नुपर्ने कानूनी व्यवस्था रहेको पाइँदैन । त्यसरी भएको संशोधनको आदेशले फैसलाका परिणाममा कुनै अन्तर नहने हुनाले त्यसबाट मुद्दाको अर्को पक्षको हक र अधिकारमा कुनै असर नपर्ने, निजलाई थप दायित्व नलगाइने, सजाय नगरिने वा सामाजिक रूपले लाञ्छित नगरिने हुँदा सुनुवाइको मौका दिनुपर्छ भन्नुको कुनै औचित्य वा प्रयोजन नहुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ असार १४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-००९२, उत्प्रेषण परमादेश समेत, *लक्ष्मीप्रसाद काफ्ले वि.दीपक कार्की समेत*

अंशसम्बन्धी हकलाई नैसर्गिक अधिकारको रूपमा यस अदालतबाट विभिन्न मुद्दाहरूमा व्याख्या गरिएको छ । काठमाडौं जिल्ला अदालतबाट वैदेशिक रोजगार मुद्दाका जाहेरवाला यस निवेदनमा विपक्षी दीपक कार्कीले सो मुद्दामा भरी पाउने भनी ठहर भएको बिगो उक्त व्यवहारमा एकाघरमा मुख्य जानकार मानिस र अन्य अंशियारहरूको लिखित सहमति नलिएको हुँदा सगोलका निवेदक लक्ष्मीप्रसाद काफ्ले समेतको सम्पत्तिसम्बन्धी संवैधानिक हक र अंशको हकलाई निरस्त हुने गरी काठमाडौ जिल्ला अदालतबाट निवेदक लक्ष्मीप्रसाद काफ्लेको नाममा रहेको कि.नं. २६९ नं.मा बनेको पूरा घर जग्गा लिलाम बिक्री गर्ने गरी प्रकाशित गरिएको सूचना कानूनसम्मत् भन्न नमिल्ने ।

दीपक कार्कीको बिगो भरीभराउ गर्ने प्रयोजनका लागि प्रतिवादी सुरेश काफ्लेको आफ्नो निजी आफूखुस गर्न पाउने स्वाआर्जन वा निजको अंश हक लाग्नबाट पूरै र सोबाहेकको सगोलको घरजग्गा सम्पत्तिबाट लिलाम बिक्री गर्दा अन्य अंशियारहरूको

मञ्जूरी भएमा बाहेक निज प्रतिवादी सुरेश काफ्लेको हक जति ६(छ) भागको एक भागसम्म लिलाम बिक्री गरी जाहेरवालाको बिगो भराउने कार्य गर्नु गराउनू भनी विपक्षी काठमाडौं जिल्ला अदालत समेतको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ असार १४ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०१९१, उत्प्रेषणयुक्त परमादेश समेत, *विश्वराज न्यौपाने वि.त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्, कीर्तिपुर समेत*

त्रिभुवन विश्वविद्यालयको कुनै शिक्षक वा कर्मचारीलाई कुनै कारणवश विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश भएकोमा उक्त आदेश बदर भई निज सेवामा पुनर्बहाली भएको अवस्थामा निजलाई सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलव भत्ता र ग्रेड वृद्धि भए त्यस्तो वृद्धि समेत निजले पाउने ।

रिट निवेदक विश्वनाथ न्यौपानेले त्रिभुवन विश्वविद्यालयका शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ९१ अनुसार निजलाई सेवाबाट हटाइएको मितिदेखि निज उक्त सेवामा पुनर्बहाली भएको मितिसम्मको पूरा तलव भत्ता र ग्रेड वृद्धि भए त्यस्तो वृद्धि समेत पाउने नै हुँदा निवेदकलाई मिति २०६२।२।२० देखि पुनर्बहाली स्वरूप हाजीर हुने मितिसम्म त्रिभुवन विश्वविद्यालय नियमानुसार निवृत्तिभरण लिएको भए उक्त रकम कटाई नियमानुसार पाउन बाँकी तलव भत्ता उपलब्ध गराउने गरी पुनर्बहाली गराउने गरी गरेको प्रत्यर्थी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०६२।७।३ को निर्णय सो हदसम्म त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ९१ को कानूनी व्यवस्थाको प्रतिकूल देखिँदा उक्त निर्णय सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । यसरी विपक्षीको उल्लिखित निर्णय बदर भएको हुँदा अब निवेदकलाई सेवाबाट हटाएको मिति २०५०।५।९ गतेदेखि कै तलव भत्ता एवं ग्रेड समेत हिसाब गरी सो अवधिमा प्राप्त गरेको निवृत्तिभरण रकम कट्टा गर्नुपर्ने भए कट्टा गरी बाँकी रकम निज विश्वनाथ न्यौपानेलाई निजको रिट निवेदन मागबमोजिम उपलब्ध गराउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०८२८, उत्प्रेषण, परमादेश समेत, *बर्दिया जिल्ला, गुलरिया नगरपालिका वडा नं. १ अवस्थित जोताहा किसान भूमिअधिकार मञ्चको तर्फबाट अख्तियारप्राप्त ऐ.का अध्यक्ष मनबहादुर सुनार वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

मुलुकमा रहेका वास्तविक सुकुम्बासी पहिचान गरी तिनीहरूको समस्या समाधान गर्न नेपाल सरकारतर्फबाट अधिकारसम्पन्न सुकुम्बासी समस्या समाधान आयोग गठन भएको मिति २०६८।९।१८ को राजपत्र विपक्षी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान नायब महान्यायाधिवक्ताले बहसको क्रममा प्रस्तुत गर्नु भएको हुँदा निवेदकले प्रस्तुत निवेदनमा उठाएको भूमीहिन जोताहा किसान, सुकुम्बासीलगायतका व्यक्तिहरूको समस्या पहिचान गरी समाधान गर्न नेपाल सरकारबाट आयोग गठन भइसकेको उक्त मितिको राजपत्रबाट देखिँदा विवादित जग्गामा वास्तविक भोग बसोबास गर्ने र हक पुग्ने व्यक्तिहरूको पहिचान गर्ने लगायतका निवेदनमा माग भएका विषयमा सरकाबाट गठन भएको अधिकारसम्पन्न आयोगले अध्ययन गरिरहेको देखिँदा सोही विषयमा अदालतले तत्कालै हस्तक्षेप गरी निर्णय गर्न पनि उपयुक्त नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल,
उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ फागुन २ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६३-WO-०८११, परमादेश समेत, *ज्ञानबहादुर गुरुङ समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- ०६३-WO-०७४८,उत्प्रेषण,परमादेश, *कैलाशनाथ पौडेल समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- ०६३-WO–११४१,उत्प्रेषण,परमादेश, *छविलाल श्रेष्ठ समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रि.नं. ०६३-WO-०९२१, अधिकारपृच्छा, उत्प्रेषणसहितको परमादेश, *पद्मराज जोशी वि. बढुवा समिति, बढुवा समितिको सचिवालय जिल्ला प्रशासन कार्यालय, दार्चुला समेत*

मूलतः कार्यसम्पादन मूल्याङ्कनबापत कुनै कर्मचारीलाई अङ्क प्रदान गर्दा ९५% भन्दा बढी वा ७५% भन्दा कम हुने गरी बिना आधार कसैलाई अति उत्तम अङ्क र कसैलाई अति कम अङ्क प्रदान गरी कर्मचारीको वृत्ति विकासमा नै नकारात्मक असर पर्न जाने असमान र भेदभावपूर्ण अवस्था सिर्जना हुन नजाओस् भनी निजामती सेवा ऐन र नियमावलीले कार्यसम्पादन मूल्याङ्कनको एउटा वस्तुपरक मापदण्ड बनाउन खोजेको देखिन्छ । सोहीअनुरूप सम्बन्धित सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले आफू मातहतको कर्मचारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरी वस्तुनिष्ठ, पारदर्शी एवं भेदभावरहित तवरले अङ्क प्रदान गरे वृत्ति विकासको आधार प्रदान गर्नुपर्ने देखिन्छ । सम्बन्धित सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले कुनै कर्मचारीलाई कार्यसम्पादनको मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा कारण नखोली अङ्क प्रदान गरेको कारणले मात्र प्राप्त गरिसकेको अङ्कले मान्यता नपाउने भन्न नहुने ।

निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा माथि विवेचना गरिएअनुरूप जिल्ला बढुवा समिति, दार्चुलाको मिति २०६३।८।२० को बढुवा सिफारिशउपर परेको उजूरीमा पुनरावेदन अदालत, महेन्द्रनगरका निमित्त रजिष्ट्रार (उपरजिष्ट्रार) ले मिति २०६३।१२।१८ मा गरेको निर्णयमा अधिकारक्षेत्रको त्रुटि नदेखिनुका साथै उक्त निर्णयहरूमा कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गरेको कामकारवाहीमा समेत कुनै कानूनी त्रुटि नदेखिँदा मागबमोजिमको आदेश जारी नहुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०६३१, उत्प्रेषण, परमादेश समेत, *पदमबहादुर कार्की वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय समेत*

निजामती सेवा नियमावलीले निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा अनिवार्य रूपमा पालना गर्नुपर्ने गरी तोकेको कानूनी व्यवस्थाको पालना नगरी भएको निवेदकको आ.व. २०६०।६१ को कार्यसम्पादन मूल्याङ्कनलाई नै आधार लिई यी निवेदकलाई प्रशासन सेवा, लेखा समूह लेखा अधिकृत पदमा बढुवा सिफारिश नगरी भएको विपक्षी बढुवा समितिको मिति २०६६।८।६ को निर्णय तथा सो सदर गर्ने गरेको विपक्षी लोक सेवा आयोगको मिति २०६६।९।२० को निर्णयबाट यी निवेदकको लेखा अधिकृत पदको जेष्ठतामा प्रत्यक्ष असर पुग्न गएको देखिने ।

यी निवेदकले यस अदालतमा प्रस्तुत निवेदन दायर गरिसकेपछि भएको विज्ञापनबाट मिति २०६७।७।३० मा भएको नेपाल सरकारको निर्णयबमोजिम मिति २०६७।७।१७ देखि लागू हुने गरी यी निवेदकले पनि प्रशासन सेवा लेखा समूह, राजपत्रांकित तृतीय श्रेणी लेखा अधिकृत पदमा बढुवा पाइसकेको भन्ने मिसिल संलग्न मिति २०६७।७।३० को नियुक्ति पत्रबाट देखिएको र सो कुरालाई स्वयं निवेदकतर्फका विद्वान कानून व्यवसायीले बहसको क्रममा व्यक्त गरेको देखियो । यसरी निवेदकको बढुवा भइसकेको अवस्थामा विपक्षी बढुवा समितिको मिति २०६६।८।६ को बढुवा निर्णय र सो सदर गर्ने गरेको लोक सेवा आयोगको मिति २०६६।९।२० को निर्णय निवेदकले दावी गरेबमोजिम बदर गर्नु औचित्यपूर्ण

नदेखिएकोले सो बदर गरिपाउँ भन्ने निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिने ।

विपक्षी लोक सेवा आयोगको उल्लिखित मिति २०६६।९।२० को निर्णयमा नै यी निवेदकको आ.व. २०६०।६१ को का.स.मू. अनधिकृत व्यक्तिले गरेको भन्ने उल्लेख भएको देखिएको तथा अनधिकृत व्यक्तिले गरेको कार्यसम्पादन मूल्याङ्कनलाई मान्यता दिन नमिल्ने र त्यस्तो अवस्थामा अगाडि पछाडिको बाँकी आर्थिक वर्षको का.स.मू. लाई आधार लिई औसतमा अङ्क गणन गर्नुपर्ने भनी यस अदालतबाट २०६१ सालको रिट नं. ३६४४ को उत्प्रेषण मुद्दामा नजीर सिद्धान्त कायम भएको देखिँदा विपक्षी बढुवा समितिको मिति २०६६।८।६ को बढुवा निर्णय मितिदेखि नै जेष्ठता कायम हुने गरी निवेदकको पनि नियुक्ति भएसरहको अभिलेख राख्नु, राख्न लगाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमल्सिना

इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०८६७, उत्प्रेषण, परमादेश समेत, *विश्शुबाबु तिवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।११।१५ को निर्णयबाट मिति २०६७।११।३ देखि जेष्ठता कायम हुने गरी नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्रांकित प्रथम श्रेणी(प्रा.) पदमा बढुवा नियुक्ति पाइसकेको भन्ने मिसिल संलग्न मिति २०६८।११।१६ को नियुक्तिपत्रबाट देखिएको र यसरी बढुवा नियुक्ति पाई रिट निवेदकको हक प्रचलन गराउनुपर्ने अवस्था बाँकी नरहेको स्थितिमा रिट निवेदनको औचित्यतामा प्रवेश गरी निर्णय गरिरहनु नपर्ने भनी *ने.का.प.* २०४८ नि.नं. ४३५२(पूर्ण इजलास) निवेदक सरस्वती एम.पाध्या वि. लोक सेवा आयोग कमलपोखरी समेत भएको उत्प्रेषण मुद्दामा सिद्धान्त कायम भएको समेत नदेखिएकोले निवेदन जिकीर सम्बन्धमा थप विचार गरिरहनु पर्ने अवस्था नदेखिने ।

मिति २०६८।११।१५ को नेपाल सरकारको निर्णयबमोजिम मिति २०६८।११।३ देखि जेष्ठता कायम हुने गरी वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा नियुक्ति पाइसकेको मिसिल संलग्न मिति २०६८।११।१६ को नियुक्ति पत्रबाट देखिएको र बढुवा नियुक्ति पाइसकेको हक प्रचलन गराउनुपर्ने अवस्था बाँकी नरहेको स्थितिमा रिट निवेदनको औचित्यतामा प्रवेश गरिरहनु नपर्ने भनी यस अदालतबाट *ने.का.प.* २०४८ नि.नं. ४३५२ मा नजीर सिद्धान्त कायम भइसकेको देखिँदा निवेदन जिकीर सम्बन्धमा विचार गरिरहनु पर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमल्सिना

इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६७-WO-०९३६, उत्प्रेषण, परमादेश समेत, *विश्शुबाबु तिवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WH-००६०, बन्दीप्रत्यक्षीकरण, *रुद्रबहादुर नेपालीको हकमा शिवबहादुर घर्ती वि. जिल्ला कारागार कार्यालय, कास्की, पोखरा समेत*

कर्तव्य ज्यान मुद्दामा पर्वत जिल्ला अदालतका फैसलाले सजाय पाएका व्यक्तिलाई नै कैद ठेकी फैसला कार्यान्वयन गरेको देखिएको, निवेदकले अदालतमा मुद्दामा सजाय गर्ने ठहऱ्याएको कसूरदार व्यक्ति नभई आफ्नो मामा स्याङ्जा बस्ने रुद्रबहादुर नेपाली रहेको भन्ने दावी लिए पनि सो कुरा मिसिल संलग्न कुनै कागजातबाट पुष्टि हुन आएको नदेखिएको तथा हाल थुनामा रहेका रुद्रबहादुर नेपाली नै फैसलाबमोजिम

सजाय पाएको रुद्रबहादुर क्षेत्री भन्ने रुद्रबहादुर सार्की रहेको भन्ने देखिँदा निजको थुना गैरकानूनी देखिन नआई कानूनसम्मत् नै देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल चैत १ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको CI-१२०६, फैसला बदर, *मु.स. गर्ने हरेन्द्र मिश्र वि. विद्यानन्द मिश्र*

हामीहरूको भारतमा भएको सम्पत्ति हाम्रो बीचमा बण्डा भइसकेको छ । नेपालको सम्पत्ति वादीले दिन इन्कार गरेको भन्दै प्रतिवादी आफूले पेश गरेको पुस्तावारी ग्रामपञ्चायत राज दहिमाताको मुखियाले १०-११-१९९८ मा नाता प्रमाणित गरेको र त्यसलाई अञ्चल पदाधिकारी उपकागावबाट समेत भएको छ भनी प्रतिवादी आफूले पेश गरेको पुस्तेवारी समर्थित हुने गरी भारतीय पदाधिकारीबाट पुस्तेवारी प्रमाणित भएको भनी जिकीर लिएकोमा त्यसलाई वादी पक्षबाट तथ्ययुक्त ठोस प्रमाणबाट खण्डन गरेको पाइएन । प्रतिवादीले वादीबाट पेश भएको पुस्तेवारी सत्य नभएको भन्दै खण्डन गरी अर्को पुस्तेवारी पेश गरेकोमा त्यसलाई विपक्षीले अन्य तवरबाट खण्डन नगरेको अवस्थामा मिसिल संलग्न प्रमाणको आधारमा वादी प्रतिवादीहरू मूल पुर्खाभित्रको देखिएकोले र त्यसलाई खण्डन हुने वस्तुनिष्ठ ठोस प्रमाण बेगर प्रमाणमा आएको दे.नं. १४६६ को अंश मुद्दामा यी वादी प्रतिवादी अंशियार भएको भन्ने कुरालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी प्रयाग मिश्रले बण्डा छुट्टयाई लिएपश्चात् अम्बिका मिश्रको हाँगातर्फका लक्ष्मण मिश्रको पत्नी कैलासियादेवीले दिएको अंश मुद्दामा तायदाती प्रस्तुत गर्दा र बण्डा छुट्टयाउँदा समेत प्रयाग मिश्रले २०५७।३।१ मा बण्डा छुट्टयाई बाँकी रहेको सम्पत्ति मात्र प्रस्तुत भई बण्डा छुट्टयाएको समेत देखिन आएको छ । यस बाहेक दुर्गा मिश्रको अंश हक खाने शम्भु मिश्र र पुनरावेदक वादी सरहकै अंशियार कैलासिया समेतले प्रत्यर्थी प्रयाग मिश्रले दिएको अंश मुद्दा र बण्डालाई अन्यथा दावी नगर्नुले पनि निज प्रयाग मिश्र अंशियार भन्दा बाहेकका भनी सम्झन नमिल्ने ।

प्रयाग मिश्र सगोलको अंशियार भई कानूनबमोजिम अंश पाएको देखिएको र अन्य अंशियारहरूको हक हनन् भएको भन्न नमिल्ने अवस्थामा वादी दावी नपुग्ने ठहऱ्याउनु पर्नेमा त्यसो नगरी फैसला बदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टि भई शुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ साल फागुन १४ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६३ सालको CR-०६८६,कीर्ते जालसाजी, *मु.स. गर्ने हरेन्द्र मिश्र वि. शम्भु मिश्र*
- २०६३ सालको CR-०६८७, जालसाजी, *मु.स. गर्ने हरेन्द्र मिश्र समेत वि. विद्यानन्द मिश्र*
- २०६३ सालको CR-०६८८, जालसाजी, *मु.स. गर्ने हरेन्द्र मिश्र वि. विद्यानन्द मिश्र*
- २०६३ सालको CI-१२०४, लिखत दर्ता बदर, *मु.स. गर्ने हरेन्द्र मिश्र समेत वि. शम्भु मिश्र*
- २०६३ सालको CI-१२०५, लिखत दर्ता बदर, *मु.स. गर्ने हरेन्द्र मिश्र समेत वि. विद्यानन्द मिश्र*

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६८-RC-००४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कविराम सार्की*

प्रतिवादीउपरको किटानी जाहेरी, अधिकारप्राप्त अधिकारीसमक्ष भएको प्रतिवादीको साविती बयान, घटनाको तत्काल पछि घटनाका सम्बन्धमा कागज गर्ने प्रेमा रानाको कागज एवं सो कथनलाई समर्थन हुने गरी नारायणबहादुर मजकोटी समेतले अदालतमा आई गरिदिएको बकपत्र समेतका मिसिल संलग्न कागजातबाट यी प्रतिवादी कविराम सार्कीले मृतक बिसरा नेपालीको शरीरमा मट्टितेल छर्की आगो लगाई कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन

आएको र निज प्रतिवादीको इन्कारी बयान कहीं कतैबाट समर्थित हुन नआएकोले यी कविराम सार्कीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

वारदात हुनुमा मादक पदार्थ सेवन मुख्य कारक तत्वको रूपमा रहेको र मृतक र प्रतिवादी दुबै जनाले मादक पदार्थ सेवन गरेको देखिन्छ। मृतकलाई मार्नुपर्ने सम्मको कुनै कारण नभई बिना पूर्व योजना आपसी विवाद हँदा तत्काल उठेको रिसको कारण प्रतिवादीले बलिरहेको सीसाको बत्तीको मट्टितेल छर्की मृतकको शरीरमा आगो लगाई दिएबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि हुन आउँछ। तसर्थ, प्रतिवादीको उमेर, निजको शारीरिक अवस्था एवं घटनाको परिस्थिति समेतलाई मध्यनजर राख्दा प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा ५ वर्षको सजाय हुन पेश गरेको शुरू जिल्ला अदालतको रायलाई सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल बैशाख २९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०५७६, उत्प्रेषणयुक्त परमादेश, *ध्रुवनारायण श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यस्तै विषयवस्तुका सन्दर्भमा "पदावधि बाँकी छँदै बिना आधार र कारण निवेदकलाई पदमा निरन्तरता नदिई पदबाट हटाई विपक्षीमध्येका गणेशबहादुर भट्टराई समेतका व्यक्तिलाई नयाँ कार्य समितिको सदस्यमा मनोनयन गर्ने गरी मन्त्रिस्तरबाट निर्णय भएको देखिएकोले मन्त्रिस्तरको मिति २०६६।६।८ को निर्णय कानूनविपरीत भै मिलेको नदेखिँदा सो निर्णय निवेदकको हकमा सदर हुने" भनी निवेदक डिम्मी शेर्पा विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको २०६६-WO-०२९५ मा यस अदालत संयुक्त इजलासबाट सिद्धान्त प्रतिपादन (*सर्वोच्च अदालत बुलेटिन* वर्ष १९, अङ्क १८, पुस २, २०६७ पूर्णाङ्क ४४४) भएको देखिँदा उक्त मुद्दामा प्रतिपादन भएको सिद्धान्त र माथि उल्लिखित बुँदा समेतका आधारमा निवेदकहरूलाई बोर्डको् सदस्य पदबाट हटाउने गरी भएको मिति २०६८।९।१८ को मन्त्रिस्तरको निर्णय कानूनसम्मत् नदेखिँदा पदावधि बाँकी छँदै निवेदकहरूलाई नेपाल पर्यटन बोर्डको कार्यकारी समितिको सदस्य पदबाट हटाई निजहरूको स्थानमा अमरबहादुर शाही समेतलाई मनोनयन गर्ने गरी मन्त्रिस्तरबाट मिति २०६८।९।१८ मा भएको निर्णयको अंश समेत कानूनविपरीतको भई निवेदकहरूको हकमा भएको उक्त निर्णयको अंश(खण्ड) सम्म उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदक ध्रुबबहादुर श्रेष्ठ र रेवतबहादुर थापालालाई मनोनयन भएको कार्य समितिको सदस्य पदमा मनोनयन भएको मितिले ३ वर्षसम्म निर्बाध रूपमा कार्यसञ्चालन गर्न दिनु भनी विपक्षी पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय समेतका नाउँमा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असार २४ गते रोज २ शुभम्।

- यसै लगाउको २०६८-WO-०६२७, उत्प्रेषण प्रतिषेध, *ध्रुबनारायण श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०६५१, भ्रष्टाचार, *शिवराम खड्का वि. नेपाल सरकार*

प्रतिवादी शिवराम खड्काले भण्डारपाल पदको बढुवा फाराम हस्ताक्षर गरी फारामसाथ सरस्वती बहुमुखी क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तहमा २६८ अङ्क (५३.१०%) ल्याई उत्तीर्ण गरेको भनी अस्थायी प्रमाणपत्र पेश गर्नुका साथै आफूले प्राप्त गरेका प्रमाणपत्रको ट्रान्सक्रिप्ट सर्टिफिकेट लिन स्वयं त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुमा उपस्थित भई निवेदन दिएकोमा उक्त कार्यालयले आफ्नो कार्यालयमा रहेको अभिलेखसँग भिडाई यी प्रतिवादीले प्राप्त गरेका भनिएका प्रवीणता प्रमाणपत्र नक्कली देखिएको भनी सो प्रमाणपत्र जारी गर्ने आधिकारिक

निकायबाट नै उल्लेख गरेको देखिएकोले प्रतिवादीले बढुवा प्रयोजनको लागि नक्कली प्रमाणपत्र पेश गरी आरोपित कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई अभियोग दावीबमोजिम कसूरदार ठहरी सजाय हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६६-CI-१०७७, ०६६-CI-१३१८, अंश चलन, *गोरेलाल चौधरीको हकमा अनुमति लिई आरतीकुमारी चौधरीको संरक्षक भई आफ्नो हकमा समेत नागरिकतादेवी चौधरी वि. नकुलाल चौधरी, नकुलाल चौधरीको हकमा हकदार संरक्षक पत्नी भई आफ्नो हकमा समेत पत्नी चित्रलेखा चौधरी वि. गोरेलाल चौधरीको हकमा अनुमति लिई नाबालक छोरी आरतीकुमारी चौधरीको हकमा संरक्षक भई आफ्नो हकमा समेत नागरिकतादेवी चौधरी*

कि.नं. ५१६ र ३९२ का जग्गाहरू पल्टन माझीबाट मिति २०६०।१।२५ मा प्रतिवादी चित्रलेखा चौधरीले राजीनामाबाट खरीद गरेको मिसिल संलग्न राजीनामाको प्रतिलिपिबाट देखिन्छ । यसरी प्रतिवादी चित्ररेखा जनस्वास्थ्य कार्यालयमा मा.शि.का पदमा काम गर्ने कर्मचारी भएको देखिएकोले उक्त जग्गा निजले निजी तवरबाट खरीद गरेको भनी लिएको जिकीर स्वाभाविक नै देखिन्छ । नोकरीमा कार्यरत् एक महिलाले केही सम्पत्ति आफ्नो नाममा खरीद गरेको अवस्था छ । प्रतिवादी चित्रलेखा परिवारकी सञ्चालिका वा कारोवारकर्ता पनि होइनन् । यी सम्पत्तिलाई पैतृक सम्पत्तिबाट बढे बढाएको मान्न सकिने कुनै प्रमाण मिसिलमा फेला पर्दैन । कुनै पैतृक सम्पत्ति सो समयमा बिक्री भएको वा सो जग्गा खरीद गर्नेसम्मको रकम पारिवारिक खर्च कटाई बाँकी रहन सक्ने अवस्था पनि वादी पक्षबाट देखाउन सकेको र मिसिलबाट देखिएको अवस्था पनि छैन । आम्दानीको र सम्पत्ति खरीद गर्दा लगानी भएको रकमको बीच तादात्म्यता पनि देखिन्छ । मूल पुरूष आशारामको २०६३ सालमा मात्र देहान्त भएको छ । पैतृक सम्पत्तिबाट बढे बढाएको मान्न घरको मुख्य व्यक्ति ससुरा रहँदारहँदै बुहारीका नाममा सम्पत्ति खरीद भएको मान्न सकिन्न । कारण ससुरा हजूरबाबुको पनि वादीहरूप्रति कुदृष्टि रहेको दावी जिकीर वादीको छैन । तसर्थ, यस किसिमको सम्पत्तिलाई प्रतिवादी चित्रलेखाको अंशबण्डाको १८ नं. अनुरूपको स्वआर्जनको मान्नुपर्ने ।

ऐलानी जग्गामा बनेको घर निजी आर्जनको भनी प्रतिवादीले जिकीर लिए पनि सो जग्गा के कसरी निजको मात्र निजी ठहर्नु पर्ने हो भन्ने सम्बन्धमा कारण आधार उल्लेख गरी वस्तुनिष्ठ सबूद प्रमाण पेश गर्न सकेको देखिँदैन । घर व्यक्तिहरूको बसोबासका लागि आधारभूत आवश्यकता हो । यस परिवारबीच विभिन्न घरहरू रहेको अवस्था पनि देखिँदैन । सम्पत्ति आर्जनमा प्रत्यक्ष लगानी मात्र नभै श्रम, सम्भार र समय समेतका माध्यमले परोक्ष लगानी पनि हुन्छ । सम्पत्तिको आर्जनमा परोक्ष लगानीको कुनै मूल्य नै हुँदैन भन्नु न्यायसंगत् हुँदैन । यस्तो अवस्थामा सो घर सगोलको आर्जनबाट निर्माण भएको मान्नुपर्ने ।

बाबु आमाको नाममा रहेको सम्पत्ति निजका सन्तानहरूका लागि पैतृक हुन्छ, जसमा विवाद छैन । सबै परिवार सगोलमा रहेको समयदेखि नै पिताको नाउँमा रहेको मोही हक, पिताको मृत्युपश्चात् कुनै एक छोराले मोही नामसारी गराउँदैमा अन्य छोरा सन्तानहरूको अंश हक लाग्दैन भन्ने अर्थ गर्न मिल्दैन । अतः प्रतिवादी नकुलाल चौधरीले स्वयं स्वतन्त्ररूपमा आफैं मोही भै जग्गा कमाई सो जग्गा प्राप्त गरेको नभै निजको बाबु मोही भएको जग्गाबाट बाबु मोही भएबापत प्राप्त गरेको देखिएको अवस्थामा अन्य अंशियारको अंश हक लाग्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६६-CI-००४८, अंश चलन, *रामचरण मेहता वि. अनिताकुमारी मेहता*

अंशबण्डाको महलको १७ नं. बमोजिम विवाह नभएको छोराछोरीको विवाह खर्च पर सार्ने व्यवस्था भएको र सोबमोजिम विवाह खर्च दिएकोलाई अन्यथा भन्न मिल्ने हुँदैन। विवाह खर्च विवाह गर्दा लाग्ने खर्चको लागि छुट्याउने निश्चित् सम्पत्ति हुँदा विवाह खर्चबापतको सम्पत्ति छुट्याइनु वा विवाह गर्न बाँकी रहेका व्यक्तिलाई त्यस्तो खर्चबापतको सम्पत्ति दिनुलाई नै विवाह भएको वा अंश दिएको मान्न मिल्दैन। विवाह खर्च प्राप्त गरेपछि त्यस्ता अंशियारले विवाह खर्चमा दावी गर्न पाउँदैनन्। तर विवाह खर्च पाएकै कारणले मात्र अंशमा दावी गर्ने हक समाप्त भएको सम्झन नमिल्ने ।

गाउँ विकास समितिको कार्यालय, देवानगञ्ज सुनसरीको २०६११७११८ च.नं. १८० को सिफारिश पत्रबाट वादी अनिताकुमारी अविवाहित रही दाजु बच्चा मेहतासँग देवानगञ्ज २ मा बसोबास गरी आएको भन्ने देखिन्छ। त्यसलाई पुनरावेदक प्रतिवादीले अन्यथा प्रमाणित गराउन नसकेको अवस्थामा सम्बन्धित गाउँ विकास समितिको उल्लिखित सिफारिश पत्र समेतलाई आधार लिँदै वादीले विवाह गरेको भन्ने कानूनबमोजिम ग्राह्य प्रमाणको अभाव रहेको भनी वादी अनिताकुमारीले प्रतिवादी रामचरण मेहताबाट २ भागको १ भाग अंश छुट्टयाई लिन पाउने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६७-CI-०३०८, अंश नामसारी, *जगदीश लोध वि. कुचुरी भन्ने गोजरी लोधिनन*

पुनरावेदक प्रतिवादी जगदीश लोधले शुरू जिल्ला अदालतमा पेश गरेको मिति २०६३।४।१६ मा स्थानीय पञ्जिकाधिकारीको कार्यालय करौता, रूपन्देहीमा दर्ता भएको प्रतिवादी राजाराम लोधको मृत्यु दर्ताको प्रमाणपत्रमा समेत मृतकको नागरिकता नं. ३३३१६/२०३६।१।१२ भन्ने नै जनिएको देखिएबाट मुद्दा पर्नु अगावै कानूनबमोजिम दर्ता भएका अभिलेखबाट प्रत्यर्थी वादी गोजरी प्रतिवादी राजारामकी पत्नी भएको भन्ने तथ्य स्थापित भैरहेको देखिन्छ। सरकारी कार्यालयमा कानूनबमोजिम दर्ता भएका अभिलेखबाट देखिएको कुरा अन्यथा प्रमाणित नभएसम्म मौखिक रूपमा जो जसले जे जस्ता कुराहरू व्यक्त गरे पनि सरकारी कार्यालयमा मुद्दा पर्नु अगावै कानूनबमोजिम अभिलेखको रूपमा दर्ता भएका कुराहरूले नै मान्यता पाउने हुन्छ। सरकारी अभिलेखबाटै प्रत्यर्थी वादी प्रतिवादी राजारामकी पत्नी भन्ने देखिएको अवस्था हुँदा पुनरावेदन अदालतले निजलाई प्रतिवादी राजाराम लोधकी पत्नी तथा प्रतिवादी सोमराती लोधकी सौता नाता ठहऱ्याएको अन्यथा देखिन नआउने।

मुलुकी ऐन, अंशबण्डाको महलको १ नं. को कानूनी व्यवस्थाबमोजिम अंश नछुट्टिएका अंशियारले आफ्नो अंश हकमा दावी गर्न सक्ने नै देखिन्छ। मिसिल संलग्न प्रमाण कागजबाट प्रत्यर्थी वादी प्रतिवादीहरूको अंशियार भएको भन्ने देखिएको र निजले अंश पाएको भन्ने मिसिल प्रमाणबाट पुष्टि भएको अवस्था छैन। यस अवस्थामा प्रतिवादी राजारामका दुई पत्नी र निजहरूतर्फका ५ छोराहरू समेत जम्मा ८ अंशियार भएकोमा मुद्दा विचाराधीन रहेकै अवस्थामा प्रतिवादी राजारामको मृत्यु भएको भन्ने देखिई ७ अंशियार कायम रही ७ भागको १ भाग अंश प्रत्यर्थी वादीले छुट्टयाई पाउने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६७-CI-०५०३, अंश नामसारी, *प्रभावती अहिर वि. केवला अहिर*

पुनरावेदक प्रतिवादीले वादीको पति सुब्बा यादव नभई कल्पु भन्ने कल्लु यादव भएको र निज वादीबाट जन्मेको छोरा लोग्ने सुब्बा यादवको नभई कल्पु भन्ने कल्लु यादवबाट जन्मेको भनी नातामा विवाद देखाएको अवस्था छ। वादी सुब्बा यादवकी पत्नी भन्ने देखिएमा निजले निज सुब्बा यादवको अंशियारको नाताले निजको सम्पत्तिमा दावी गर्न सक्ने देखिँदा वादीको नाताको निर्क्योल नै प्रमुख विषयको रूपमा रहेको देखिन्छ। वादीका पति कल्लु यादव र

निजको छोरा रामा यादव भनी प्रतिवादीले प्रतिउत्तर पत्रमा उल्लेख गरेपछि निज कल्लु यादव र रामा यादवलाई बुझी वादी र प्रतिवादीबीचको नाता यकीन भएपछि अंशतर्फको विषयमा प्रवेश गर्नुपर्ने हुन्छ । तर शुरू अदालतले नातातर्फ नामसारी मुद्दाको सन्दर्भमा भएको सर्जमीनसम्मलाई आधार लिई त्यसतर्फ बुझ्नुपर्ने अन्य प्रमाण नबुझी नातातर्फ यकीन नगरी वादी सुब्बा यादवकी पत्नी नभएको भनी दावी खारेज गर्ने गरेको देखिँदा उक्त फैसलालाई बदर गरी पुनः त्यसतर्फ आवश्यक प्रमाण बुझी वादी कसकी श्रीमती हुन् भन्ने सम्बन्धमा सबूद प्रमाणको न्यायिक मूल्याङ्कन गरी ठहर इन्साफ गर्नु भनी मिसिल शुरूमा पठाएको पुनरावेदन अदालतको फैसला कानून तथा न्यायको सन्दर्भमा अन्यथा देखिन नआउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६६-CI-०६१७, अंश नामसारी, *किस्मती मुराव समेत वि. शिवपुजन मुराव*

बण्डापत्रको लिखत पारीत हुनैपर्ने मूल कानूनी प्रावधान हो । यो अंशबण्डाको ३० नं. को ऐन प्रारम्भ भएको २०३४।९।२७ पछि भने रजिष्ट्रेशनको १ नं. अनुसार बण्डापत्र पारीत छैन भने जे जस्ता प्रमाण भए पनि कानूनले अंशियारबीच बण्डा भएको मानिन सक्दैन । तर, सो ऐन प्रारम्भ हुनुपूर्व भने अंशबण्डाको घरसारी लिखत भएमा वा लिखतै नभएको स्थितिमा पनि बण्डा भएको मानिन सक्ने विधिकर्ताले प्रवन्ध गरेको छ । यो प्रवन्धलाई संक्षिप्तमा सम्बोधन गर्नु पर्दा व्यवहार प्रमाणबाट अंशबण्डा भएको मानिने स्थिति हो । व्यवहार प्रमाणबाट अंशबण्डा भएको मानिन अंशबण्डाको ३० नं. ले निम्न पूर्वावस्था विद्यमान रहनु पर्ने भएको छः-

१. सबै अंशियारबीच घरसारमा अचल सम्पत्तिको नरमगरम मिलाई विभाजन भएको छ ।
२. ती विभाजित सम्पत्ति सम्बन्धित अंशियारले लिई पाई निजका नाममा दर्ता दाखिल खारेज भएको छ,
३. बण्डाबमोजिम दाखिल खारेज भएको छैन भने पनि आफ्नो भागमा परेको सम्पत्ति छुट्टाछुट्टै भोगबिक्री व्यवहार भएको छ ।

उपरोक्त अन्तर्वस्तुको विद्यमानता रहेको प्रमाण भार जसले व्यवहार प्रमाणबाट बण्डा भएको छ भन्ने जिकीर लिएको हुन्छ उसैमा नै रहन्छ । प्रमाण ऐन, २०३१ को दफा २७(२) को अंश माग गर्ने वादीलाई सो दिई वा बुझाई सकिएको छ भन्ने कुरा प्रतिवादीले प्रमाणित गर्ने भार बहन गर्नु पर्दछ भने सोही ऐनको दफा २८ ले पनि व्यवहार प्रमाणद्वारा अंश दिइएको अन्तर्वस्तुको विद्यमानतामा अदालतलाई विश्वास दिलाउन चाहने पक्षले नै प्रमाणको भार वहन गर्नुपर्ने ।

अंशबण्डाको ३० नं. मा वर्णित अन्तर्वस्तुको विद्यमानतामा भूमिसम्बन्धी ऐनअन्तर्गतका अनुसूची र मतदाता नामावली जस्ता आधार व्यवहार प्रमाणबाट अंशबण्डा भएको मानिन पुष्टि गर्ने सहप्रमाण हुन सक्दछन् । मूल प्रमाणको अभावमा सहप्रमाणले निर्णायक स्थान लिन सक्दैनन् । प्रमाणहरूको शृङ्खलामा संकलित सबै प्रमाणको समान भूमिका हुँदैन । मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्ने कुरा प्रमाण हुने प्रमाण ऐन, २०३१ को दफा ३ द्वारा अभिनिश्चित छ । कुनै प्रमाणले मुद्दामा न्यायकर्तालाई निश्चित् अवधरणा बनाउन असंदिग्ध भूमिका खेल्दछ भने कुनै प्रमाण न्यायिक धारणा बनाउन त्यति बढी सन्तुष्टि दिन नसक्ने प्रकृतिको हुन्छ । यही आधारमा मूल प्रमाण र सहप्रमाणको विभेद गर्ने र गरिनु पर्ने हुन्छ । व्यवहार प्रमाणबाट अंशबण्डा भए नभएको निष्कर्ष निकाल्न पर्दा दर्ता स्रेस्ता, अभिलेख, पारीत लिखत र भोग बिक्री व्यवहार स्थापित गर्ने प्रकृतिको सार्वजनिक निकायका अभिलेख जस्ता कुरा मूल प्रमाण हुन् भने यी कुरालाई परोक्ष रूपमा समर्थन गर्ने सहप्रमाण हुन् । लिखत प्रमाणको वर्गीकरण गर्दा ती कुन कानूनअन्तर्गत के प्रयोजनका लागि खडा भएका हुन् भनी हेरिनु पर्ने ।

वादी र प्रतिवादीबीच अंशबण्डा भएको लिखत नभएको, एकापसमा लेनदेन कारोवार वा व्यवहारबाट भएको भन्ने पनि नदेखिएको र प्रत्यर्थी वादीले अंशबण्डाको ३० नं. बमोजिम आफ्नो भाग शान्तिबमोजिम अचल सम्पत्ति लिई छुट्टै भोग व्यवहार

गरेको भनी प्रतिवादीले प्रमाण दिन सकेको समेत नदेखिएको समेतका आधार प्रमाणबाट वादीले प्रतिवादीबाट निजी आर्जन उखडाबाट प्राप्त सम्पत्ति बाहेकको सम्पत्तिबाट अंश पाउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६७-CI-०८६३, अबण्डा जग्गा बण्डा, *विष्णुमणि उपाध्याय वि. दुर्गाप्रसाद उपाध्याय*

विवादित जग्गामध्येबाटै केही जग्गा पहिल्यै कसैलाई बिक्री गरको वा बकस दिँदा विरोध नगरेको भन्ने आधारमै त्यस्तो जग्गा निजी र आफूखुश गर्न पाउने गरी स्वीकार गरेको भनी अर्थ गर्नु कानूनसंगत हुने देखिँदैन । विवादित जग्गामा प्रत्यर्थी वादीको अंशहक रहेको देखिएको र निजले आफ्नो हकमा दावी गर्नसक्ने नै हुँदा वादी दावीबमोजिम हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला अन्यथा देखिन नआउने ।

विवादित कि.नं. ९८ को जग्गामा प्रत्यर्थी वादीले आफ्नो अंश हकसम्ममा दावी गर्न सक्ने नै देखिएकाले वादी दावी नपुग्ने ठहऱ्याएको शुरू धनुषा जिल्ला अदालतको मिति २०६४।२।१४ को फैसलालाई उल्टी गरी फिराद दावीबमोजिम विवादित कि.नं. ९८ को ०-३-१०-२ जग्गामध्ये दक्षिणतर्फबाट ०-१-१५-१ जग्गामा वादीको अंश हक कायम भई वादीको नाममा दर्ता समेत हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६६-CI-१२२२, अंश चलन, *सुर्जमान रञ्जितकार वि. वीरप्रसाद भण्डारी समेत*

मुद्दामामिलामा अन्तिम निर्णय गर्नुपूर्व कारवाहीको क्रममा गरिएका प्रक्रियागत आदेशहरू प्रमाण बुझ्ने वा मुद्दाको अङ्ग पुऱ्याउने उद्देश्यले गरिने अन्तर्कालीन आदेश कार्यविधिगत प्रक्रियासँग सम्बन्धित हुने भएकोले त्यस्तो आदेशलाई मुद्दाको अन्तिम निर्णयको रूपमा लिन मिल्ने हुँदैन । नाता सम्बन्धको ठहर निर्णयले हकको सिर्जना गर्दछ । हक छ वा छैन भन्ने कुराको निर्णय नाता सम्बन्धसँग गाँसिएर आएको छ भने हकको निणय गर्नुपूर्व नाता सम्बन्ध यकीन गर्नुपर्ने हुन्छ । नाता सम्बन्धको निर्णय हकसँग जोडिएको सारभूत कानूनको विषय देखिँदा त्यस्तो विषयलाई कार्यविधिगत प्रक्रियासँग जोडेर हेर्न नमिल्ने हुँदा फैसलामा अंशतर्फको हकको निर्णय गर्नुपूर्व नातातर्फको विवादलाई निरूपण गर्नु अनिवार्य हुने ।

अंशबण्डाको महलमा भएको कानूनी व्यवस्थाअनुरूप यी वादी र प्रतिवादीबीचको नाता सम्बन्ध र अंशियार के कसरी देखिएको छ भन्ने सबूद प्रमाणको विवेचना गरी निर्णय गरेर मात्र वादीले अंश पाउने वा नपाउने, अंश पाउने भए के कति पाउने भन्ने कुराको निर्णय गर्नुपर्ने हुन्छ । नातातर्फको निर्णय नगरी अंशतर्फको मात्र निर्णय गरेको शुरूको फैसला मुलुकी ऐन, अदालती बन्दोबस्तको १९२ नं. को सन्दर्भमा अपूरो देखिन आएकोले शुरूको फैसला बदर गरी पुनः निर्णय गर्न पठाएको पुनरावेदन अदालतको फैसला अन्यथा देखिन नआउने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-०५६६, मोही नामसारी, *देवेन्द्रराज सिग्देल वि. भल्लर चमार*

दावीको कि.नं. २३१ को जग्गामा २०२१ सालदेखि नै घसिटे चमारको नाम जनिएको अवस्थामा मोही घसिटे चमारको २०४१।६।१५ मा मृत्यु भएकोमा सो व्यहोरालाई अन्यथा हुने गरी २०४९ सालमा उनाउ व्यक्ति घिर्रत चमारलाई विपक्षी बनाई भूमिसुधार कार्यालय, बर्दियाबाट वास्तविक मोहीलाई गुमराहमा पारी उनाउ व्यक्तिलाई प्रतिवादी बनाई परेको मुद्दामा निर्णय गर्ने कार्यले यी प्रत्यर्थी वादीका पिता घसिटे चमारका नाउँमा जनिएको मोहीलाई असर गर्न नसक्ने ।

घसिटे चमार साविक कि.नं. २३१ को हाल कि.नं. २६१८ को जग्गाको मोही भएको भन्ने कुरालाई पुनरावेदकले अन्यथा भन्न नसकी दावीको जग्गाबाट घसिटे चमार मृत्यु नहुन्जेलसम्म निजको मोही कायम

रहेको देखिएको र निजको मृत्युपछि निजको हकवाला एकमात्र छोरा भल्लर चमार भएको देखिएको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम दावीको जग्गाको मोहियानी हक निज घसिटे चमारका छोरा भल्लर चमारका नाउँमा सर्ने स्पष्ट हुँदा दावीको जग्गामा वादीको मोही नामसारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६८ सालको ०६८-CI-०५६७, मोही नामसारी, *नरहरि उपाध्याय सिग्देल वि. भल्लर चमार*
- २०६८ सालको ०६८-CI-०५६८, मोही नामसारी, *स्थानेश्वर सिग्देल वि. भल्लर चमार*
- २०६८ सालको ०६८-CI-०५६९, मोही नामसारी, *दुर्गाप्रसाद सिग्देल वि. भल्लर चमार*

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-०६६६, अवैध मोही लगत कट्टा, *रामपुकार साह वि. लक्ष्मीनिया देवी*

साविक जग्गाधनी गिरजादेवीकै पालादेखि दावीको कि.नं. २६७ को जग्गामा मोहीको व्यहोरामा राम विलास हजार समेत जनिएको र सो व्यहोरामा साविक जग्गाधनीले स्वीकार गरी बसेको एवं हालको जग्गाधनीको नाउँमा उक्त कि.नं. २८७ हस्तान्तरण भै आई जग्गाधनी प्रमाण पूर्जामा मोहीको नाम रामविलास हजारा जनिइरहेको देखिन्छ । यस्तो अवस्थामा अन्यथा रूपमा जनिन गएको मोहीको नाम लगत कट्टा गरिपाऊँ भनी २०६० सालमा परेको यी पुनरावेदक वादीको निवेदनलाई आधार मानी साविकदेखि नै किसान तथा मोहीको महलमा नाम जनिइरहेको प्रतिवादीका पति रामविलास हजाराका नाम मोही नामबाट लगत कट्टा गरी दिन न्याय, कानून र विवेकको रोहमा मिल्ने नदेखिँदा साविकदेखि नै प्रत्यर्थी प्रतिवादीका पति रामविलास हजाराको नाममा दावीको कि.नं. २६७ को जग्गामा मोही जनिएको अवस्थामा मोहीको लगत कट्टा गर्न मनासिब नहुने हुँदा दावीको जग्गामा मोही यथावत् कायम रहने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** मुद्दा नं. २०६७-CR-०३०२, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. हफिज मियाँ धोवी समेत*

प्रतिवादी हफिज मियाँ धोवी, आलम मियाँ धोवी र मुस्तफा मियाँ धोवीले अदालतमा बयान गर्दा कसूरमा इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादी हफिज मियाँ धोवीले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा पनि आफूले कसूर गरेको कुरा स्वीकार गरेको देखिँदैन । निजले अदालतमा बयान गर्दा आफू ७० वर्ष पुगेको, आँखा देख्न सक्तिन, साथै दुबै खुट्टा नचल्ने भएकाले दिशापिसाब गर्न पनि सक्तिन भनी कसूरमा इन्कार रही बयान गरेका छन् भने निजका साक्षी मोहन महतोले बकपत्र गर्दा निज अपाङ्ग छ हिँडडुल गर्न सक्तैन, एकै ठाउँमा सुतिरहन्छ भनी निजको बयान पुष्टि हुने गरी बकपत्र गरेको पाइन्छ । एक्सरे मेशिन राख्ने विषयमा पीडित रामप्रसाद यादव र प्रतिवादी आलम मियाँबीच सामान्य मनमुटाव भएको मिसिलबाट देखिए पनि यही कारणबाट भारतीय व्यक्ति प्रतिवादी दिवाकर सिँह र फरार प्रतिवादी मुन्ना भन्ने अब्दुल खाँनलाई पैसा दिई बोलाई मार्न लगाए होलान् भनी अनुमान गर्न प्रमाणको अभावमा मिल्ने नदेखिने ।

वस्तुनिष्ठ प्रमाणको अभावमा ज्यान मार्ने उद्योग जस्तो गम्भीर फौजदारी अभियोगमा सजाय गर्न फौजदारी न्यायको सिद्धान्तले पनि मिल्ने देखिँदैन । हुनत षड्यन्त्र गर्ने कार्य पर्दा पछाडि लुकेर गर्ने कार्य भए तापनि यो यस्तो प्रकारले पुनरावेदक प्रतिवादीहरूले उक्त कसूर गर्नका लागि षड्यन्त्र गरेको हुन् भनी वादी पक्षले प्रमाण पुऱ्याउनुपर्ने हुन्छ । पीडितले कागज गर्दा आलम मियाँ, हफिज मियाँ समेतको संलग्नता छ भने पनि अदालतमा बकपत्र गर्दा शुरू कागजमा उल्लेख भएका कृष्णप्रसाद पटेल, रमेशप्रसाद साह तेलीको संलग्नता छैन भनी उल्लेख गरेको देखिन्छ । को को भै षड्यन्त्र गरी अपराध गरेको हुन् भन्ने

सम्बन्धमा यी पीडितको भनाई पटक-पटक फरक-फरक पाइएको अवस्थामा अन्य स्वतन्त्र प्रमाणबाट यिनीहरूको संलग्नता पुष्टि नभएको अवस्थामा यी प्रतिवादीहरूलाई कसूरदार मान्न मिल्ने नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रतिवादीहरूको कसूर प्रमाणित गर्ने भार वादी पक्षमा हुन्छ । यस अपराधमा लागू औषधसम्बन्धी अपराधमा झैं प्रमाणको भार प्रतिवादीमा जिम्मा लगाएको देखिँदैन । तथ्ययुक्त सबूद प्रमाणहरूबाट यी प्रतिवादीहरूले षड्यन्त्र गरेको भन्ने अभियोग दावी पुष्टि हुन आएको छैन । निश्चयात्मक युक्तियुक्त प्रमाणहरूको अभावमा कसैलाई दोषी करार गर्दा न्यायका मान्य सिद्धान्तहरूको विपरीत हुन्छ । यसले गर्दा पुनरावेदक प्रतिवादीहरूको कसूर पुष्टि हुन नआएको अवस्थामा निजहरूलाइ् कसूरदार ठहर गरी ज्यानसम्बन्धीको १६ नं. अनुसार कैद वर्ष सातका दरले कैद सजाय गरेको शुरू पर्सा जिल्ला अदालतको फैसला केही उल्टी गरी निजहरूले सफाइ पाउने ।

इजलास अधिकृतः दीपक दाहाल, विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६५-CR-०६४२, सवारी ज्यान, *नेपाल सरकार वि. पदम तामाङ*

प्रतिवादी पदम तामाङले चलाएको बा.१ ख ५८०४ नं. को मिनीट्रक दुर्घटना हुँदा त्यसमा रहेका मानिसहरूमध्ये बिनीता लामाको मृत्यु भएको र अन्य केही मानिसहरू घाइते भएको भन्ने तथ्यमा विवाद देखिएन । प्रतिवादी पदम तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा च्यासिङ्खर्क ५ स्थित कामीडाँडा नागपोखरीस्थित ओरालोमा ब्रेक फेल भएर गाडीको गति कम गरी विस्तारै आई राखेकोमा एक्कासी गाडीको ब्रेक फेल भएकोले रोक्न नसकी बायाँपट्टि पल्टिन गएको हो भनी उल्लेख गरेको देखिन्छ । प्रहरी जवान तुलाबहादुर श्रेष्ठले दुर्घटना भएको गाडी चेक जाँच गरी दिएको प्रतिवेदन व्यहोराबाट समेत उक्त बा.१ख ५८०४ नम्बरको महेन्द्र निशान मिनीट्रकको मेकानिकल जाँच गर्दा सो गाडीको ब्रेक नलागेको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । सवारीमा ब्रेक फेल भई चालकको नियन्त्रण बाहिर गएको कारण दुर्घटना भएको भन्ने उक्त प्रतिवेदनबाट प्रष्ट हुने ।

प्रतिवादी पदम तामाङलाई साना सवारी साधन चलाउन अनुमति दिइएको वादीले नै स्वीकार गरेको र निजले मालसामान बोक्न प्रयोग हुने ठूलो सवारी साधन चलाएको भन्ने नदेखिई सोही प्रयोजनको सानो सवारी साधन चलाएको भन्ने देखिन आएको यस परिस्थितिमा निज प्रतिवादीको लापरवाहीका कारणबाट उक्त दुर्घटना भएको भनी मान्न नमिलेको मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरेको आदेशमा व्यक्त आधारसँग सहमत हुन सकिने अवस्था नरहेको हुँदा प्रतिवादी पदम तामाङलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम २०००।- जरीवाना र १ महिना कैद हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६७-CI-०६५१, ८५८, छूट जग्गा नामसारी दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. सुकल चौधरी, सुकल चौधरी वि. नेपाल सरकार*

हक बेहकको प्रश्न उपस्थित भएमा सोको टुङ्गो लागेपछि मात्र अन्य कारवाही गर्ने अधिकार मालपोत कार्यालयलाई हुन्छ । परन्तु, मालपोत कार्यालय, उदयपुरले हक बेहकमा निर्णय गर्ने अधिकार आफूमा नभएको भन्ने निर्णयमा उल्लेख गरे पनि दावी गर्ने पक्षहरूलाई अदालतबाट हक कायम गराई ल्याउनु भनी नसुनाई दावी नै खारेज गरेको कानूनअनुकूल देखिन नआएकोले सोहीबमोजिम गर्न मालपोत कार्यालयको निर्णय बदर गरी मिसिल मालपोत कार्यालयमा पठाउने गरेको पुनरावेदन अदालतको इन्साफ अन्यथा देखिन नआउने हुँदा विवादित जग्गा दर्ता सम्बन्धमा हक बेहकको प्रश्न उपस्थित भएको देखिएकोले अदालतमा नालिस गरी हक कायम गराई ल्याउनु भनी दावी विरोध गर्ने पक्षलाई सुनाई दिनुपर्नेमा सो नगरी दावी नै खारेज गर्ने गरेको मालपोत कार्यालय, उदयपुरको मिति २०६६।५।२९ को निर्णय कानूनविपरीत

देखिएको हुँदा सो निर्णयलाई बदर गरी हक बेहकमा सम्बन्धित जिल्ला अदालतमा नालेस गर्न सुनाई दिनु भनी मिसिल मालपोत कार्यालय, उदयपुरमा पठाई दिने ठहऱ्याएको पुनरावेदन अदालत राजबिराजबाट मिति २०६६।१२।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६७-CI-०७९२, अबण्डा जग्गा बण्डा गरिपाऊँ, *राजकुमारी मिश्र समेत वि.सञ्जयकुमार मिश्र*

बण्डापत्रको शर्तअनुसार बण्डा हुने छूट भएको सम्पत्ति रहेको भए पनि त्यस्तो सम्पत्ति ३ भाइले बराबर बाँडी खान पाउने भन्ने देखिएको र बाबुआमाको शेषपछि बाँकी रहेका निजहरूको नामका जग्गाहरू सबै छोराहरूले समानुपातिक रूपमा बाँडी खान पाउने भन्ने अंशबण्डाको लिखतबाटै देखिँदा आमाबाबुको अंशमा परी निजहरूको शेषपछि बाँकी रहेका जग्गाहरूमा अपुतालीको प्रश्नको निरूपण गर्नुपर्ने देखिन आउँदैन । अर्कोतर्फ यी पुनरावेदक प्रतिवादीहरूले शुरू जिल्ला अदालतले गरेको इन्साफउपर पुनरावेदन अदालतमा कानूनी प्रश्नको सन्दर्भमा पुनरावेदन गरेको नदेखिएको अवस्थामा शुरू फैसलालाई चित्त बुझाएको मान्नुपर्ने भए पनि कानूनी प्रश्न जुनसुकै तहमा पनि उठाउन सकिने हुन्छ, परन्तु, उल्लिखित अंशबण्डाको लिखतको माध्यमबाट वादी प्रतिवादीको अंशमा परेका जग्गाहरू बाहेक उक्त अंशबण्डाको लिखतसँग सन्निहित अन्य सम्पत्तिको हकमा अंशबण्डाको लिखतको शर्तअनुसार फिराद दायर गर्न हदम्यादको प्रश्न बाधक देखिन नआएकोले पुनरावेदन पत्रमा फिराद गर्ने हदम्याद नभएको भनी दिएको जिकीर मुनासिब नदेखिने ।

संयुक्त नाममा दर्ता भएको जग्गामा अन्यथा प्रमाणित भएमा बाहेक दर्तावाला सबैको समान हक रहेको मान्नुपर्ने हुन्छ । अंशियारमध्येका अमरकुमार मिश्रले वादी सञ्जयकुमार र अकलकुमार मिश्रबाट मिति २०४८।१।१६ र मिति २०५०।९।११ मा भरपाई गरी आफ्नो भाग छुट्ट्याई लगेको देखिँदा फिराद दावीबमोजिम फिरादपत्रको तपसील (क) र (ख) मा उल्लिखित सम्पत्तिको हकमा शुरू फैसला यथावत् राखी फिरादपत्रको तपसील (ग) मा उल्लिखित सम्पत्तिबाट दुई भागको एक भाग दर्ता फुटाई वादीले लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालतको इन्साफ उल्लिखित परिप्रेक्ष्यमा अन्यथा देखिन नआउने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६७-CI-०९३२, १२९३, अंश दर्ता चलन, *अनीतादेवी समेत वि. दशै चौधरी, दशै चौधरी वि. पलट चौधरी समेत*

प्रतिवादीमध्येकी अनीतादेवी चौधरीको नाममा दर्ता भएको कि.नं. १८० को जग्गा २०६३।२।२२ मा र कि.नं. २६९ को जग्गा पुनरावेदक प्रतिवादी नन्दलालकी पहिली पत्नी तेतरीदेवीको नाममा २०५०।२।६ मा हालैको बकसपत्रको पारीत लिखतबाट प्राप्त गरेको देखिन्छ । अचल सम्पत्ति प्राप्त गर्ने प्रत्रियामध्ये बकसपत्रलाई निजी आर्जनको स्रोतको रूपमा लिइन्छ । बकसपत्रको रूपमा प्राप्त गरेका देखिएका जग्गाहरू मूल्य तिरी सगोलबाट खरीद गरेको भन्ने देखिने वस्तुनिष्ट प्रमाण वादीले पेश गर्न सकेको देखिँदैन भने अंश हक मार्न खरिदीको लिखतमा बकसपत्र उल्लेख गरेको भनी ती बकसपत्रका लिखतहरूलाई अन्यथा घोषित गराउन सकेको समेत देखिएको छैन । यस अवस्थामा बकसपत्रको रूपमा प्राप्त गरेको ती जग्गाहरू अंशबण्डाको महलको १८ नं. बमोजिम निजी आर्जनअन्तर्गत पर्ने नै देखिन आएकोले ती जग्गाहरूबाट पुनरावेदक वादीले अंश नपाउने ठहऱ्याएको अन्यथा देखिन नआउने ।

पलट चौधरीले रामेश्वर चौधरीबाट २०६२।४।१ मा रू. १,२०,०००।- ऋण लिएको तायदाती फाँटवारीमा उल्लेख गरेको देखिन्छ । साथै उक्त ऋण दे.नं. १०६४/५२०६३ को मुद्दामा २०६३।७।१६ मा फिराद परी अदालतबाट फैसला भैसकेको भन्ने तथ्यलाई पुनरावेदक वादीले अन्यथा भनी खण्डन गरेको देखिएको छैन । अदालतबाट कानूनबमोजिम भएको फैसलाबाट

स्थापित तथ्यलाई कानूनबमोजिमको प्रक्रिया अपनाई सो फैसला बदर गराउन नसकेको अवस्थामा अन्यथा गर्न मिल्ने हुँदैन । अदालतबाट ऋण लिएको भन्ने पुष्टि भैसकेको अवस्थामा सो ऋणको लिखत आफूले नामाकरण गर्न नपाएको भनी वादीले लिएको जिकीर उल्लिखित परिप्रेक्ष्यमा मुनासिब देखिन आएन । घरको मुख्य व्यक्ति प्रतिवादी पलट भन्ने देखिएको र घर व्यवहार चलाउन लिएको ऋण समान तहका अंशियार यी पुनरावेदक वादीले आफ्नो हिस्सामा पर्ने भागसम्म व्यहोर्नु पर्ने नै देखिन आउने ।

शुरू रौतहट जिल्ला अदालतले मिति २०६५।२।२२ मा वादी दावी नपुग्ने गरी गरेको फैसला उल्टी गरी पुनरावेदक वादीले कि.नं. ५२७ र ३६ को जग्गाबाट दुई भागको एक भाग अंश पाउने, प्रतिवादी पलट चौधरीको नाममा नापी भएको ऐलानी घरबासको गाउँ कि.नं. २३/३२ को जग्गामा भएको दुईवटा कच्ची घरहरूमध्ये एक कच्ची घरमा वादीको बसोबास कायम भै चलन पाउने तथा प्रतिवादीले तायदाती फाँटवारीमा उल्लेख गरेको रू. १,२०,०००।- कर्जाको आधा साँवा ब्याज वादीले व्यहोर्नु पर्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६७-CI-१३६३, अंश चलन, *दुर्गा पराजुली वि. जुद्धवीर पराजुली*

विवादित जग्गा लिलाम गरी लिने कृषि विकास बैंकबाट फिर्ता गराई लिन प्रत्यर्थी प्रतिवादीले पुनरावेदक वादीलाई रकम दिएको भन्ने मिसिलबाट नदेखिएको अवस्थामा पुनरावेदक वादीले मूल्य तिरी राजीनामा पारीत गराई लिएको जग्गालाई फिर्ता गराई लिएको सम्झन मिलेन । मानो छुट्टिएपछि राजीनामा पारीत गराई लिएको विवादित जग्गालाई मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम निजी आर्जनको सम्पत्ति मान्नुपर्ने हुन्छ र अन्य अंशियारलाई त्यस्तो सम्पत्ति बण्डा लगाउने वा नलगाउने भन्ने कुरा सो सम्पत्ति धारकको नितान्त व्यक्तिगत ईच्छाको विषय हो । पुनरावेदक वादीले विवादित जग्गा बण्डा लगाउन मञ्जूर गरेको भन्ने नदेखिएको अवस्थामा विवादित जग्गालाई पैतृक जग्गासरह मानी सो जग्गा समेत बण्डा लगाउने गरेको शुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालतको इन्साफ सो हदसम्म मिलेको नदेखिने ।

विवादित कि.नं. ७८५ का जग्गा पुनरावेदक वादीले मानो छुट्टिएपछि राजीनामा पारीत गराई लिएको देखिएको अवस्थामा सो जग्गा अन्य अंशियारलाई बण्डा लगाउन नमिल्ने भई सो जग्गा बाहेक तायदाती फाँटवारीमा उल्लिखित अन्य जग्गा मात्र बण्डा लगाउनु पर्नेमा उक्त जग्गाबाट समेत चार भागको तीन भाग वादीहरूले अंश पाउने ठहऱ्याएको शुरू सुनसरी जिल्ला अदालतको मिति २०६६।८।१० को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।११।२५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ८४४८, मोही नामसारी, *सिलाल महर्जन वि. शान्तिदेवी प्रधान समेत*

जग्गाको २ नं. अनुसूची प्रकाशित हुँदा साविक कि.नं. १५४ र १५५ को हाल नापी भएको कि.नं. ८२ र ८३ बाट कित्ताकाट भै कायम भएको देखिन्छ । साविक कि.नं. १५४ र १५५ को जोताहाको नामथरमा हेरामान महर्जन उल्लेख भएको नापी शाखा काठमाडौंको फिल्डबुक उतारको प्रतिलिपिबाट देखिन आउँछ । नापी शाखा काठमाडौंको च.नं. २०५५।३।११ को पत्र व्यहोरा हेर्दा साविक कोटेश्वर ७(ख) को कि.नं. १५४ र १५५ को नयाँ नापी नक्साअनुसार का.म.न.पा. वडा नं. १० सिट नं. १०२-११८६-१९ कि.नं. ८२ र ८३ भै नाप नक्सा भएको र कि.न. ८२ कित्ताकाट भै कि.नं. २२१, २२२, २२३ र २२० कायम भएको र कि.नं. ८३ कित्ताकाट भै कि.नं. २२६, २३७, २३५, २३६, २४१, २४०, २३९, २२९, २३०,२३१, २१९, २३२, २२७ र २२८ कायम भएको भनी उल्लेख गरेको देखिन्छ । अदालतबाट भै आएको नक्साबाट कि.नं. २३२ र २४१

का जग्गाहरूमा बाटो कायम भएको देखिन्छ। कि.नं. २२६ र २२९, २३३ र २३७ का जग्गाहरूको क्रमशः दीर्घराज भट्ट, ओमबहादुर, शुभद्रा थापा दिलीप पाण्डेको घर कायम भएको र ती घरहरू नक्सा पास गरी घर बनाएको देखिँदा ती कित्ताहरूमा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने।

आदेशानुसार भै आएको नक्सा विवरण हेर्दा कि.नं. २२६, मा २ तले पक्की घर रहेको र सोही उक्त कि.नं. २२६ मा पानी टंकीलगायतका लिग लगापात रहेको देखिन्छ। कि.नं. २३७ मा चेला संगीत चर्च नामको घरको भाग समेत देखिएको, त्यस्तै कि.नं. २२९ को ओमबहादुर श्रेष्ठको भोगमा रहेको जस्ताको छाना भएको एक तले घर तथा कि.नं. २३३ को २ तल्ले पक्की घर भनी उल्लेख भएको देखिन्छ। उल्लिखित कित्ताहरूका जग्गाहरू प्रतिवादीहरूले खरीद गरी घर बनेको देखिएको र सोउपर वादीले मोही बेदखली मुद्दा समेत नचलाएको देखिँदा ती कित्ताका जग्गाहरूको मोही महल खाली समेत रहेको यस्तो अवस्थामा यी पुनरावेदकका पिता दावीका कि.नं. २२६, २३७, २२९ र २३३ का जग्गाहरूको मोही रहेको मानी मोही कायम गरिदिन मुनासिब नदेखिने।

दावीको कि.नं. २३४, कि.नं. २२० बाट कित्ताकाट भै आएको र कि.नं. २२० कि.नं. ८२ बाट कित्ताकाट भै आएको देखिन्छ। अदालतबाट भैआएको नक्सा विवरणबाट कि.नं. २३४ को जग्गा खाली रहेको देखिन्छ। कि.नं. २३४ को जग्गा साविक कि.नं.८२ बाट कित्ताकाट भै आएको, सो कि.नं. ८२ पनि साविक कि.नं. १५४ बाट आएको र सो जग्गाको मोही हेरामान महर्जन समेत भएको देखिँदा उक्त कि.नं. मा यी वादीको मोही हक नलाग्ने भनी मान्न नमिल्ने हुँदा दावीको कि.नं. २३४ को हकमा पुनरावेदक प्रतिवादी सुशीला के.सी.को पुनरावेदन जिकीर पुग्न नसक्ने।

कि.नं. ५१० को साविक स्रोत कि.नं. १५५ बाट कित्ताकाट भएको देखिन्छ। यस अदालतबाट भै आएको नक्साको विवरण हेर्दा कि.नं. ५१० मा केही उल्लेख नभए पनि कि.न.. १५५ बाट २२८ कायम भै सो कि.नं. २२८ बाट कित्ताकाट भै कि.नं. ५१० आएको भनी पुनरावेदकले उल्लेख गरेको देखिन्छ। कि.नं. २२८ साविक कि.नं. १५५ बाट कित्ताकाट भै आएको कि.नं. ८२, ८३ को जग्गाको मोही हेरामान महर्जन भएको देखिने।

कि.नं. २३० को उक्त जग्गाको् साविक स्रोत हेर्दा सो जग्गा कि.न. १५५ बाट कि.नं. ८३ कायम भै हाल कि.नं. २३० कायम रहे पनि उक्त कि.नं. २३० कायम भएको र सो कि.नं. २३० मा घर समेत रहेको भन्ने उल्लेख भएको देखिन्छ। २ तल्ले जस्ताको छाना भएको घर भन्ने उल्लेख भै ट्वाइलेट बाथरूम समेत रहेको घर समेत रहेको उक्त कि.नं. २३० को जग्गामा मोही कायम हुन सक्ने अवस्था भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) ले निर्धारण गरेको पनि देखिँदैन। मोही हुनको लागि जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनु पर्छ भनी उक्त दफा २(ख) मा उल्लेख भएको यस्तो स्थितिमा घर बनाई बसी घरले चर्चेको जग्गा जग्गाधनीले भोग गरेको देखिएको उक्त कि.नं. २३० का हकमा मोही नामसारी हुन नसक्नेमा सो कि.नं. २३० को हकमा समेत मोही नामसारी हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट भएको फैसला नमिल्ने हुँदा कि.नं. २३० को हकमा पुनरावेदक वादीका नाममा मोही नामसारी हुने ठहर्‍याई भएको फैसला सो हदसम्म केही उल्टी भै अरूमा पुनरावेदन अदालत, पाटनबाट मिति २०६२।६।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। पुनरावेदक वादी सिलाल महर्जन, प्रतिवादी श्रीराम तिमिल्सिना र प्रतिवादी सुशीला के.सी.को पुनरावेदन जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम्।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-RC-००३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि.ओमप्रसाद वि.क.*

प्रतिवादी ओमप्रकाश वि.क. ले डम्मरकुमारी थापा, लोकमाया खत्री र भगवती गिरी गरी ३ जनालाई क्रमशः खुकुरी जस्तो घातक हतियारले प्रहार गरेको अवस्था मिसिलबाट देखिन्छ। मार्नुपर्नेसम्मको पूर्वयोजना मुताविक टर्चको ब्याट्री किनी डम्मरकुमारी थापा,

लोकमाया खत्रीलाई कर्तव्य गरी मारेको एवं भगवती गिरीलाई पनि मरिसकेको ठानी छाडी शृङ्खलावद्धरूपमा अपराध गरी डम्मरकुमारीको साथमा रहेको गहना समेत लुटी अन्यत्र लगी पोका पारी लुकाएको मिसिलबाट देखिन्छ । जवर्जस्ती रूपमा चोरी समेत गरी धनमाल लुटी लगेको यी प्रतिवादीले अन्य कुनै कारण वा परिस्थितिबाट अभियोगबमोजिमको अपराध गरेको हो कि भन्ने अवस्था पनि देखिन्न । डम्मरकुमारीका साथमा रहेका गहना लुटी लैजाने उद्देश्यले डम्मरकुमारीलाई खुकुरीले हानी निजसँगै सुतिरहेका लोकमाया खत्रीलाई समेत मारी अर्को नाबालक भगवती गिरीको घाँटी समेत अठ्याई मरी भन्ने परिसकेपछि मात्र डम्मरकुमारीको साथमा रहेको गरगहना समेत लुटी लगेको स्पष्ट अवस्था देखिँदा प्रतिवादी ओमप्रसाद वि.क.लाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र चोरीको १४(२) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-RC-००३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गंगाबहादुर सार्की*

मृतकको मृत्यु दिमागमा रगत जमी सोका कारण भएको भन्ने शव परीक्षणमा उल्लेख भएको देखिन्छ । वारदातको प्रकृतिबाट मृतकलाई कर्तव्य गरी मार्ने नियतले नै मनबहादुर सार्कीलाई बाँसको गरालो प्रहार गरी घटनास्थलमै कर्तव्य गरी मारेको देखिन्छ । बाबु छोरा समेत संलग्न भै सामान्य निहुँको अवस्थामा मृतकको ज्यानै लिने मनसाय राखी मृतकलाई टाउको जस्तो संवेदनशील अंगमा प्रहार गर्दै घटनास्थलमा मृतकको मृत्यु भएको यस्तो संवेदनशील अवस्थालाई ध्यानै नदिई यी प्रतिवादीको हकमा १८८ नं. को राय लगाई १० वर्ष कैद मात्र कायम हुने गरी राय व्यक्त गरेको देखिन्छ । बाबु छोरा मिली मृतकको ज्यानै लिने मनसायले बाबुले समाई ज्यान मार्न वचन दिने, छोराले मृतकलाई टाउकोमा प्रहार गरी पटक-पटकको प्रहारबाट घटनास्थलमै मृतकको मृत्यु हुन पुगेको, मृतकको मृत्यु हुनबाट जोगाउन सक्ने अन्य कुनै तत्वको उपस्थिति समेत हुन नदिएको यस्तो कारूणिक दृश्यमा भएको मृतकको कर्तव्यलाई हलुका ढंगले हेर्न मिल्दैन । अ.बं. १८८ नं. को प्रयोग मनोगत रूपमा गर्दै जाने हो भने यस्तो क्रूर प्रवृत्तिले प्रोत्साहन पाई विधायिकी मनसायलाई पराजित गर्ने अवस्था सिर्जना हुन गई दण्डहीनताले प्रश्रय पाउँछ । अन्ततः न्याय पराजित हुन्छ र दण्डहीनता बढ्दै जान्छ जसले गर्दा पीडितको न्याय प्राप्तिको आसामा तुषारापात उत्पन्न हुन्छ । बाबु छोराको संलग्नतामा प्रतिवादी गंगाबहादुर सार्कीकै कर्तव्यबाट मृतकको ज्यान मर्न गई रहेको र प्रतिवादी गंगाबहादुर सार्कीको कसूरजन्य सो कार्य ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) कै कसूर भैरहेको यस्तो अवस्थामा निजलाई ऐ.को १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०२१४, उत्प्रेषणयुक्त परमादेश, *पुष्पा रावल रायमाझी वि. नेपाल बैंक लिमिटेड, केन्द्रीय कार्यालय धर्मपथ, काठमाडौं समेत*

स्वामित्व हस्तान्तरण जुनसुकै प्रक्रियाअनुरूप भए पनि आफ्नो नाममा कुनै अचल सम्पत्ति हस्तान्तरण भई आएपछि त्यसमा हक प्राप्त भएको मानिन्छ । आफ्नो नाममा नामसारी नभए पनि सोसम्बन्धी लिखत रजिष्ट्रेशन पास भएको हुनुपर्ने वा कुनै सक्षम अदालत वा निकाय वा संस्थाले सम्पत्ति अमुक व्यक्तिका नाममा नामसारी गर्नु वा दर्ता गर्नु भनी मालपोत लगायतको सम्बन्धित निकायलाई लेखिसकेपछि पनि सो व्यक्तिको सो सम्पत्तिमा हक स्थापित नभए पनि हकको सिर्जना भइसकेको मान्न सकिने ।

बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, नियमले बोलपत्र आह्वान भए पछि बोलपत्रदाता बाहेक

ऋणीले ऋण तिर्न नसक्ने, लिलामको सम्पत्तिबाट मात्र असूल गर्ने भन्ने व्यवस्था गरेको छैन । तेस्रो पक्षले त आफ्नो धरौटी रकम जुनसुकै बेला पनि फिर्ता लिन सक्ने र निजको सम्पत्तिमा कुनै दखल पुग्ने अवस्था पनि देखिँदैन । निवेदिकाले बोलपत्रबाट सकारेको सम्पत्तिको सम्पूर्ण मूल्य रकम जम्मा गरिसकेको अवस्था नरहेबाट लिलामी प्रक्रिया सम्पन्न भएको मानिँदैन । बोलपत्रदाताले पूरा रकम दाखिला गरी चलन पूर्जी प्राप्त गरिसकेको अवस्थामा मात्र लिलामी प्रक्रिया समाप्त भएको मान्नुपर्ने हुन्छ । सो अवस्था नआउँदै ऋणीले ऋण तिरिसकेको र सो हिसाब राफसाफ गरी न्यायाधिकरणले मिलापत्रबापत ऋणीबाट दस्तूर बुझिसकेको अवस्थामा ऋणीले ऋण तिर्न पाउँदैन भन्न नमिल्ने ।

लिलामी प्रक्रिया सम्पन्न भइनसकेको अवस्थामा ऋणी मिश्रीलाल चौधरीले जहिलेसुकै ऋण तिर्न सक्ने अवस्था भएकोले निजले ऋण तिरिसकेको र जग्गा फुकुवा भै मिलापत्रबापत ऋण असूली न्यायाधिकरणबाट दस्तूर बुझिसकेको देखिँदा निवेदिकाको लिलामको सम्पत्तिमा कानूनी हक सिर्जना नभएको अवस्थामा निजको संवैधानिक एवं कानूनी हकमा आघात पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असार ३१ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६६-WO-०१२६, उत्प्रेषण/परमादेश, *प्रल्हादकुमार चौधरी वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण, काठमाडौं समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०४६४, उत्प्रेषण, परमादेश, *दिनकर शम्शेर ज.ब.रा. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले प्रहरी निरीक्षकदेखि प्रहरी नायब महानिरीक्षकको पदमा बढुवा हुँदासम्म आफू विपक्षी नवराज ढकाल र भीष्म प्रसाई भन्दा वरिष्ठ भएकाले Senior Most लाई बढुवा नगरी कनिष्ठ उम्मेद्वारलाई बढुवा गरिएको भन्ने प्रश्न छ सो सम्बन्धमा प्रहरी निरीक्षकदेखि प्रहरी नायब निरीक्षकसम्म विपक्षीहरू र यी निवेदक एउटै समूहमा एकसाथ नियुक्त र बढुवा हुँदै आएको भन्ने देखिन्छ । एकसाथ प्रहरी नायब महानिरीक्षक पदमा समेत बढुवा भएकाहरूमध्येबाट प्रहरी नियमावली, २०४९ को नियम २७(२) बमोजिम प्रहरी नायब महानिरीक्षकको पदबाट दुई जनालाई प्रहरी अतिरिक्त महानिरीक्षकको पदमा बढुवा गरिएकोले उक्त निर्णय पूर्वाग्रहसहित र दुराशयपूर्ण भएको वा भविष्यमा पनि यी निवेदकलाई सदाका लागि प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा हुनबाट बञ्चित गरिएको भन्ने अर्थ गर्न नमिल्ने । नियमले निर्दिष्ट गरेअनुसार कार्यसम्पादन गर्न सक्ने क्षमता र उत्तरदायित्व बहन गर्न सक्ने खुबी समेतलाई मूल्याङ्कन गरी प्रहरी नियमावलीको नियम २७(२) अनुसार मन्त्रिपरिषद्ले २०६८।७।१७ मा गरेको बढुवा निर्णयलाई कानूनी त्रुटिपूर्ण भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल साउन १५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६६-WO-०८४७, उत्प्रेषणयुक्त प्रतिषेध, *सावित्री राई वि. एकमाया बस्नेत समेत*

कुनै पनि मुद्दामा अन्तिम निर्णय भएपछिसम्म पनि फैसलाले चाहेको काम कुरा सम्बन्धित पक्षले पूरा नगरेमा अदालतले सो फैसला कार्यान्वयन गराई सो काम कुरा गर्न लगाउँछ र फैसला कार्यान्वयनको प्रक्रिया सम्पन्न हुन्छ । तर सम्पत्तिसम्बन्धी विवादमा मुद्दा चल्दाचल्दै विवादित सम्पत्ति खरीद बिक्री हुँदै गयो भने त्यसपछि हुने फैसला कागजमा मात्र सीमित रहने र सोको कार्यान्वयनको प्रक्रिया प्रारम्भ नै नहुन सक्ने हुन्छ र सो अवधिमा मात्र भएको कारोवारको हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ (क) आकर्षित हुन्छ भन्नु सो नियमावलीको संकुचित व्याख्या मात्र नभई अव्यावहारिक र नियमावलीको उद्देश्य विपरीत हुन्छ । त्यस्तो संकुचित व्याख्या र

अर्थबाट न्यायको प्राप्ति हुँदैन । अदालतको प्रत्येक फैसला कार्यान्वयनयोग्य हुन्छ । त्यसकारण मुद्दा परिरहेको सम्पत्तिमध्ये कुनै पनि सम्पत्ति मुद्दा चल्दाचल्दै वा फैसला कार्यान्वयन नहुँदै हक हस्तान्तरण गरे गराएमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८(क) आकर्षित हुने ।

उदयपुर जिल्ला अदालतले मुद्दा अन्तिम फैसला भै कार्यान्वयनको अवस्थामा रहेको समयमा जग्गा बिक्री गरेको नभई मुद्दा पर्दापर्दैको अवस्थामा बिक्री भएको भएपनि सो उपर सोही मुद्दाको फैसला कार्यान्वयनको रोहबाट हेरिनुपर्ने हुन आउँछ । त्यसरी हेर्दा उक्त जग्गा मुद्दा चल्दाचल्दैको अवस्थामा बिक्री भै सावित्री राईको नाममा गइसकेको देखिएकोले सो जग्गाको दर्ता जिल्ला अदालत नियमावली, २०५२ को ७८(क) अनुसार बदर भै त्यसमा लालबहादुरको समेत अंश हक कायम हुन सक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६६-WO-०८७१, उत्प्रेषण, परमादेश, *रामायण महतो कोइरी वि. इनर महतो कोइरी समेत*

रिट निवेदक रामायण महतो विपक्षी चन्द्रिका महतो र इनर महतोको अंशियार हुन् वा होइनन् र अंश पाउने हो वा होइन भन्ने सम्बन्धमा निजले यी विपक्षीहरूउपर दिएको फैसला बदर समेतका मुद्दामा ठहरेबमोजिम हुने कुरा हो । वादी चन्द्रिका महतो र प्रतिवादी इनर महतो समेत भएका अंश मुद्दामा यी रिट निवेदक पनि अंश पाउने अशियार रहे भएको भन्ने खुल्न आएको छैन । उक्त अंश मुद्दा तहतह फैसला हुँदै सर्वोच्च अदालतबाट २०६४।८।१६ मा भएको अन्तिम फैसलाअनुसारको बण्डा छुट्ट्याउने कार्य हाल रोकिराख्नु पर्ने अवस्था देखिन नआएको हुँदा बण्डा छुट्ट्याउने कार्य रोक्न नमिल्ने भनी पर्सा जिल्ला अदालतबाट २०६६।१०।७ मा भएको आदेश र सो आदेश सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको २०६६।११।२० को आदेशबाट निवेदकको संविधान र कानूनप्रदत्त हकमा आघात परेको देखिन नआउने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको CI-०९९६, ९९७, अंश चलन, *ज्ञानी खत्री के.सी. वि. ठूलीकान्छी के.सी., प्रदीपकुमार के.सी. समेत वि. ठूलीकान्छी के.सी*

कि.नं. ८९, १४९ का जग्गाहरू विपक्षीमध्येका ज्ञानी के.सी.का नाममा दर्ता स्रेस्ता कायम रहेको पाइन्छ । सो जग्गा प्राप्त गरेको स्रोत हेर्दा निजले तायदाती विवरणमा मेरो माइती, मावलीबाट दाइजो पेवा प्राप्त र सोबाट बढे बढाएको रकमद्वारा खरीद गरी मेरो निजी कमाईबाट घर बनाएको भन्नेसम्म उल्लेख गरेको पाइन्छ । निजको के कस्तो कमाई थियो र माइती मावलीबाट के कति दाइजो पेवाको रकम प्राप्त भएको थियो भन्ने कुराको ठोस प्रमाणद्वारा पुष्टि गर्न सकेको पाईदैन । निजका नामदर्तामा रहेका साविक कि.नं. ४७ को जग्गा निजले हालैदेखिको बकसपत्र लिखतबाट प्राप्त गरेकोले त्यसबाट बण्डा नलाग्ने गरी फैसला भएकै देखिन आउँछ । सो बाहेक उपरोक्त कि.नं. ८९ र १४९ पनि यो यस आधारमा मैले स्वआर्जन गरेको भनी अदालतसमक्ष कानूनसम्मत् र विश्वासलायक प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको नदेखिँदा बण्डा लाग्ने ।

अंशियारहरूबीच मानो छुट्टिनुभन्दा अगावै बैंकबाट ऋण लिइएको छ र सो ऋण चुक्ता गर्न बाँकी रहेको छ भने त्यसमा पनि बैंकले साहू भएर सो ऋण रकम असूलीको लागि मुद्दा दिने र अदालतबाट फैसला हुने समेतका कारवाहीको प्रतीक्षा गरिरहनु आवश्यक छैन । बैंकबाटै ऋण लिइएको छ भने त्यसमा अन्यथा शंका गर्नु आवश्यक छैन । अंशियारहरूलाई अंशबण्डा छुट्ट्याउँदाको अवस्थामा नै बैंक ऋणको बिगो चुक्ता गर्ने दायित्वको पनि भागबण्डा गर्नु उपयुक्त र फैसला कार्यान्वयनको दृष्टिकोणले कानूनसम्मत् हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार २० गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CR-००११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इन्दिरा नेपाली*

प्रतिवादीले जीवित शिशुलाई जन्म दिएपछि त्यसलाई पालनपोषण गर्नुपर्नेमा नगरी फालेको कारणबाट शिशुको मृत्यु हुन गएको देखिन्छ। यी प्रतिवादीले जन्माएको बच्चा आफूले नमारे पनि बेवास्ता गरी फाली गएको कारण नवजात शिशुको मृत्यु भएको देखिएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

अविवाहित महिलाले बच्चा बोकी लान लोक लाजको डर लागी बच्चा जन्माएकै ठाउँमा छाडी गएको र बच्चा मरोस भन्ने आफ्नो नियत नभएको भन्ने समेत उल्लेख गरेको देखिन्छ। प्रमाणबाट सोही कुरा प्रमाणित हुन आएको छ। यसबाट निजको अविवाहित, कम उमेरको अवस्था र बच्चालाई मारेर फालेको भन्ने नदेखिई जन्माई छाडेर गएको अवस्था समेत दृष्टिगत गर्दा निजलाई ५ वर्ष मात्र कैद सजाय गर्ने गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पुनरावेदन अदालतबाट व्यक्त राय समेत सदर हुने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार २२ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट निवेदन नं. २०६४-WO-०६३४, परमादेश, *तारानाथ दाहालको अख्तियारप्राप्त दुर्गाप्रसाद दुलाल वि.निर्वाचन आयोगं समेत*

निवेदकले माग गरेको सूचना प्रचलित कानूनबमोजिम दिन मिल्ने हो वा होइन भन्ने कुराको निर्णय गर्न निर्वाचन आयोग सक्षम रहेको छ। निर्वाचन आयोगबाट प्रदान गरिएको जानकारी वा सूचना कुन तहको पदाधिकारीबाट प्रदान गर्नुपर्ने हो ? यस कुराको निर्णय गर्ने अधिकार पनि निर्वाचन आयोगको हो। आयोगको कुनै सदस्यबाट वा सबै सदस्यको सामूहिक निर्णयबाट वा यो तहको पदाधिकारीबाट मात्र सूचना लिने भन्ने हक वा अधिकार सूचना प्राप्त गर्न खोज्ने व्यक्तिको हुँदैन। यस कुरालाई स्पष्टताकासाथ बुझ्नु पर्दछ। यी निवेदकतर्फबाट उल्लेख गरिएको यस अदालतबाट निवेदक गोपाल शिवाकोटी विरूद्ध अर्थ मन्त्रालय समेत भएको मुद्दामा प्रतिपादित सिद्धान्त (*नेकाप* २०५१, नि.नं. ४८९५) हेर्दा त्यसमा निवेदकले माग गरेअनुसारकै सूचना दिनुपर्ने भनी यस अदालतले बोलेको छैन। सूचनाको हकसम्बन्धी संवैधानिक र कानूनी व्यवस्था आउनुभन्दा पहिला परेको उक्त रिट निवेदनमा कानून नबन्दासम्म सूचना दिने एउटा प्रक्रिया निर्धारण गरेको देखिन्छ। प्रस्तुत रिट निवेदनमा विवाद उठाइएको निर्वाचन आयोगको कारवाही कुनै किसिमले उक्त प्रतिपादित सिद्धान्तप्रतिकूल रहेको भन्ने देखिन नआउने।

संविधानसभा सदस्य निर्वाचन प्रयोजनका लागि मान्यता प्राप्त गर्ने प्रयोजनका लागि मात्र निर्वाचन आयोगमा अभिलेखको रूपमा रहेका मतदाताहरूको पहिचान र हस्ताक्षरहरूसहितको जानकारी निर्वाचन आयोगले यी निवेदकलाई नदिएको र अरू जानकारी शाखा अधिकृतमार्फत् उपलब्ध गराएबाट नेपालको अन्तरिम संविधान, नेपाल कानून र सूचनाको हकसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनको उल्लंघन नभएको र त्यसबाट यी निवेदकलाई प्राप्त सूचनाको हक हनन् पनि भएको नदेखिँदा निवेदन मागबमोजिमको परमादेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ४ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-CR-०११८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टीकाराम प्रधान*

प्रतिवादी टीकाराम प्रधानले नै आफ्नो होटलमा दूध लिएर आउने भीमा मियाँलाई बञ्चरोले हानी मारेको भनी निजले अदालतसमक्ष गरेको बयान जाहेरी दरखास्त र जाहेरवालाले अदालतमा उपस्थित भई गरेको बकपत्र र प्रत्यक्षदर्शी साक्षी एवं वस्तुस्थिति मुचुल्काका खतमा खातुनले समेत अदालतमा उपस्थित भई गरेको किटानी बकपत्रबाट पुष्टि र समर्थित भएको देखिन आउँछ। शव परीक्षण प्रतिवेदनबाट मृत्युको

कारणमा काटेको घाउबाट अत्यधिक रक्तस्राव (Incised wounded leading brain injury / haemorrahge) भनी उल्लेख भएबाट किटानी जाहेरी दरखास्त र प्रत्यक्षदर्शीको कागज र बकपत्रबाट पुष्टि हुँदा प्रतिवादी टीकाराम प्रधानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसूरमा सोही १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने साथै प्रतिवादी टीकाराम प्रधान मिति २०६७।५।३१ मा कालगतीले मृत्यु भएको भन्ने उल्लेख भएको देखिँदा निजलाई लागेको कैद सजायको लगत कट्टा गर्नु भनी शुरू सुनसरी जिल्ला अदालतमा लेखी पठाउने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्राडा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०६४४, उत्प्रेषणयुक्त परमादेश, *सुरेश चापागाईं समेत वि. सामान्य प्रशासन मन्त्रालय, समेत*

निवेदकहरूको विवादित सरूवा सम्बन्धमा हेर्दा सामान्य प्रशासन मन्त्रालयको मिति २०६५।१०।२९ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा १८(३) बमोजिम नायब सुब्बा (विशेष) स्थानीय विकास मन्त्रालय वा अन्तर्गतको रिक्त गाऊँ विकास समिति सचिव पदमा सरूवा गरिएको देखिन आउँछ । सोबमोजिम निवेदकमध्येका शंकरप्रसाद ओझा र गोपालप्रसाद ढुङ्गानाको जिल्ला विकास समितिको कार्यालय, दोलखाअन्तर्गत पदस्थापना गरिएको र निवेदकमध्येकै सुरेश चापागाईंलाई जिल्ला विकास समितिको कार्यालय, धादिङ अन्तर्गत गाउँ विकास समिति सचिव (नायब सुब्बा) प्रथम श्रेणी विशेष पदमा सरूवा पदस्थापना गरिएको देखिन्छ । उल्लिखित पदहरू दफा २४घ१ अनुसार बढुवा भई रिक्त रहेको विशेष दरबन्दीको पद होइन भने ती कार्यालयहरूबाट स्थानीय विकास मन्त्रालयलाई नायब सुब्बा राजपत्र अनंकित प्रथम श्रेणी विशेष पद नभएको भनी लेखेको देखिँदा निवेदकहरूको सरूवा पदस्थापना भएको कार्यालयमा नायब सुब्बा (विशेष) पद रिक्त रहेको भन्ने नदेखिँदा स्पष्ट कानूनी प्रावधानको विपरीत निवेदकहरूको सरूवा भएको देखिँदा यी निवेदकहरूको हकमा सामान्य प्रशासन मन्त्रालयको मिति २०६५।१०।२९ को सरूवा निर्णय कानूनअनुरूप भएको नदेखिएबाट उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । तर निवेदकहरूको सरूवा गर्ने अधिकार नेपाल सरकारमा निहित रहेको र आवश्यकताअनुसार अधिकार प्रत्यायोजित पनि गर्न सकिने भएकोले हाल बहाल रहेकै कार्यालयमा नै यथावत् राखी राख्नु भन्ने मागअनुसारको परमादेश जारी गर्न परेन । यस अदालतबाट मिति २०६६।१।३१ मा जारी गरिएको अन्तरिम आदेश निष्क्रिय गरिदिएको छ । अब यी निवेदकहरूलाई निजामती सेवा ऐनको दफा २४घ१ को उपदफा (९) ले तोकेको प्रक्रिया अवलम्बन गरेर वा यी निवेदकहरूको दरवन्दी उक्त दफा २४घ१ को उपदफा (७) अनुसार समायोजन भइसकेको भए सोहीअनुसार सरूवा गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६५-WO-०८३२, उत्प्रेषण, *जीवनकुमार रञ्जित वि. सामान्य प्रशासन मन्त्रालय समेत*
- ०६५-WO-०९५९, उत्प्रेषणयुक्त परमादेश, *कृष्णकुमार के.सी. वि. सामान्य प्रशासन मन्त्रालय समेत*

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६८-WO-०८९८, उत्प्रेषणयुक्त परमादेश, *मेघनाथ चौंलागाईं वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

उमेरको कारणबाट अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको अवस्थाका कर्मचारीलाई मात्र निजलाई मर्का पर्ने वा अपायक पर्ने गरी सरूवा गर्न नहुने भन्ने निजामती सेवा नियमावलीको नियम ३६(६) ले व्यवस्था गरेको छ ।

रिट निवेदक उपरोक्त श्रेणीभित्र पर्ने पनि देखिएन। यस्तो अवस्थामा निजलाई गरिएको कानूनबमोजिमको सरूवालाई निष्प्रभावी बनाउने प्रयोजनले आफ्नो स्थायी ठेगाना समेत ढाँटेर यस अदालतमा गलत नियतले प्रवेश गरेको देखिएको छ। मिति २०६८।११।३० को निर्णयअनुसार गरिएको सरूवाबाट निजको कुनै कानूनी हकमा आघात पर्ने अवस्था विद्यमान नहुँदा कानूनबमोजिम अधिकारप्राप्त पदाधिकारीबाट भएको सरूवा निर्णयबाट निवेदकको कानूनप्रदत्त हकमा आघात नपर्ने।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल साउन ३१ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६९-WH-०००६, बन्दीप्रत्यक्षीकरण, *डम्बरबहादुर राउतको हकमा पदमादेवी राउत वि. प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो समेत*

रिट निवेदक हाजीर भई जरीवानाको रकम नबुझाई फरार रहेका र निजलाई लागेको जरीवाना असूल गर्न पक्राउ गरिएकोमा निजले जरीवानाको रकम दाखिला गरेमा जुनसुकै समयमा थुनाबाट छुट्नसक्ने नै देखिन्छ। निवेदकले जरीवानाको रकम दाखिला नगरेको र जरीवाना तिर्न सक्दिन भनी कागज गरिदिएको हुँदा जरीवानाको रकम असूल नभएसम्म निजलाई थुनामा राखेको कार्य फैसला कार्यान्वयनको सिलसिलामा गरिएको देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल साउन ३१ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०४६९, मोहियानी हक, *झमकदेवी बैगानी वि. अनीलादेवी यादव समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ (ङ) मा “घरबारी भन्नाले मानिस बसोबास गर्ने घर र सो घरले चर्चेको जग्गा सम्झनुपर्छ र सो शब्दले घरसँग जोडिएको वा फरक रहेको गोठ, भकारी, इनार, पोखरी, ग्यारेज, तबेला, फलफूलको बगैंचा, तरकारी बारी, बाँसघारी खरबारी, खेलकूद वा मनोरञ्जन गर्ने ठाउँ र सो सरहको अरू कुनै काममा लगाइएको जग्गालाई समेत जनाउँदछ” भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। उपरोक्त परिभाषाबमोजिम विवादित जग्गा घरबारीको जग्गाअन्तर्गत पर्न आउने देखिन्छ। त्यस्तै सोही ऐनको दफा २५ को उपदफा ५(क) मा घरबारीको जग्गा कमाउने व्यक्तिलाई मोहीको हक प्राप्त नहुने भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। यसको अतिरिक्त मोहियानी हकको प्रमाणपत्र पाऊँ भन्ने दावी गर्न यी पुनरावेदकले उक्त जग्गाहरूको कुत जग्गाधनीलाई बुझाएको कुनै सालको भर्पाई पेश गर्न नसकेको र २०५६ सालको बाली मात्र कुतबापत मिति २०५६।११।७ मा धरौटमा राखी मिति २०५६।११।८ अर्थात् भोलिपल्ट मात्र मोहियानी हकको प्रमाणपत्र पाऊँ भनी भूमिसुधार कार्यालय सप्तरीमा निवेदन दिएको देखिएबाट समेत पुनरावेदन जिकीर विश्वासलायक देखिन आउँदैन। भूमिसम्बन्धी ऐन, २०२१ मा भएको उपरोक्त कानूनी व्यवस्थाबमोजिम विवादित जग्गा घरबारी रहेको र यस्तो जग्गा कमाउने पुनरावेदक वादीलाई मोहियानी हक प्राप्त नहुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असार २२ गते रोज ६ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०४६७, मोही दर्ता प्रमाणपत्र, *झमकुदेवी बेगानी वि.उमादेवी यादव*
- ०६६-CI-०४६७, मोही दर्ता प्रमाणपत्र, *झमकुदेवी बेगानी वि.विजयकुमार गुप्ता*

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-CI-००१६, जग्गा खिचोला घर भत्काई चलन, *भरतप्रसाद कानू वि. तेजहर्ष शाक्य*

नक्सा मुचुल्का हेर्दा विवादको न.नं. ४ सर्भे नक्साको आकृतिबाट पनि कि.नं. ३९० को जग्गा भएको

देखिन्छ। सर्भे नक्सा र अदालतबाट भएको नक्सासँग मिल्ने गरी सो अनुकूल तवरबाट विवादको निरोपण गर्नुपर्ने हुन्छ। कि.नं. ३९० को जग्गामध्ये न.नं. ७ को जग्गा प्रेमा भट्टराईको भोगमा रहेको देखिएकोमा निजलाई प्रतिवादी नबनाइएको र न.नं. १३ को जग्गा दक्षिणतर्फको सडकमा परेको भन्ने देखिँदा सोतर्फ केही विचार गरिरहन परेन। प्रतिवादीले पश्चिम उत्तर कुनाबाट ०-०-६ धुर जग्गा खिचोला गरेको भनी वादीको फिराद दावी भए पनि न.नं. ४ को ज.वि. ०-०-४-११ मा विवाद देखाएकोले सो हदमा निर्णय हुनुपर्ने अवस्था देखिन्छ। न.नं. ४ को ज.वि. ०-०-४-११ जग्गा यी पुनरावेदकले खिचोला गरेको भनी नक्सा मुचुल्कामा विवाद जनिइएको र कि.न. ३९० स्रेस्ताअनुरूप ज.वि. ०-२-६-१४२ नरहेको र प्रतिवादीको जग्गा स्रेस्ताभन्दा बढी नै देखिइरहेको अवस्थामा हुँदा खिचोला मेटाई चलन समेत चलाई पाउने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असार ४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CR-०८१३, भ्रष्टाचार, *नेपाल सरकार वि. रमेश सिग्देल समेत*

आधिकारिक व्यक्तिहरूको रोहबरमा मुचुल्का खडा गरी खोलिएका प्रश्नपत्रहरू र दावी लिएबमोजिम आउट भएका भनिएका प्रश्नपत्रहरूमा एकरूपता नभएबाट भिन्न देखिएको अवस्थामा प्रश्नपत्र आउट गरेको भन्न मिलेन। कानूनबमोजिम प्रश्नपत्र तयार गरी कानूनबमोजिम नै परीक्षा सञ्चालन गरेको अवस्थामा त्यस्तो कार्यलाई प्रश्नपत्रको गोपनीयता भङ्ग गरी भ्रष्टाचारजन्य कसूर गरेको भन्न नमिल्ने हुँदा प्रतिवादीहरू रमेश सिग्देल, प्रदीपप्रसाद श्रेष्ठ भन्ने प्रदीप श्रेष्ठ र प्रदीपकुमार पाण्डेले आरोपित कसूरबाट सफाइ पाउने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार २४ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-WO-०५७६, उत्प्रेषणयुक्त परमादेश, *वेजिन्द्र निरौला समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यस्तै विषय समावेश भएको निवेदक रामप्रसाद घिमिरे समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट नं. ०६७-WF-००२०, को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट "तलवमान निर्धारण गर्दा शिक्षकहरूको हकमा शिक्षा नियमावली, २०५९ को नियम १०२ ले गरेको व्यवस्थासँग प्रतिकूल हुने खालको तलवमान निर्धारण गर्न सकिने हुँदैन। नेपाल सरकारको मिति २०६६।४।४ को निर्णयबाट निर्धारण भएको तलवमान नियम १०२ को व्यवस्थाअनुरूप मिलान गरी निवेदकहरूले बढुवा पाएको प्रा.वि. द्वितीय श्रेणीको पदअनुकूल बनाउन उपयुक्त देखिने भनी मिति २०६८।१२।२ गते निर्णय भै नजीरको रूपमा स्थापित भएको पाइन्छ। उक्त नजीरको आधारमा पनि नेपाल सरकारको मिति २०६६।४।४ को निर्णयअनुसार प्राथमिक तह तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा बढुवा भएका शिक्षकहरूको निर्धारण गरेको तलवमानको शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुरूपको देखिन नआउने।

विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट नै निवेदकहरूले प्रा.वि. तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा बढुवा भएपछि पनि निजहरूले साविक प्रा.वि. तृतीय श्रेणीमा कार्यरत् हुँदा खाईपाई आएको तलवमानभन्दा कम हुने गरी तलवमान निर्धारण भएको कारणबाट निवेदकहरूले शिक्षा नियमावली, २०५९ को नियम १०२ ले व्यवस्था गरेको तलवमान कायम नगरेबाट सोअनुरूपको सुविधा प्राप्त गर्नबाट बञ्चित हुन पुगेको देखिँदा निवेदकरूको प्रा.वि. द्वितीय श्रेणीको तलवमान शिक्षा नियमावली, २०५९ को नियम १०२ को व्यवस्थाअनुकूल हुने गरी तलवमान हालसम्म मिलान नभएको भए सो व्यवस्थाअनुकूल हुने गरी मिलान गर्नु गराउनू भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-०१४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हरिबहादुर बुढा*

मृतक अम्बरबहादुरको मृत्यु प्रतिवादी हरिबहादुर र कर्णबहादुरबीच भएको झगडा छुट्याउँन जाँदा झगडा गर्दै गरेका व्यक्तिहरूमध्ये एकले अर्कोलाई गरेको प्रहार पेटको रोगबाट कमजोर बनेका मृतकको पेटमा लाग्न गई सो कारणबाट पेटमा Blunt Trauma Abdomen भई निज मृतकको मृत्यु भएको भन्ने तथ्य मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन आएको देखिन्छ । यसमा निज मृतक अम्बरबहादुर रोकायाको मृत्यु हुनुमा यी विपक्षी प्रतिवादी हरिबहादुर बुढाको पूर्व रिसइवी रहेको वा निजलाई मार्नुपर्नेसम्मको कुनै कारण रहेको मिसिल संलग्न कुनै कागज प्रमाणबाट पनि पुष्टि हुन आएको देखिँदैन । मृतकसँग केवल घचेटा-घचेट लछारपछारसम्म भएको भन्ने देखिएबाट पनि केही मात्रामा निजको क्रिया (Action) जिम्मेवार देखिए तापनि मृतकलाई मार्नैपर्नेसम्मको पूर्व रिसइवी अथवा दूषित मनसाय (Mens Rea) थियो भन्न सकिने अवस्था नदेखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम रू. ५००।- (पाँचसय) रूपैयाँ जरीवाना र दुई वर्ष मात्र कैदको सजाय हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०७७५, उत्प्रेषण समेत, *मञ्जूदेवी उप्रेती वि. चित्रबहादुर के.सी. समेत*

मानो छुट्टिएपछि एक अंशियारले लिएको ऋणको दायित्व अन्य अंशियारले व्यहोर्नु नपर्ने हुँदा मिति २०६३।४।३० पछि निवेदिका समेत निज निवेदिकाका पतिले मिति २०६३।१२।१९ र २०६६।३।२९ मा लिएको ऋणको दायित्व विपक्षी राधिका उप्रेतीमा नरहेको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६७।९।१६ को आदेश, सो आदेशको आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।९।२३ मा भएको आदेश र मिति २०६७।५।१० को बण्डा मुचुल्काबमोजिम अंश मुद्दाको वादी राधिका उप्रेती र नाबालक रिकेश उप्रेतीको अंश भागको कि.नं. ६१९ को घरजग्गाबाट निजले पाएको भाग जति रोक्का रहेको घर जग्गा फुकुवा गरी दा.खा. दर्ता गर्न मिति २०६७।९।२९ मा गरिएको पत्राचार तथा मिति २०६७।१०।४ को कित्ताकाट समेतमा कानूनी त्रुटि नदेखिएकोले एवं फैसला अन्तिम भइसकेको कार्यलाई बदर गरिरहनु पर्ने कुनै औचित्य समेत देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको दु.फौ.पु.नं. ०६४-CR-०७८९, जालसाजी, *उसमान अन्सारी समेत वि.युसुफ अन्सारी*

प्रतिवादीहरूले पनि संवत् १९८३ सालको जमाबन्दीको कागजलाई अन्यथा भन्न नसकेको अवस्था हुँदा उक्त १९८३ सालको जमाबन्दीको कागज भनेको वादीसँग रहेको खम्बीर तथा अकाट्य प्रमाण मान्नुपर्ने देखिन आयो । वादीसँग भएको जस्तो पुनरावेदक प्रतिवादीहरूसँग साविकदेखिको कुनै पनि प्रमाण रहे भएको पाइएन । त्यस्तै प्रतिवादीहरूले उक्त जग्गा घर मैले भाडामा लिएको होइन । मेरो आफ्नै पिता पुर्खाका पालादेखिकै घर हो सोही घरमा बसोबास गर्दै आएको छु भनी प्रतिउत्तर दिएको तथा घर भाडाको कागज जालसाजी र सही कीर्ते हो भनी बयान समेत गरे तापनि उक्त मिति २०५१।३।१५ को घर भाडाको लिखतलाई विशेषज्ञसमक्ष जाँच गर्न पठाएकोमा हस्ताक्षरहरू एकआपसमा मिले भिड्ेको भन्ने विशेषज्ञको रायसहित लिखत जाँच भैआएको देखिन्छ । यसरी हेर्दा आधुनिक युगमा वैज्ञानिक तथा सूक्ष्म यन्त्रहरूको माध्यमले विभिन्न सिद्धान्तहरू अपनाई विभिन्न कोणबाट हेरी निष्कर्षमा पुगिने विधिबाट गरिएको हस्ताक्षरको जाँच र विशेषज्ञको रायलाई अन्यथा भन्न सकिने स्थिति पनि देखिएन । यसरी २०५१ सालमा घर भाडामा लिएको

लिखत पनि विशेषज्ञबाट जाँच गराउँदा समेत पक्का ठहर भएको छ। यसरी उल्लिखित विशेषज्ञको रायलाई हेर्दा यी प्रतिवादीहरूले वादीको घर जग्गा भाडामा लिई बसेका रहेछन् भन्ने कुरा पुष्टि हुँदा सो घर भाडाको कागज यी वादीले कीर्ते गरे भन्ने प्रतिवादीहरूको भनाई पुष्टि हुन आएन। तसर्थ उल्लिखित आधार प्रमाणबाट विपक्षीहरूले जालसाजीपूर्ण तरिकाबाट सर्जमीन मुचुल्का खडा गरी गलत चौहदी देखाएको ठहऱ्याएको शुरूको फैसला सदर हुने।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल बैशाख ३ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. ०६४-CI-०९८०, ०९८३, घरजग्गा मुचुल्का बदर, *इस्माइल अन्सारीको मु.स. गर्ने तैमन खातुन वि.युसुफ अन्सारी, अब्दुल रहमान अन्सारी समेत वि. युसुफ अन्सारी*
- २०६४ सालको दु.फौ.पु.नं. ०६४-CR-०७८६, ०७८७, जालसाजी, *इस्माइल अन्सारीको मु.स. गर्ने तैमुन खातुन वि.युसुफ अन्सारी, सुलेमान अन्सारी समेत वि. युसुफ अन्सारी*
- २०६४ सालको दे.पु.नं. ०६४-CI-०९८२, ०९८१, घर बहाल दिलाई घर खाली गराईपाऊँ, *सुलेमान अन्सारी वि. युसुफ अन्सारी वि. युसुफ अन्सारी, इस्माइल अन्सारीको मु.स. गर्ने तैमुन खातुन वि. युसुफ अन्सारी*
- २०६४ सालको दु.फौ.पु.नं. ०६४-CR-०७८४, ०७८५, जालसाजी, *इस्माइल अन्सारीको मु.स. गर्ने तैमुन खातुन वि.युसुफ अन्सारी, कलीमुद्दिन अन्सारी समेत वि. युसुफ अन्सारी*
- २०६४ सालको दु.फौ.पु.नं. ०६४-CR-०७८८, कीर्ते, *इस्माइल अन्सारीको मु.स. गर्ने तैमुन खातुन वि.युसुफ अन्सारी समेत*

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६३-CI-११६२, दर्ता बदर समेत, *मुन्द्रिका तेली समेत वि. रामकुण्डल यादव समेत*

जग्गाहरू खोलाको बगर भएको तथ्य सर्वे नक्सा र क्षेत्रीय किताबबाट देखिएको र सो कुरामा कुनै पक्षहरूबाट मौकामा विवाद नउठाई हाल आएर मात्र नदी उकास भएको भनी पुनरावेदक प्रतिवादीहरूको दावी कथन रहेकै कारणबाट मात्र निजहरूको निजी हकको हुने भनी मान्न नसकिने।

विवादित जग्गाहरूको प्रकृतिस्वरूप र अवस्थितिबाट समेत सो जग्गा सार्वजनिक प्रकृतिको रहेको नै देखिन्छ। जहाँसम्म लक्ष्मण यादव र यी पुनरावेदक प्रतिवादी चौथी थारूबीच व्यक्तिगत दावीको आधारमा चलेको भनिएको खिचोला मुद्दामा पनि दावीका जग्गामा वादी लक्ष्मण यादवको हकदैया नरहेको आधारमा उक्त मुद्दा न. ११-०६२-००३३१ को जग्गा खिचोला मेटाईपाऊँ भन्ने मुद्दामा पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०६३।८।१८।२ का फैसलाअनुसार सो मुद्दामा वादीको हक नपुग्ने आधारमा दावी खारेज हुने भनी उल्लेख भएको पाइएकोले त्यस आधारमा पनि प्रस्तुत मुद्दामा समेत प्रतिवादी रहेको चौथी थारूको हक नपुग्ने र ती जग्गाहरू सार्वजनिक प्रकृतिको भई गाईवस्तु चरण गर्ने गरेको भन्ने देखिन आएको समेतबाट कि.नं. ४१७ र ४२० को जग्गा सार्वजनिक कायम हुने।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०२९९, उत्प्रेषणमिश्रित परमादेश, *तिलक सिँह धामी समेत वि. जिल्ला शिक्षा कार्यालय, दार्चुला समेत*

शिक्षक पदपूर्ति गर्ने सम्बन्धमा साविकका विद्यालय व्यवस्थापन समितिले गरेको कामकारवाही अनियमितता भएको भन्ने सम्बन्धमा परेको उजूरीउपर छानबीन भई पुनः विज्ञापन गर्ने गरी सो विज्ञापन बदर भएको, विद्यालय अभिभावकहरूले शिक्षक पदपूर्ति सम्बन्धमा अनियमितता भएको सम्बन्धमा आवाज उठाई साविक विद्यालय व्यवस्थापन समितिप्रति

अविश्वास जनाई सो समिति विघटन गरी अर्कौ विद्यालय व्यवस्थापन समिति गठन गरिएको भन्ने देखिएको तोकिएको जिम्मेवारी पूरा गर्न नसक्ने विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्ने अधिकार जिल्ला शिक्षा समितिमा रहे भएकै देखिएको, हटाउनु पूर्व निवेदकहरूलाई सफाइको मौका दिइएको एवं हाल सो समितिमा रहन निवेदकको पदावधि समेत समाप्त भई रिट निवेदनको औचित्य समेत समाप्त भइसकेको देखिँदा निवेदक मागबमोजिम आदेश जारी हुने अवस्था नदेखिने ।

देशको दूरदराजमा रहेका विद्यालयलाई शिक्षा ऐनमा रहेको विद्यालयसम्बन्धी व्यवस्थाको बारेमा भएको संशोधनको बारेमा समयमा नै जानकारी नहुनु अस्वाभाविक पनि होइन । त्यसकारण शिक्षासम्बन्धी संशोधित कानूनी व्यवस्था थाहा नपाएर सरोकार राख्ने व्यक्तिले अनावश्यक रूपमा दुःख र हैरानी व्यहोर्नु नपरोस् र सोही कारणबाट परेको मुद्दामा अदालतले आफ्नो अमूल्य समय खर्चिन नपरोस् भन्नका लागि दुर्गम गाउँ गाउँमा समेत लागू हुने शिक्षा ऐन, नियमावलीसँग सम्बन्धित कुनै विषयमा संशोधन भएमा सोको जानकारी आफूलाई भएपछि जिल्ला शिक्षा कार्यालयले तीन दिनभित्र त्यस्तो संशोधित व्यवस्थाको जानकारी आफ्नो जिल्लाभित्रको विद्यालयलाई परिपत्रका रूपमा अनिवार्य रूपमा गराउनु भनी निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल असार ७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CR-०००७, भ्रष्टाचार, *प्रभातकुमार चौधरी वि. नेपाल सरकार*

प्रतिवादी प्रभातकुमार चौधरीले पास गरेको भनेको अनुक्रमाङ्क ०९४४६३२ भएको प्रमाणपत्रको प्रमाणीकरण गरी पठाई दिनु भनी उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरलाई मिति २०६७।२।१६ मा पत्र लेखी पठाएकोमा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको च.नं. १६६४ मिति २०६६।११।९ को र मिति २०६७।३।१७ को पत्रबाट पठाएको मिसिल संलग्न जवाफ हेर्दा प्रतिवादीले पेश गरेको अनुक्रमांक ०९४४६३२ को प्रमाणपत्र सम्बन्धित प्रमाणपत्र जारी गर्ने र अभिलेख राख्ने निकाय माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, इलाहावादबाट प्रमाणीकरण भई आउँदा सो अनुक्रमाङ्क नम्बर भएको प्रमाणपत्र, "परिषद् कार्यालय से निर्गत नही है/असत्य/जाली है" भनी लेखी आएकोले प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसूर गरेको ठहऱ्याई निजलाई सोही ऐनको दफा २९(२) बमोजिम रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CR-०६३७, भ्रष्टाचार, *नेपाल सरकार वि. राजन कुँवर*

प्रतिवादी राजन कुँवरले उल्लेख गरेको कथनअनुसार निजले प्रतिवादी शिव गिरीलाई दिएको रू.१,००,०००।- मध्ये यी प्रतिवादीले आफ्नो तर्फबाट रू.३०,०००।- दिएको भन्नेमा विवाद देखिँदैन । बाँकी रू.७०,०००।- दिने तीर्थमान तामाङ र मंगल तामाङको हकमा अनुसन्धानकर्ताले कुनै अनुसन्धान नगर्नुको साथै निजहरूलाई प्रतिवादी कायम नगरेको यस्तो अवस्थामा प्रतिवादी राजन कुँवरलाई निजलाई आफ्नो तर्फबाट रिसवत दिएको रू.३०,०००।- सम्मको बिगो कायम गरी सोही आधारमा सजाय गरेको विशेष अदालतको फैसला मिलेकै देखियो । त्यसकारण अनुसन्धानको सिलसिलामा मिसिल संलग्न कागज प्रमाणबाट रू. ७०,०००।- रिसवत दिने व्यक्तिहरू तीर्थमान र मंगल तामाङ भन्ने स्पष्ट खुलेको अवस्थामा ती व्यक्तिहरूउपर अनुसन्धान गरेको नदेखिएको तथा प्रतिवादी राजन कुँवरले रू.३०,०००।- मात्र रिसवत दिएको देखिएको अवस्थामा पूरै बिगोवापतमा यी प्रतिवादीलाई सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर मनासिब देखिन नआउने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल असार ३ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-०५४३, खिचोला मेटाई हक कायम चलन समेत, *भुवनलाल श्रेष्ठ वि. गोविन्दबहादुर तिवारी*

आफ्नो क्षेत्राधिकारभित्र दायर हुन आएका कुनै पनि निवेदन वा दरखास्तमा उठाएका वा माग गरिएका विषयमा मागबमोजिम हुने वा नहुने के हो भन्ने सम्बन्धमा निर्णय गर्ने कार्यालय वा निर्णयाधिकारीले सोही अवस्थामा निर्णय गर्नुपर्ने हुन्छ । तर, माग गरिएका विषयमा आंशिक रूपमा निर्णय गरी केहीमा मौनता अवलम्बन गरिएको अवस्थालाई अनिर्णित अवस्थामा नै राखिएको मान्नुपर्ने भई सो कार्यले व्यक्तिको हक लोप हुन सक्दैन । कसैलाई कुनै हकबाट बञ्चित गर्नु पर्दा सोको स्पष्ट कारण खोली निर्णय गर्नुपर्छ । यसरी कि.नं. ४१ को जग्गाको निर्णय हुन नै बाँकी रहेको र पूर्व निर्णयमा सम्बोधन नगरिएको स्थितिमा निवेदनमा कारवाही अन्तिम भैसकेको भनी निष्कर्षमा पुग्नु कानूनी त्रुटि हुन जान्छ । यसकारण २०३२।६।१ को निर्णयमा रैकर परिणत दर्ता माग गरिएको कि.नं. मध्ये ४१ को विषयमा कुनै निर्णय नै नभएको स्थिति हुँदा सो निवेदनको कारवाही अन्तिम नभई कारवाहीमा निरन्तरतामा नै रहेको मान्नुपर्ने ।

मिति २०३२।४।२१ को निवेदनको निरन्तरता नरहेको भनी वादी दावी नपुग्ने ठहर गरेको शुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।१०।२ को फैसला मिलेको नहुँदा उल्टी हुन्छ । अब, कि.नं. ४१ विषयमा मिति २०३२।४।२१ मा यी वादी पुनरावेदकको बाबुले दिएको निवेदनमा कारवाही गरी रैकर परिणत दर्ता सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी मालपोत कार्यालय, काठमाडौंका नाउँमा लेखी पठाइ दिने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CR-०४१७, जालसाजी, *भुवनलाल श्रेष्ठ वि. गोविन्दबहादुर तिवारी समेत*
- ०६६-CI-०४१८, जालसाजी, *भुवनलाल श्रेष्ठ वि. गोविन्दबहादुर तिवारी समेत*
- ०६६-CI-०५४४, लिखत दर्ता बदर, *भुवनलाल श्रेष्ठ वि. गोविन्दबहादुर तिवारी समेत*
- ०६६-CI-०५४५, लिखत दर्ता बदर, *भुवनलाल श्रेष्ठ वि. गोविन्दबहादुर तिवारी समेत*

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CR-०४५८, हाडनाता जवर्जस्ती करणी, *नेपाल सरकार वि. मानबहादुर मगर*

चिकित्सकको राय हेर्दा पीडितलाई करणी गरेको यकीनसाथ भन्न नसकिने, निजको योनी वरिपरि नीलडाम, चोटपटक नदेखिएको, निजको कन्याजाली अक्षत रहेको तथा यौनाङ्गमा वीर्य नदेखिएको भन्ने देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा समेत पीडितलाई पहिले करणी गरेको कुरालाई स्वीकार गरी बयान गरेको र पीडितले समेत निज प्रतिवादीले आफूलाई पटक-पटक करणी गरेको कुरा मौकाको कागजमा लेखाई दिएको अवस्थामा करीब छ महिना पहिलादेखि पटक-पटक करणी गरेको अवस्थामा योनी वरिपरि नीलडाम चोटपटक नदेखिनु स्वाभाविक हुन्छ । फौजदारी मुद्दामा प्रमाणको रूपमा विशेषज्ञको रायलाई ठाडै इन्कार गर्न सकिँदैन । तर, सो रायलाई न्यायकर्ताले मिसिल संलग्न अन्य प्रमाणको परिप्रेक्ष्यमा विश्लेषण गर्नुपर्ने हुन्छ । विशेषज्ञको रायलाई निरपेक्ष मानेर निचोडमा पुग्ने हो भने अनुसन्धानकर्ताले अनुसन्धानको क्रममा तयार गरेको अन्य स्वतन्त्र प्रमाण गौण हुने मात्र नभई यसबाट समग्र अनुसन्धान पद्धति नै प्रभावित हुन जाने ।

जवर्जस्ती करणी हुनको निम्ति स्त्रीको यौनीभित्र पुरुष जनेन्द्रिय पूर्ण रूपमा प्रवेश भएकै हुनुपर्ने, स्त्रीको कन्याजाली च्यातिएको वा फाटेको हुनुपर्ने वा पुरुष वीर्य वा सोको दाग लागेकै हुनुपर्ने अनिवार्यता समेत नरहेको, वीर्य स्खलनसहित वा रहित योनीको बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु मात्र पनि कानूनी प्रयोजनको निम्ति जवर्जस्ती करणीको कसूर हुन पर्याप्त हुने भनी यस अदालतबाट (*नेकाप* २०६५, बैशाख, नि.नं. ७९२३, अङ्क १, पृष्ठ ११०) सिद्धान्त समेत

प्रतिपादित भैसकेको पाइँदा केवल विशेषज्ञको रायलाई आधार लिई मिसिल संलग्न अन्य प्रमाणको विश्लेषण नगरी प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला नमिलेको हुँदा सो फैसला उल्टी हुन्छ। प्रतिवादी मानबहादुर मगरलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, जवर्जस्ती करणीको ३(३) बमोजिम ८ वर्ष कैद ऐ.को ३(क) नं. बमोजिम थप ५ वर्ष कैद, हाडनाता करणीको ५ नं. ५ बमोजिम १ वर्ष कैद गरी जम्मा १४ वर्ष कैद तथा प्रतिवादीबाट पीडितलाई रू. १०,०००।- क्षतिपूर्ति भराई दिने ठहर्ने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०७४५, ०९४०, कर्तव्य ज्यान, *कालु तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. विजय तामाङ समेत*

कर्तव्य ज्यानको सबै वारदातमा मृतकलाई मार्ने पूर्व योजना, पूर्व मनसाय, पूर्व रिसइवी जस्ता मनसायतत्व वारदातभन्दा पहिले नै रहेको हुनैपर्छ भन्ने हुँदैन। कुनै अर्को अपराध गर्ने मनसाय भएको व्यक्तिले सो अपराध गर्ने क्रममा तत्काल मनसाय सिर्जना भई कर्तव्य ज्यानको अपराध गर्न सक्दछ। त्यसैगरी मनसायविहीन रूपमा कुनै कार्य भइरहेको अवस्थामा सो कार्य गर्ने व्यक्तिले तत्काल कर्तव्य ज्यानको मनसाय निर्माण गरी सो अपराध गरेको हुनसक्ने।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा लात्ती र चीरपटले हानेको भनी बयान गरेको देखिए पनि मृतकको मृत्यु भइसकेपछि हानेको भनी निजहरूले अदालतमा भएको बयानमा उल्लेख गरेको पाइन्छ। प्रतिवादी कालु तामाङले अदालतमा बयान गर्दा मृतकलाई मैले मात्र मारेको भनी साविती भई आफ्नो व्यहोरा लेखाएको देखिन्छ। मृतकको कालु तामाङलाई ढुङ्गा र खुकुरी प्रहार गर्दा र प्रतिवादी कालु तामाङले मृतकउपर ढुङ्गा र चीरपट प्रहार गर्दा यी प्रतिवादीहरू वारदातस्थलमा पुगिनसकेको र निजहरू प्रतिवादी कालु तामाङले मृतकलाई चीरपटले प्रहार गरेपछि मात्र वारदातस्थलमा पुगेको मिसिलबाट देखिएको छ। यी प्रतिवादीहरूले मृतकलाई मार्नुपर्ने कुनै रिसइवी र कुटपीट गरेको नदेखिनुको साथै प्रत्यक्षदर्शी नोरमायाँ तामाङले समेत प्रतिवादी कालु तामाङ र मृतकबीच झगडा भएको भन्ने उल्लेख गरी यी प्रतिवादीहरूको बारेमा उल्लेख गरेको नदेखिँदा मृतकको मृत्युमा यी प्रतिवादीहरूको संलग्नता नदेखिँदा निजहरूलाई अभियोग माग दावीबमोजिम सजाय हुन नसक्ने हुँदा प्रतिवादीहरूमध्येका कालु तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने र प्रतिवादीहरू विसु तामाङ र विजय तामाङलाई अभियोग दावीबाट सफाइ हुने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल साउन २४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०४१८, कर्तव्य ज्यान, *राजकुमार तेइसिङ्ग तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो कर्तव्यले मृतकको मृत्यु भएको हो भनी स्वीकार गरी गरेको बयानलाई जाहेरी दरखास्तमा उल्लिखित व्यहोरा, लासजाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनमा उल्लिखित मृत्युको कारण, जाहेरवालालगायत अनुसन्धानको क्रममा कागज गर्ने अधिकांश व्यक्तिले अदालतमा बकपत्र गर्दा लेखिदिएको व्यहोराबाट समर्थित भएको देखिएको हुँदा निजको कर्तव्यबाट नै मृतकको मृत्यु भएको पुष्टि हुने।

न्यायकर्ताले तजवीजी अधिकारको प्रयोग जस्तोसुकै अवस्थामा पनि गरी सजाय घटाउन थाल्यो भने विधिकर्ताले यो संरचनाको दुरूपयोग हुन जान्छ। वारदातको प्रकृतिले भवितव्य वा सो सरहको परिस्थिति त होइन भन्ने तरंग न्यायिक मनमा उठ्न आवश्यक भएको अ.बं. १८८ नं. को संरचनाले पुष्टि गर्छ। योजनावद्ध तरिकाले पूर्व अठोटकासाथ क्रूरतापूर्वक गरिएको हत्याका हकमा पनि अ.बं. १८८ प्रयोग गरी सजाय घटाउनु न्यायोचित हुन नसक्ने।

यी प्रतिवादीले मृतक बोक्सी भएको भन्ने अन्धविश्वासमा आफू परी आफ्नो र परिवारको हितको

लागि निजलाई मार्नुपर्ने भन्ने निष्कर्षमा पुगी मारेको भन्ने उल्लेख गरेको देखिए पनि निज आफ्नो कार्यको प्रकृति र परिणामको सम्बन्धमा विचार गर्नसक्ने मानसिक अवस्थामा रहेको देखिएको, आफू विरामी हुनुका कारण मृतक हो भनी आफैंले निष्कर्ष निकाली निजलाई मार्ने ईच्छा राखी बञ्चरो जस्तो धारिलो जोखिमी हतियारले मृतकको टाउको जस्तो संवेदनशील ठाउँमा पटक-पटक प्रहार गरेको निर्विवाद रूपमा पुष्टि भएको अवस्थामा निजलाई अ.बं. १८८ नं. को प्रयोग गरी सजाय कम गर्नु उपयुक्त नहुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल साउन २४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०५१५, RC-००२१, कर्तव्य ज्यान, *ओमराज बुढा वि. नेपाल सरकार, नेपाल सरकार वि. ओमराज बुढा*

घटना विवरण कागज गर्ने बरमन बुढा र रामसुर थापा समेतका व्यक्तिले मृतक गला बुढाको मृत्यु प्रतिवादी ओमराज बुढाको कर्तव्यबाट भएको हो । पैसाको कारणले गर्दा निज प्रतिवादी ओमराज बुढाले गाई बाँध्ने किला र चक्कु समेत प्रहार गरी हत्या गरेका हुन् भनी अदालतमा बकपत्र गरेको देखिएबाट यी प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतमा समेत मृतक गला बुढालाई आफूले कर्तव्य गरी मारेको भनी अभियोगपत्रमा उल्लिखित कसूर स्वीकारी गरेको बयान समर्थित हुन आएकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल साउन २४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०२७८, डाँका चोरी, *सोवीराम झाँक्री वि. नेपाल सरकार*

प्रतिवादी प्रकाश पुनको साथबाट बरामद भएको नगद ने.रू. भा.रू. समेत रू. ३०,५७५।- राजमार्ग छेउमा जंगलबाट बरामद भएको रकम रू.२,५२,३५३।४० र सोही ठाउँबाट बरामद भएको जिन्सी सामानको मूल्याङ्कन भई कायम भएको रू.२४,४६१।- यी पुनरावेदक सोवीराम झाँक्रीले आफूले लिई आएको नगद माओवादी कमाण्डर श्याम सुन्दरले लिएको भनी बयान गरेको हुँदा सो रकम रू.१,६०,०००।- को मिसिलबाट बिगो कायम भइरहेको देखिएको अवस्था छ । यसका अतिरिक्त फरार रहेका प्रतिवादीले पनि डाँका गरेको धनमाल लिई गएको भन्ने मौकाका बयानबाट देखिने र पुनरावेदक सोवीरामले तीनवटा मोबाइल समेत लगेको भनी बयानमा स्वीकार गरेको देखिएबाट पुनरावेदन अदालतले डाँकाको बिगो रू.४,९८,८५०।- भनी शुरूले कायम गरेका बिगोलाई बढाई बढी बिगो कायम गरेकोलाई अन्यथा गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल साउन २४ गते् रोज ४ शुभम् ।

७

**मा न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०३८०. कर्तव्य ज्यान, ज.क. उद्योग, *पूर्णबहादुर तिम्सिना वि. नेपाल सरकार*

पीडितको पहिलेदेखि कै विभिन्न कार्य वा अभिव्यक्तिले प्रतिवादीलाई आवेश वा उत्तेजनामा ल्याउने पृष्ठभूमि तयार गरेको हुनसक्ने भए पनि पीडितले तत्काल उत्तेजना सिर्जना गर्ने हदसम्मको कुनै कार्य गरेको हुनुपर्दछ, जसको प्रतिक्रियास्वरूप प्रतिवादीले आफूलाई नियन्त्रण गर्न नसकेको होस् । यसबाट पीडितको कार्य (Provocative action) विगतदेखि हुँदै आएको (Cumilative) भए पनि सोको अन्तिम कडी तत्काल भएको हुनुपर्ने ।

प्रतिवादीलाई उत्तेजनामा ल्याउने गरी पीडितको कार्य पीडितबाहेकका अन्य व्यक्तिको आचरण, कार्य वा अभिव्यक्तिको आधारमा भएको हुन नहुने ।

सामान्यतया पीडितको उत्तेजक कार्य प्रतिवादीप्रति नै लक्षित भएको हुनुपर्दछ अर्थात् प्रतिवादी त्यस्तो आवेशमा आउने गरी निजलाई नै लक्षित गरी पीडितले कुनै कार्य गरेको हुनुपर्ने ।

विशेष परिस्थितिमा स्वीकार गर्न सकिने अपवादको आधारमा पीडितको उत्तेजक कार्य प्रतिवादीप्रति नै लक्षित भएको हुनुपर्ने भन्ने सामान्य नियमको अनुचित विस्तार गर्नु मनासिब नहुने ।

उत्तेजनामा ल्याउने गरी भएको पीडितको कार्य प्रतिवादीले आफ्नो मानसिक नियन्त्रण गुमाउने स्थिति उत्पन्न गर्न सक्ने गरी उत्तेजक हुनु पर्दछ । पीडितको सामान्य कार्य वा भनाईको प्रतिक्रियास्वरूप प्रतिवादी आफैँ अत्याधिक उत्तेजनामा आएमा उसलाई प्रतिरक्षा प्राप्त हुन नसक्ने ।

प्रतिवादीकै परिवेश वा समान अवस्था र हैसियतको अन्य सामान्य समझ भएको व्यक्ति उक्त अवस्थामा प्रतिवादी सरह उत्तेजित हुन्थ्यो भन्ने कुरा वस्तुगत रूपमा स्थापित गर्न सकिने हुनुपर्दछ । यसबाट पीडितको उत्तेजक कार्य र प्रतिवादीको उत्तेजनाको बीचमा अनुपातिक सम्बन्ध (Proportional relationship) स्थापित भएको देखिनु पर्ने ।

कानूनबमोजिम गरेको कार्यको प्रतिक्रियास्वरूप प्रतिवादी आफैँ अत्याधिक उत्तेजना वा आवेशमा आई पीडितलाई हानि पुऱ्याउँछ वा निजको ज्यान जाने कुनै कार्य गर्दछ भने त्यस्तो प्रतिवादीलाई अत्याधिक आवेशको प्रतिरक्षा प्राप्त हुन नसक्ने ।

अरूको कानूनी हकको सम्मान गर्नु पर्ने कर्तव्य सबैले पूरा गर्नुपर्ने स्वाभाविक कानूनी अपेक्षा हुने भएकाले आफूलाई चित्त नबुझ्ने कार्य गरेको भन्ने आधारमा मात्र कानूनी कार्यको प्रतिक्रियास्वरूप भएको अत्याधिक आवेशलाई प्रतिरक्षाको आधार मान्न नसकिने ।

उत्तेजक कार्य र यसको प्रतिक्रियात्मक कार्यको बीचमा अन्तराल भएमा सो अन्तरालले प्रतिवादीमा आएको आवेश शान्त गराउने (Cooling-off) वा मनसाय तत्वको सिर्जना गर्ने (Creation of Intention) समय प्रदान गर्ने हुनाले यस्तो अन्तरालपछि पनि प्रतिवादीले पीडितमाथि आक्रमण गरेमा उसको यस्तो आक्रमक कार्यलाई आवेशप्ररित कार्यको रूपमा लिन नसकिने ।

पीडितको उत्तेजक कार्यको तत्काल प्रतिक्रियास्वरूप प्रतिवादीले आफैँउपरको नियन्त्रण पूर्णरूपमा गुमाई कुनै कार्य गर्दा पीडितको ज्यान मर्न गएको अवस्थामा प्रतिवादीले आवेशको जिकीर लिनसक्ने र आंशिक प्रतिरक्षाको सुविधा पाउनसक्ने ।

मृतकले आफ्नो कानूनी अधिकारको प्रयोग गरी करणीको लागि सहमति नदिनु नै यी प्रतिवादीले आफूउपरको नियन्त्रण पूर्णतः गुमाउने गरी आवेशमा आउन सक्ने अवस्थाको सिर्जना गर्ने आधार बन्न नसक्ने ।

कर्तव्य ज्यानको अपराध कायम हुनको लागि सबै अवस्थामा पूर्व रिसइवी, पूर्वमनसाय वा पूर्वयोजना आवश्यक पर्दछ भन्ने हुँदैन । आपराधिक कार्य विभिन्न कडीहरू (Segments) को रूपमा रहेको अवस्थामा कुनै कडीमा आपराधिक मनसायको उपस्थिति भएमा अपराध कायम हुनको लागि सो आपराधिक मनसाय पर्याप्त हुने ।

मार्ने मनसाय कति समयभित्र बन्नु पर्दछ भनेर कुनै पनि सीमामा बाँध्न सकिने कुरा होइन । यो मानसिक अवस्था धेरै पहिलेदेखि रहेको होस् वा तत्काल उत्पन्न भएको होस् यसले आपराधिक कार्यलाई मनसायपूर्वक गरिएको स्थापित गराई सम्पन्न अपराधको प्रकृतिलाई कुनै प्रभाव पार्न नसक्ने ।

यी प्रतिवादीमा मृतकले करणीको लागि सहमति दिन इन्कार गरे पनि निजमा मृतकलाई मार्ने मनसाय उत्पन्न भएको देखिएकोले मृतकलाई मार्ने निजको कार्यलाई मनसाय प्रेरित कार्य नै मान्नु पर्ने हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

इति संवत् २०६९ साल साउन २४ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०४१२, कर्तव्य ज्यान, *बीरमान लुङ्गेली (मगर) वि. नेपाल सरकार*

फौजदारी अपराधमा जरियाको सिद्धान्त (Doctrine of Causation) अनुसार फौजदारी दायित्व वहन गराउनका लागि फौजदारी कानूनले निषेध गरेको परिणाम कसको कार्यबाट उत्पन्न भएको हो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । कुनै व्यक्तिको कार्यको परिणामस्वरूप आपराधिक घटना भएको अवस्थामा सो निषेधित परिणामको लागि त्यस्तो कार्य गर्ने व्यक्ति जिम्मेवार हुन्छ । कार्य र परिणामको अवधि लामो अन्तरालयुक्त भएको अवस्थामा तेस्रो पक्षको कुनै कार्य वा मृतकको अनपेक्षित व्यवहार वा अन्य कुनै कारणले निषेधित परिणाम ल्याउनमा योगदान

गरेको अवस्थामा त्यस्तो परिणामको लागि पहिलो जिम्मेवार मानिएको प्रतिवादीको फौजदारी दायित्व निर्धारण गर्नु न्याय निरोपण गर्ने निकायको अत्यन्त महत्वपूर्ण र जटिल दायित्व बन्न पुग्दछ । तर प्रस्तुत मुद्दामा यी प्रतिवादीको चोट प्रहारले बेहोस भएकी मृतक उपचारको क्रममा समेत निरन्तर बेहोस रही सोही कारणबाट निजको मृत्यु भएको देखिएकाले यी प्रतिवादीकै चोट प्रहारबाट मृतकको मृत्यु भएकोमा विवाद नदेखिने ।

कुनै समयमा अचानक अत्यधिक रिस उठ्ने वा उच्च रक्तचाप वा अन्य रोगको कारणले कुनै समयमा आफूउपरको नियन्त्रण केही क्षणका लागि गुमाउने व्यक्तिले फौजदारी दायित्वबाट पूर्ण उन्मुक्तिको दावी गर्नसक्ने प्रतिरक्षासम्बन्धी कानूनी व्यवस्था समेत भएको पाइँदैन । अत्यधिक रिस वा आवेश मृतकको कुनै क्रिया, भनाई वा व्यवहारको प्रतिक्रियास्वरूप प्रतिवादीमा उत्पन्न हुनसक्ने मानवीय स्वाभाविक अवस्था हो । यी प्रतिवादीको हकमा अत्यधिक रिस वा आवेशमा आउनु पर्नेसम्मको कुनै कार्य वा व्यवहार मृतकले नगरेको अवस्थामा यी प्रतिवादीको सो दावीलाई स्वीकारयोग्य मान्न नसकिने ।

मृतकको टाउकोको हड्डी फुटी आन्तरिक रक्तश्राव समेत भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको छ । यस्तो अवस्थामा प्रतिवादीको प्रहारबाट नै मृतकको टाउकाको हड्डी फुटेको र सोही चोटबाट थला परी मृत्यु भएको प्रमाणित भइरहेको अवस्थामा ज्यान सम्बन्धीको ८ नं. यी प्रतिवादीले गरेको कार्यको हकमा आकर्षित हुने देखिन आउँदा निजको सो जिकीरसँग सहमत हुन सकिने अवस्था देखिएन । यसबाट यी प्रतिवादीकै चोट प्रहारबाट मृतकको मृत्यु भएको पुष्टि हुने ।

अ.वं १८८ नं. को प्रयोग गर्दा पनि केही न्यायिक आधार अवलम्बन गर्नुपर्ने हुन्छ । अन्यथा विधिकर्ताले ठूलो विश्वासका साथ न्यायकर्तालाई प्रदान गरेको यो तजविजी अधिकारको सुदुपयोग हुन सक्दैन । प्रस्तुत विवादमा खाजा समयमा नबनाएकोले तत्काल उठेको आवेगमा दाउराको चीरपटले प्रहार गर्न पुग्दा मृतकको टाउकोमा चोट पुगी मृत्यु भएको छ । पटक पटक प्रहार गरी मृतकलाई मार्ने नै मनसायको पुष्टि भएको छैन । यो क्षणिक आवेगबाहेक मृतकलाई प्रतिवादीले मार्नुपर्ने कारण पनि केही छैन । दाउराको चीरपटलाई जोखिमी हतियार भन्न पनि सकिँदैन । यो प्रहार टाउकोमा बाहेक अन्यत्र परेको भए मृतकको ज्यान जान नसक्ने स्थिति पनि पर्दथ्यो । दाउराको चीरपटको प्रहारलाई सावधानीपूर्वक भएको प्रहार मान्न नमिल्ने ।

मृतक प्रतिवादीकी श्रीमती हुन् भन्ने कुरा सजाय घटाउने आधार बन्न सक्दैन । एक व्यक्तिले अर्को व्यक्तिको ज्यान लिन्छ र ज्यानसम्बन्धीको ७ नं. समेतका उन्मुक्ति पाउने अवस्थामा पर्दैन भने यो सजायभागी अपराधकै कोटीमा पर्ने ।

कसूरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को पर्ने महसूस गर्ने आधार छ छैन भन्ने यकीन गर्नुपर्ने वाध्यता अ.वं. १८८ नं. ले सिर्जना गरेको छ । चित्तमा लाग्ने भन्ने कुरा मनोगत हुन सक्दैन । सर्वप्रथम आधार र कारणको विश्लेषणबाट नै अ.वं. १८८ नं. को प्रयोग हुने वा नहुने निष्कर्ष निकाल्नु पर्दछ । न्यायाधीशले गर्ने निर्णय सार्वजनिक सम्पत्ति हुन पुग्ने भएबाट चित्तमा लाग्यो तसर्थ सजाय घटाइयो भन्नु नै अ.वं. १८८ नं. का लागि पर्याप्त नहुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्यूटरः रानु पौडेल

इति सम्वत् २०६९ साल श्रावण २४ गते रोज ३ शुभम ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको CR-०१६२, २००, भ्रष्टाचार, *नेपाल सरकार वि. देवीप्रसाद लुइँटेल, देवीप्रसाद लुइँटेल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी देवीप्रसादले तत्कालीन शाही नेपाली सेना गद्वाघर डिपोको रकम गैरकानूनी ढगले निकालेको भन्ने मुख्य आरोप रहेकोमा, निजले त्यसरी रकम निकाल्दा भौचरै नउठाउने गरेको र भौचर उठाएकोमा पनि चेकमा अङ्क अक्षर थप्न मिल्ने ठाउँ राखी सही गराएपछि मात्र अङ्क अक्षर थप्ने गरेको र त्यसरी भौचर नउठाएकोमा थोरै रकम भुक्तानी लिने चेकहरू

तयार गरी डिपोपतिलाई दस्तखत गराइसकेपछि बढी रकमको अङ्क अक्षर थप्ने गरेको भन्ने दावीलाई मिसिल संलग्न रहेको विभिन्न मितिका चेकहरूले समर्थन गरिरहेको देखिन्छ । तर रकम झिकिएको भनिएका मिसिल संलग्न नभए नरहेका सम्पूर्ण गोश्वारा भौचर तथा निजको नाममा निकालिए बाहेकका वा निजको हस्ताक्षर नभए नपरेका चेकहरू सम्पूर्णको बिगो रकमको दावी र सो हिनामिना भएको सबै रकम यी प्रतिवादी देवीप्रसादले मात्र लिए खाएको भन्ने तथ्य मिसिल संलग्न कागजातहरूबाट प्रष्ट पुष्टि हुन नसकिरहेको स्थितिमा पुनरावेदक प्रतिवादीउपर मात्र सम्पूर्ण कसूरको दायित्व थोपर्नु इन्साफको रोहमा प्राकृतिक न्याय सिद्धान्त समेतबाट न्यायोचित हुन जाने नहुँदा निज प्रत्यक्ष संलग्न भई हिनामिना गरेको देखिएको रकमसम्मको हकमा मात्र यी प्रतिवादीलाई कसूरदार कायम गर्न सकिने स्थिति भई सो बाहेकको रकममा भन्ने यी प्रतिवादीलाई कसूर कायम गर्न नमिल्ने हुँदा पुनरावेदक देवीप्रसादको कार्यकालभरिमा निजको प्रत्यक्ष संलग्नतामा चेक कीर्ते गर्दै भ्रष्टाचारजन्य कार्य गरी तत्कालको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिम रू. १६,२८,१४३।६४ पैसा र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम रू.१९,००,०००।- समेत जम्मा बिगो रू.३५,२८,१४३।६४ पैसा मात्र हिनामिना गरी भ्रष्टाचारको कसूर गरेको ठहर्‍याउँदै सो बिगो रू.३५,२८,१४३।६४ (पैतीस लाख अठ्ठाइस हजार एकसय त्रिचालीस रूपैया चौसठ्ठी पैसा) असूल गरी दुई वर्ष ६ महिना कैद र रू.१९,००,०००।- (उन्नाइस लाख रूपैयाँ मात्र) जरीवाना हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको फौ.पु.नं. ३८१५, ३८१९, ००७५, २०६४ सालको फौ.पु.नं. ०३२५, भ्रष्टाचार, *नारायणप्रसाद अधिकारी वि. नेपाल सरकार, रामेश्वर भारती वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरेन्द्रप्रसाद सिँह समेत, सुरेन्द्रप्रसाद सिँह समेत वि. नेपाल सरकार*

विशेष अदालतको फैसलाउपर यस सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने भएकोले तथ्यगत विषयमा यहाँबाट सबूद प्रमाण बुझी तथ्यको निरोपण गर्दा सिद्धान्ततः पूर्ण न्यायको प्रयोजनार्थ गर्ने एक तह पुनरावेदन गर्न पाउने न्यायिक सोचमा प्रतिकूल असर पर्न सक्छ । नयाँ तथ्य विषयमा पक्षको पुनरावेदन गर्न पाउने अवसर पाउने अवस्था हुँदैन । तसर्थ पूर्ण न्याय प्राप्तिको प्रयोजनार्थ पक्षले एक तह पुनरावलोकन गर्न पाउने अवसरबाट बञ्चित हुन नपरोस् भन्नाको खातिर उपरोक्त विशेष अदालतबाट बुझ्नुपर्ने र निरोपण गर्नुपर्ने तथ्यगत विषयवस्तुहरू बुझेको र निरोपण हुन नसकेको हुँदा सो सम्बन्धमा निर्णयार्थ त्यही अदालतमा मिसिल पठाउनु न्यायोचित् देखिने ।

प्रथम चरणमा सेखौना र हरकटवा पर्छ पर्दैन, मिति २०५८।११।१६ मा के कति घनत्वका रूखहरू थिए भनी सबूद प्रमाण बुझ्नुपर्ने अनि कसूर कायम हुँदाका बखत के कति कसूर कायम हुने भनी निरोपण हुन पर्ने अवस्था रहेकोमा त्यसतर्फ के कति हानि नोक्सानी प्रतिवादीहरूबाट भएको हो सो सम्बन्धमा बुझ्नुपर्ने व्यक्तिहरू बुझेको नदेखिनुको साथसाथै आवश्यक तथ्यगत विषयहरू पनि विशेष अदालतबाट बुझेको नदेखिँदा त्यहाँबाट मिति २०६२।११।१० मा भएको फैसलामा अ.बं. १८४(क) प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको त्रुटि रहेको देखिँदा बदर गरी दिएको छ, अब जे जो बुझ्नुपर्ने प्रमाण बुझी तथ्यगत तथा कानूनी प्रश्नमा समेत निर्णय गर्नु भनी तारिखमा रहेको प्रतिवादीहरूलाई विशेष अदालतको तारिख तोकी मिसिल समेत पठाई दिने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको फौ.पु.नं.३७५४, ३७७४, ००७१, ०७०९, भ्रष्टाचार, *अरूणकुमार सिँह वि. नेपाल सरकार, सरोजानन्द मिश्र वि. नेपाल सरकार नेपाल सरकार वि. अमिरी यादव समेत, अमरी राय यादव वि. नेपाल सरकार*

पहिले कटान भएका ठुटा कति थिए र मिति २०५८।११।१६ देखि २०५९।३।१३ सम्ममा कटान कति भएको थियो भनी यकीन गर्न जम्मा ठुटा संख्याबाट

पहिलेका पुरानो ठुटाहरू घटाउनु पर्ने हुन्छ। त्यस्तो कुनै कार्य नभई पहिले-पहिले कटान भएका पुराना ठुटाहरू पनि समावेश गरी पुनरावेदक प्रतिवादीलाई कसूरदार कायम गरेको दखियो। यसतर्फ वास्तवमा पहिला पुराना ठुटा कति थिए र हालमा कति छन् भनी प्रमाण बुझी मूल्याङ्कन गरी निर्णयमा पुग्न पर्ने काम विशेष अदालतबाट भएको नदेखिने।

जुनजुन प्रतिवादी मिति २०५८।८।२० देखि २०५९।३।१३ को अवधिभित्र आयोजनाको प्रथम चरण क्षेत्रको वनसँग आवद्ध थिए वा सो अवधिभित्र निजहरू कार्यरत् रहँदाको अवधिसम्मको रूख कटानीको जिम्मेवारीको कुरा हुन सक्छ। सो अघि वा पछिको अवधिभित्रको होइन। आफू त्यस क्षेत्रबाट सरूवा भई अन्यत्र कार्यार्थ गइसकेको, रूख काटिएको पनि जोडियो भन्ने जिकीरतर्फ पनि कुनै खास बुझ्ने कार्य विशेष अदालतबाट भएको नदेखिने।

प्रतिवादीहरूलाई कसूरदार ठहर्‍याई सजाय गर्दा निजहरूको के कति कार्यकाल वा कार्य अवधिभित्र के कति रूख काटिएको हो त्यतिसम्मको जिम्मेवारीसम्म बहन गर्नुपर्नेमा अघि-अघिका काटिएका रूखहरूको हिसाब गरी कसूर कायम गरी सजाय गरिएको फैसला मिलेको नदेखिने।

पहिले-पहिले पनि रूख कटान हुँदै आएको र यस मुद्दाको अनुसन्धान शुरू भएपछि पनि रूखहरू काटिँदै गएको स्पष्ट देखिएको अवस्थामा पहिले पहिले काटिएका रूखहरू र अनुसन्धान भएपश्चात् काटिएका रूख पनि गाभेर प्रतिवादीहरू विरूद्ध आरोप लगाउनु मनासिब नदेखिएको हुँदा मिति २०५८।८।२० र मिति २०५९।९।१३ मा भू-उपग्रहको चित्रबाट के कति आयतनका रूखहरू देखिन्छ ? सो दुई आँकडाको अन्तरबाट के कति हानि भएको हो सो तथ्य अगाडि आउन सक्नेमा त्यसतर्फ सबूद प्रमाण बुझ्ने कार्य भएको नदेखिने

विवादित मनुष्मारा सिँचाई आयोजनाको प्रथम चरणअन्तर्गत जल उपभोक्ता समितिको अध्यक्ष सुरेन्द्रप्रसाद सिँह र दोस्रो चरणअन्तर्गत मूल समितिका अध्यक्ष अमिरीराय यादव लगायत सो समितिमा रहेका पदाधिकारीहरू र प्रतिवादी बनाइएका व्यक्तिहरूको नामावली हेर्दा सो समितिमा रहेका अध्यक्ष र केही पदाधिकारीहरू बाहेक सबै पदाधिकारीहरूलाई प्रतिवादी बनाइएको नदेखिँदा सो सिँचाई नहरको किनारामा लगाइएका रूखहरू र पानीको उपभोक्तासँग कुनै न कुनै रूपमा सम्बद्ध रहेको तर प्रतिवादी नबानाइएका सो जलउपभोक्ता समिति तथा मूल समिति र सो अन्तर्गतका शाखा, प्रशाखा नहर तथा ब्लक समितिहरू समेतसँग आवद्ध यस्ता पदाधिकारी र व्यक्तिहरूलाई आवश्यकताअनुसार अ.बं. १३९ नं. बमोजिम बुझी नतिजामा पुग्न पर्ने।

प्रथम चरणमा लेखौंना र हरकटवा पर्छ पर्दैन, मिति २०५८।११।१६ मा के कति घनत्वका रूखहरू थिए भनी सबूद प्रमाण बुझ्नुपर्ने अनि कसूर कायम हुँदाका बखत के कति कसूर कायम हुने भनी निरोपण हुनपर्ने अवस्था रहेकोमा त्यसतर्फ के कति हानि नोक्सानी प्रतिवादीहरूबाट भएको हो सो सम्बन्धमा बुझ्नुपर्ने व्यक्तिहरू बुझेको नदेखिनुको साथसाथै आवश्यक तथ्यगत विषयहरू पनि विशेष अदालतबाट बुझेको नदेखिँदा त्यहाँबाट मिति २०६२।११।१० मा भएको फैसला, अ.बं. १८४ (क), प्रमाण ऐन, ०३१ को दफा ३ र ५४ समेतको त्रुटि रहेको देखिँदा बदर गरी दिएको छ, अब जो जे सबूद प्रमाण बुझ्नुपर्ने हो बुझी तथ्यगत तथा कानूनी प्रश्नमा समेत निर्णय गर्नु भनी तारिखमा रहेका प्रतिवादीहरूलाई विशेष अदालतको तारिख तोकी मिसिल समेत पठाई दिने।

इजलास अधिकृतः वशन्तजङ्ग थापा

इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम्।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०५२९, ०६३८, कर्तव्य ज्यान, *नरेन्द्र बानिया गुरुङ वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिकृष्ण थामी समेत*

प्रतिवादी नरेन्द्र गुरुङ समेतकाउपर जाहेरवाला प्रेमबहादुर रानाको किटानी जाहेरी परी कारवाही भएको लास जाँच मुचुल्कामा धारिलो हतियारले काटेको ५ वटा घाउ भएको भन्ने कुरा उल्लेख भएको अटोप्सी रिपोर्टको Cause of death मा sharp force Injury to the Head र मृतकको शरीरका विभिन्न ठाउँमा घाउ चोट रहेको भनी उल्लेख भएको र स्वयं प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा साविती भई बयान गरेको अवस्थामा मौकामा कागज गर्ने कल्याणी खड्का, मनोज के.सी. समेतको

भनाइले समेत प्रतिवादी नरेन्द्र बानिया गुरुङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान समर्थित गरेको अवस्थामा अदालतमा बकपत्र नगरेको आधारमा मात्र निजहरूको भनाईलाई प्रमाण ऐन, २०३१ को दफा १०(क) ले प्रमाणमा लिन नमिल्ने भनी भन्न मिल्ने अवस्था देखिँदैन । यसबाट प्रतिवादीको मौकाको बयान मिसिल संलग्न कागजातबाट पुष्टि हुन आएको देखिएकोले प्रतिवादी नरेन्द्र बानियाको वारदातमा संलग्नता नै छैन भनी भन्न नमिल्ने ।

प्रतिवादीहरू हरिकृष्ण थामी र रामकुमार थामी वारदातमा संलग्नता नभएको भनी प्रतिवादी नरेन्द्र बानिया गुरुङले अदालतमा गरेको बयान र वारदात हुनुभन्दा अगाडि नै घाइते भएका व्यक्तिहरू के कसरी वारदातमा संलग्न भए भन्ने कुरा मिसिल संलग्न कागजातबाट शंकारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा अभियोग दावीबमोजिम सजाय हुनु पर्दछ भन्ने जिकीरसँग सहमत हुन नसकिने ।

प्रतिवादी नरेन्द्र बानिया गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद र अन्य प्रतिवादीहरू हरिकृष्ण थामी र रामकुमार धामीले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०६९ साल जेठ १० गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६९-WO-००६६, उत्प्रेषण परमादेश समेत, *सरोजकुमार थापा समेत वि.सम्माननीय राष्ट्रपति डा. रामवरण यादव, राष्ट्रपतिको कार्यालय समेत*

संविधान वा कानूनमा व्यवस्था नै नभएको पूर्ण राजनैतिक विषय वा कसैको ईच्छा वा चाहनाबमोजिमको विषय न्यायिक निरोपण (Judicially Justiciable) को विषय बन्न सक्दैन । पूर्ण रूपले राजनीतिक, बौद्धिक वा शैक्षिक छलफलको विषयलाई न्यायिक निरोपणयोग्य विषयवस्तु बनाई छलफल गराउनु र त्यसमा यस अदालतले समय खर्च गर्नु सार्थक नदेखिँदा रिट निवेदनमा उठाएको विषयवस्तु पूर्ण राजनैतिक प्रकृतिको देखिँदा यसको औचित्यभित्र प्रवेश गरी अरू कारवाही निर्णय गर्नुपर्ने अवस्था नरहेकोले विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः चुरामन खड्का

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६९-WO-०११५, परमादेश, *शारदा भुसाल झा समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

यसमा रिट निवेदकले संविधानसभाका सदस्यले संविधान नबनाई नेपाल सरकारलाई हानि नोक्सानी गरी अनुचित कार्य र भ्रष्टाचार गरेको र सो सार्वजनिक सरोकारको विवाद हुँदा अनुसन्धान गरी तलब भत्ता समेत असूलउपर गरिपाऊँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष मिति २०६९।३।१४ मा द.नं. २१७२५ को उजूरी दर्ता गरेकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्व संविधानसभाका ६०१ जना सदस्यहरूले खाएको तलब भत्ता सुविधा फिर्ता लिन र कानूनबमोजिम अनुचित कार्य र भ्रष्टाचारतर्फ कारवाही नगरेको हुँदा अनुसन्धान गरी कारवाही गर्नु भनी परमादेशको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी रहेको एवं सभासदले लिएको पारिश्रमिक समेत भ्रष्टाचारको कसूर भएको र सो सार्वजनिक सरोकार भएको भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) अन्तर्गत प्रस्तुत रिट निवेदन परेको देखिन्छ ।

निवेदन दावीसम्बन्धमा प्रारम्भिक सुनुवाईकै क्रममा हेर्दा नेपालको अन्तरिम संविधानमा भएको व्यवस्थाबमोजिम संविधानसभाको निर्वाचन एवं गठन भै अन्तरिम संविधान एवं सो अनुसार बनेको सम्बन्धित कानूनहरूअनुसार नै सभासदहरू कार्यरत रहेका कुरामा विवाद छैन । संविधानसभा कायम रहेको समयावधिमा निज सभासदहरूले गर्नुपर्ने कर्तव्य र निजहरूले निर्वहन गर्ने प्रयास गर्दागर्दै संविधान बन्न नसके पनि त्यस अवधिमा निजहरूले प्राप्त गरेको तलब भत्ता इत्यादिको कानूनबमोजिमको पारिश्रमिकलाई गैरकानूनी रूपले प्राप्त गरेको भन्न सकिने अवस्था नदेखिने र त्यसप्रकार प्राप्त गरेको तलब भत्ता लगायतका पारिश्रमिकहरूलाई अनियमित रूपले प्राप्त गरेको वा भ्रष्टाचार गरेको भन्न सकिने अवस्था नदेखिने ।

प्रस्तुत रिट निवेदनको दावीअनुसारको निवेदकहरू समेतको हक हनन् भएको वा सार्वजनिक सरोकारको विषयमा प्रतिकूल एवं गैरकानूनी असर परी संवैधानिक वा कानूनी प्रश्न समेत समावेशित भएको देखिएन र त्यसको निराकरण प्रस्तुत रिट निवेदन दावीअनुसार गर्नुपर्ने अवस्था समेत नदेखिएकोले प्रस्तुत रिट निवेदन मागअनुसार विरूद्ध खण्डमा उल्लिखित कार्यालयहरू एवं पदाधिकारीहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने कुरा समेत औचित्यपूर्ण नदेखिनुका साथै माग दावीअनुसार सार्वजनिक सरोकारको कुनै संवैधानिक वा कानूनी प्रश्न समेतको निरूपण गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६९ साल भदौ १ गते रोज ६ शुभम् ।

## रायबाझी फैसला

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-CI-०५९२, मिलापत्र बदर, *युगल किशोर सिँह समेत वि. विन्देश्वर साह हलुवाई*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

प्रमाणको रूपमा पेश भएको निवेदक विन्देश्वर साह विपक्षी युगलकिशोर समेत भएको २०५३ सालको रिट नं. १५७ को निषेधाज्ञा मुद्दाको मिसिलमा भएको मिति २०५४।१।२० को नाप नक्सा मुचुल्का हेर्दा न.नं. ५३ औरही गा.वि.स. अन्तर्गत पर्ने पोखरीको पश्चिमतर्फको भाग भन्ने उल्लेख र न.नं. ५५ चक्कर गा.वि.स. मा पर्ने सोही पोखरीको पूर्वतर्फको भाग भन्ने उल्लेख भएको छ । न.नं. ५५ को चक्कर गा.वि.स. तर्फ पर्ने कि.नं. २६३ को पोखरीको आधा पानीको भाग मात्र सरकारको नाममा नापी भई कि.नं. २६३ कायम भएको प्रमाणको रूपमा पेश भएको दे.दा.नं. १९ को निर्णय बदर मुद्दामा संलग्न जग्गाधनी दर्ता प्रमाणपूर्जा समेतबाट देखिन्छ । साँधको जग्गा सरकारी जनिई नापी भएको भन्ने उल्लेख भएकै कारण बाँकी रहेको पश्चिमतर्फको भाग पनि स्वतः सार्वजनिक वा सरकारी नै हुन्छ भनी अनुमान गर्न मिल्दैन । सो पोखरीको पश्चिमतर्फको भाग उक्त नापीको समयमा नापी दर्ता नभएको र सो नहुनुको कारण पनि केही देखिँदैन । अर्थात् प्रतिवादी समेतको घर बसोबास रहेको र गाउँ ब्लकमा परी नापी नभएको कारण दावीको उक्त जग्गालाई वादीको हकभोग नभएको सरकारी वा सार्वजनिक जग्गा ठहऱ्याउन न्यायोचित नहुने ।

पुनरावेदक प्रतिवादीहरू समेतको साविकदेखि भोगचलनमा रहेको जग्गा गाउँ ब्लकभित्र परी नापी हुन नसकेकोसम्म देखिए पनि सरकारी वा सार्वजनिक हो भन्ने कुनै तथ्यपूर्ण र आधारभूत प्रमाण समेत वादीले पेश दाखिल गर्न नसकेको अवस्थामा निजी हकभोगको त्यस्तो जग्गाका सम्बन्धमा दे.दा.नं. १२४७ नं. को खिचोला मुद्दामा उक्त मुद्दाका वादी प्रतिवादीहरू बीच भएको मिति २०५४।८।१७ को मिलापत्रबाट यी वादीको हक जाने अवस्था नदेखिएकोले सो मिलापत्र कायमै राख्नु पर्ने, बदर गर्न नमिल्ने ।

**मा.न्या.श्री प्रकाश वस्तीको रायः**

मुलुकमा रहेका जग्गा जमीन र त्यसमा रहेका प्राकृतिक तथा मानवीय संरचनामा पहिलो अधिकार राज्यको सञ्चालकका रूपमा रहने सरकारको हुन्छ । उसले प्रदान गरेको अवस्थामा मात्र कुनै व्यक्ति विशेषको हुने हो । सो सम्पत्ति आफूले राज्यबाट प्राप्त गरेको भन्ने कुरा प्रमाणबाट पुष्टि गर्ने दायित्व दावीकर्ताको नै हो । राज्यद्वारा संस्थापित निकाय नापी कार्यालय तथा मालपोत कार्यालयका अभिलेख स्रेस्ता नै कुनै जग्गाजमीन व्यक्तिलाई सुम्पिएको हो, होइन निर्धारण गर्ने एक मात्र आधार हो । राज्यका निकायले प्रदान गर्ने जग्गाधनी प्रमाणपूर्जाबाट व्यक्तिको सो सम्पत्तिमा हकाधिकार स्थापित हुने हो । एउटै स्वरूपको आधा सम्पत्तिको स्वामित्व २०४३ सालदेखि नै सरकारको भएको छ भने त्यसबाट छुट्याउन नमिल्ने, सोही सम्पत्तिको आधा खण्डको हकमा अन्यथा भन्न नमिल्ने ।

प्रस्तुत मुद्दामा विवादित सम्पत्तिमा पुनरावेदक प्रतिवादीको हक छ भन्न नापी, सोपछिको निर्णय, भोगचलन, निषेधाज्ञा मुद्दा र मिलापत्र गर्न गराउन रचिएका व्यवहार समेतबाट वादीबाट चुनौती दिइएको मिलापत्र केवल हक सिर्जना गर्न खडा गरिएको पुष्टि हुन्छ । यसबाट सार्वजनिक हकमा प्रत्यक्षतः प्रतिकूल असर पर्ने भएबाट सो मिलापत्र अ.बं. ८६ को परिधिमा पर्ने हुँदा प्रतिवादीहरूले प्रमाण सिर्जना गर्न रचेको व्यवहारलाई मान्यता दिई सार्वजनिक सम्पत्तिलाई

निजी बनाउने गरी मिति २०५४।८।१७ गते यी प्रतिवादीहरू आपसमा मिली गरेको सा.दे.नं. १२४७ नं. को खिचोल मुद्दाको मिलापत्र बदर हुने ।

सहयोगी माननीय न्यायाधीशज्यूको फरक राय रहेकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेश गर्ने ।

इएजलास अधिकृत: नारायणप्रसाद पराजुली
कम्प्युटर: बेदना अधिकारी
इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

यसै लगाउ/प्रकृतिका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६३-CI-०५९१, मिलापत्र बदर, *युगलकिशोर सिँह समेत वि. विन्देश्वर साह हलुवाई*
- २०६३-CI-०५९३, मिलापत्र बदर, *राजकिशोर सिँह समेत वि. विन्देश्वर साह हलुवाई*
- २०६३-CI-०५९४, लिखत बदर, *राजकिशोर सिँह समेत वि. विन्देश्वर साह हलुवाई*
- २०६३-CI-०५९५, लिखत बदर, *राजकिशोर सिँह समेत वि. विन्देश्वर साह हलुवाई*
- २०६३-CI-०५९६, घर भत्काईपाउँ, *युगलकिशोर सिँह वि. विन्देश्वर साह हलुवाई*
- २०६३-CR-०३५४, जालसाजी, *युगलकिशोर सिँह समेत वि. विन्देश्वर साह हलुवाई*
- २०६३-CR-०३५५, जालसाजी, *राजकिशोर सिँह समेत वि. विन्देश्वर साह हलुवाई*

## अन्तरिम आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, ०६९-WO-०१२२, उत्प्रेषणयुक्त परमादेश, *असर्फीप्रसाद महतो वि. शिक्षा मन्त्रालय*

निवेदकले उच्चाङ्गल रामदेव कलवार उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकको अनुपस्थितिमा निमित्त भई काम गर्न पाउनुपर्ने मागसम्म गरेको देखिएको, सो सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम ९३(१२) ले स्पष्ट व्यवस्था गरेको, सो बाहेक निमित्त भई काम गर्ने सम्बन्धमा अन्यथा व्यवस्था भइरहेको नदेखिएको शिक्षा विभागको मिति २०६९।३।५ को परिपत्रबाट निमित्त प्रधानाध्यापक भई काम गर्ने सम्बन्धमा स्पष्ट निर्देशन भइरहेको समेत मिसिल संलग्न परिपत्रबाट देखिएको, विद्यालयको संगठनभित्र वरिष्ठतम् र स्थायी शिक्षिकको विद्यमानता हुँदाहुँदै कनिष्ठ वा अस्थायी शिक्षकबाट निमित्त प्रधानाध्याकको जिम्मेवारी पूरा गर्न लगाउनु स्वस्थकर समेत नदेखिने हुनाले निवेदकलाई सो विवादित निमित्त प्रधानाध्यापक भई काम गर्नबाट रोक्ने गरी विपक्षी शिक्षक अवध बिहारीप्रसाद चौहानलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिएको निर्णयको निज विपक्षीलाई दिएको जनाउसम्बन्धी जिल्ला शिक्षा कार्यालयको मिति २०६९।२।१६ को पत्रलगायतको निर्णय एवं पत्राचारलाई कायम राख्न दिन मिल्ने नदेखिएकोले सो पत्र समेतको कार्यान्वयन नगर्नु नगराउनु तथा निवेदकको हकमा उपरोक्त नियम ९३(१२) को व्यवस्था आकृष्ट हुने गरी निर्णय गरिदिनु भनी यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि विपक्षीका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल भदौ २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०२१३, उत्प्रेषणमिश्रित परमादेश समेत, *सोनी हैण्डीक्राफ्टको तर्फबाट पवन राय वि. श्रम अदालत समेत*

रिट निवेदकले म्याद नघाई श्रम अदालतमा पुनरावेदन गरेको हो वा होइन भन्ने विषय निर्णय हुँदा विचार हुने विषय हो । तर, पुनरावेदकले २०६८ भदौदेखि हाजीर हुने दिनसम्मको तलव भत्ता माग गरेकोमा श्रम अदालतले २०६९।३।२८ गते गरेको फैसलामा २०६७।११।२५ देखि नै पारिश्रमिक दिने गरी निर्णय गरेको पाइयो । निवेदन संलग्न प्रमाणित पुनरावेदन पत्रमा उल्लिखित मिति संशोधन गराएको श्रम अदालतको फैसला उतारबाट नदेखिने ।

यस परिप्रेक्ष्यमा पछि रिट खारेज हुँदा विपक्षी दीपेन्द्रकुमार सिँहले श्रम अदालतको फैसलाअनुसारको सुविधा समेत प्राप्त गर्न सक्ने, तर रिट जारी भएमा रिट निवेदकले लिइसकेको रकम फिर्ता लिन निवदकले कानूनी उपचारको अन्य मार्ग अवलम्बन गर्नुपर्ने

अवस्थामा सुविधा सन्तुलन र अपूरणीय क्षतिका दृष्टिबाट २०६९।३।२८ को दीपेन्द्रकुमार सिँह पुनरावेदक र यी रिट निवेदक प्रत्यर्थी भएको २०६८ सालको पु.नं. ४१/१२८ मा भएको फैसला यो रिट निवेदकको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-०२७०, उत्प्रेषण, *राजेन्द्र के.सी. वि. वन तथा भू संरक्षण मन्त्रालय समेत*

निवेदकले असाधारण बिदा स्वीकृतिको निमित्त मिति २०६६।६।६ मा निवेदन दिएकोमा मिति २०६८।७।१७ मा मात्र बिदा अस्वीकृत गर्ने गरी निर्णय भएको भन्ने देखिँदा निजामती सेवा नियमावली, २०५० नियम ६४ को उपनियम (१क) र (१ख) को कानूनी व्यवस्थालाई दृष्टिगत गर्दा निवेदकको हकमा सुविधा र सन्तुलन भएकोले निवेदक विरूद्धको विभागीय कारवाहीसम्बन्धी प्रक्रिया जहाँ जुन अवस्थामा छ यथास्थितिमा राख्नु, थप कारवाही नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल भदौ २४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कमलनारायण दास,** ०६९-WO-०२२२, परमादेश समेत, *प्रभुकृष्ण कोइराला समेत वि. प्रधानमन्त्री तथा कुलपति चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, काठमाडौं समेत*

वीर अस्पतालस्थित ९ वटा पेशागत संगठनहरूले विभिन्न माग राख्दै चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपतिको कार्यालयमा तालावन्दी गर्ने भनी प्रेस विज्ञप्ति मिति २०६९।५।१२ का जारी गरी उपकुलपतिका कार्यालयमा तालाबन्दी गरेको भन्ने निवेदन व्यहोरा रहेको विज्ञप्तिबाट देखिन्छ । निवेदककाअनुसार विपन्न वा आर्थिक स्थिति कमजोर भएका वर्गलाई निशुल्क स्वास्थ्य सेवा पाउने कुराको निकासा प्रशासकीय निकायबाट हुने र उपकुलपति कार्यालयमा तालाबन्दी हुँदा निशुल्क सेवा पाउने जनसाधारणको स्वास्थ्योपचार पाउने हकमा प्रत्यक्ष असर पर्ने देखिँदा वीर अस्पतालको नौ वटा पेशागत संगठनहरूको मिति २०६९।५।१२ को सूचनाअनुसार अस्पतालको चिकित्सा सेवामा असर पर्ने गरी कुनै पनि कार्य नगर्नु, नगराउनू, स्वास्थ्य सेवा सुचारू गर्नु, गराउनू भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) अन्तर्गत अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

## रीत/वेरीत आदेश

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-RE-०३५२, डाका चोरी, *सिद्धराज खड्का वि. नेपाल सरकार*

श्री पुनरावेदन अदालत दिपायल के,

निवेदक प्रतिवादी शुरू अदालतबाट कारवाही हुँदा जेथा धितो दिई तारेखमा बसी पुर्पक्ष भएको अवस्था देखिएको र उक्त मुद्दामा निजलाई सजाय गरेको अवस्था नदेखिएको परिप्रेक्ष्यमा हेर्दा निज प्रतिवादीको पुनरावेदन किनारा नभएसम्मको लागि शुरू जिल्ला अदालतको फैसलाबाट भएको कैद र जरीवानाबापत धरौट वा जमानीमा छाड्न नपर्ने मुनासिब कारण पुनरावेदन अदालत दिपायलको आदेशमा उल्लेख भएको नदेखिँदा निवेदकको मागलाई इन्कार गर्ने गरेको उक्त अदालतको मिति २०६८।१२।७।३ को आदेश बदर हुने ।

इति संवत् २०६९ साल भदौ २६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-RE-००२८, बैकिङ कसूर, *असीम दाहाल भन्ने दीपेन्द्र यादव वि. नेपाल सरकार*

यस अदालतको रजिष्ट्रारबाट जेथा जमानीको कारवाही अगाडि बढाउन मिलेन भनी भएको मिति

२०६९।४।११।५ को आदेश धरौट तथा जमानीसम्बन्धी कार्यविधि निर्देशिकाको दफा १५ को खण्ड (१) (२) र (५) समेतमा निर्देशित कार्यविधि पूरा नगरी भएको देखिनाले बदर गरिदिएको छ । उक्त निर्देशिकामा भएका व्यवस्थाहरूलाई मध्यनजर राखी कारवाही पूरा गरी निवेदकको मागसम्बन्धी कारवाही अगाडि बढाई कानूनबमोजिम कारवाही गर्ने ।

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशील कार्की र मा.न्या.श्री भरतराज उप्रेती**, ०६८-RE-०३७१, जवर्जस्ती करणी, *नेपाल सरकार वि. काले भन्ने किरण चौधरी समेत*

श्री पुनरावेदन अदालत दिपायल के,

यसमा कैफियत प्रतिवेदन प्राप्त भई व्यहोरा अवगत भयो । यसमा पुनरावेदन अदालत दिपायल निरीक्षण मुकाम धनगढी कैलालीको मिति २०६८।१०।२९ को आदेश बदर हुने ।

अब, प्रतिवादी काले भन्ने किरण चौधरीले पीडिता सुस्तमनस्थितिकी बालिकालाई गाडीमा लिएर जाने मुख्य व्यक्ति भएको तथा प्रतिवादीहरू विवेश शाही र यी किरण चौधरीले करणी गर्ने ईच्छा राखेको तर करणी गर्न नपाएको भनी निज प्रतिवादीहरू अदालतको बयानमा समेत सावित रही बयान गरेको पाइन्छ । यसरी पालै पालो करणी गर्न यी प्रतिवादीहरू समेत पालो कुरेर बसेको साविती बयान रहेको अवस्थामा यी प्रतिवादीहरू निर्दोष रहेछन् भनेर अहिले नै मान्न मिलेन । प्रमाण बुझ्दै जाँदा पछि ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादीहरू काले भन्ने किरण चौधरी र विवेक शाहीलाई अ.बं. ११८ को देहाय (२) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०६९ साल भदौ २९ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** नि. नं. ०६८–AP–०४८२, मानव अपहरण तथा ज्यान मार्ने उद्योग, *अर्जुन कन्दङ्वा वि.नेपाल सरकार*

सहरजिष्ट्रार, सर्वोच्च अदालतके,

निवेदक प्रतिवादी अर्जुन कन्दङ्वा प्रस्तुत मुद्दाको पुर्पक्षको क्रममा शुरु जिल्ला अदालतको आदेशबाट थुनामा बसेको भन्ने तथ्यमा विवाद रहेको देखिँदैन । पछि जिल्ला अदालतबाट फैसला हुँदा सफाई पाएको कारण प्रतिवादी हाल थुनामा नरहेको देखिए पनि पुनरावेदन अदालतको फैसलाबाट निजलाई जनही ३ वर्ष कैद र रु.२५,०००।- जरीवाना हुने ठहर भएको अवस्था देखिन्छ । पुनरावेदन अदालतबाट ठहर भएको उक्त कैद र जरीवानाबापत नगद धरौट राखी यस अदालतमा पुनरावेदन दर्ता गर्न अ. वं. १९४(२) नं. बमोजिम सुविधा पाऊँ भनी परेको निवेदनबमोजिम सुविधा प्रदान गर्न नमिल्ने भनी दरपीठ गरेको यस अदालतका सहरजिष्ट्रारको आदेश वेरीतको भएको भनी प्रस्तुत निवेदन पर्न आएको देखियो ।

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९४ नं. को देहाय दफा २ मा "पुनरावेदन सुन्ने अड्डाले भए पुनरावेदन गर्ने म्यादसम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० वर्षसम्म कैदको सजाय भएकोमा र पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा धरौट वा जमानीमा छाड्न सक्नेछ" भन्ने उल्लेख भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाको बनोटबाटै धरौट वा जमानी स्वीकार गर्ने वा नगर्ने भन्ने कुरा बाध्यात्मक नभई तजवीजी प्रकृतिको देखिन आउँछ । परन्तु तजवीजी अधिकारको प्रयोग पनि स्वेच्छाचारी रूपमा गर्न मिल्ने नभएकोले वस्तुनिष्ट रूपमा नै गरिनु पर्दछ । साथै तजवीजी अधिकार प्रयोगको आधार सम्बन्धित कानूनी व्यवस्थाकै सापेक्षतामा खोजी गरिनु उचित र मनासिव हुन जान्छ ।

अ.बं. १९४ नं. को देहाय २ को उपरोक्त कानूनी व्यवस्थाले १० वर्षसम्म कैद सजाय भएको मुद्दामा प्रतिवादीलाई धरौट वा जमानत राखी पुनरावेदन गर्ने सुविधा प्रदान गर्ने वा नगर्ने भन्ने कुराको निष्कर्षमा पुग्न पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा भन्ने दुईवटा पूर्वशर्त वा आधारहरू तोकेको देखिन्छ । के कस्ता मुद्दामा पुर्पक्षको लागि थुनामा बस्नु पर्छ र के कुन मुद्दामा पुर्पक्षको लागि थुनामा बस्नु पर्दैन भन्ने कुरामा स्पष्ट हुनको लागि अ. वं. ११८ नं. को देहाय २ र ३ नं. को कानूनी व्यवस्था दृष्टिगत गर्नुपर्ने हुन्छ । अ.बं. ११८ को देहाय २ नं. मा

मुख्यतः तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भनी विश्वास गर्न सकिने मनासिव आधार भएको नेपाल सरकार वादी भई चलेको तीन वर्ष वा सोभन्दा बढी कैद हुन सक्ने मुद्दाको अभियुक्तलाई पुर्पक्षको निमित्त थुनामा राख्नु पर्ने भन्ने देखिन्छ। त्यस्तै नेपाल राज्यभित्र स्थायी बसोबास नभएको र तत्काल प्राप्त प्रमाणबाट छ महिना वा सो भन्दा बढी कैद हुन सक्ने अपराधको कसूरदार हो भनी विश्वास गर्न मिल्ने मनासिव आधार भएको अभियुक्तलाई पनि पुर्पक्षको लागि थुनमा नै राख्नु पर्ने भन्ने देहाय ३ नं. को कानूनी व्यवस्था हो। मुलुकी ऐनमा भएको उपरोक्त कानूनी व्यवस्थाबाट नेपाली नागरिकका हकमा तीन वर्षभन्दा कम सजाय हुनसक्ने र विदेशी नागरिकका हकमा छ महिनाभन्दा कम सजाय हुनसक्ने कसूर अपराधमा पुर्पक्षको लागि थुनामा बस्नु नपर्ने भन्ने देखिन आउँछ। यसका अतिरिक्त अन्य कतिपय विषयगत कानूनहरूमा एक वर्षसम्म कैद हुनसक्ने मुद्दामा पनि पुर्पक्षको लागि थुनामै राख्नुपर्ने व्यवस्था भएको देखिन्छ।

त्यस्तै थुनामा नबसेको भएमा भन्ने वाक्यांशलाई मात्रै सतही र एकांगी रूपमा हेर्दा १० बर्षसम्म कैद सजाय हुने ठहरेको तर पुर्पक्षको लागि थुनामा नबसेको प्रतिवादीको धरौट वा जमानत स्वीकारी पुनरावेदन दर्ता गर्ने अनुमति दिनुपर्ने हो कि भन्ने जस्तो प्रतीत हुन आउँछ। त्यस्तो निरपेक्ष अर्थ गर्ने हो भने पुर्पक्षको लागि थुनामा बसेकै कारणले छ महिनामात्र कैद भएको व्यक्तिले पनि पुनरावेदन गर्दा धरौट वा जमानतको सुविधा नपाउने तर पुर्पक्षको क्रममा थुनामा नबसेकै कारणले १० वर्षसम्म कैद भएको व्यक्तिलाई पनि त्यस्तो सुविधा प्रदान गर्नुपर्ने स्थिति सिर्जना हुन पुग्दछ, जुन कुरा कानून र विवेकसम्मत हुन सक्दैन। वस्तुतः थुनामा नबसेको भएमा भन्ने ऐनमा उल्लेख भएको उक्त पछिल्लो वाक्यांशको अर्थ पनि सोही वाक्यांशको अघिल्लो खण्डमा प्रयुक्त पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दाकै सापेक्षतामा ग्रहण गरिएको खण्डमा मात्र अ.वं.१९४ नं. को समग्र भावना र उद्देश्यको निकट पुग्न सम्भव हुन्छ। अन्यथा गलत ब्याख्या कायम हुन पुग्दछ।

अ.वं. १९४ को देहाय ४ र ५ को कानूनी व्यवस्था हेरिएमा यस सम्बन्धमा थप स्पष्ट हुन सकिन्छ। देहाय दफा ४ ले देहाय दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए पनि सजाय पाएको व्यक्ति भागी जाने सम्भावना भएकोमा, सबूद प्रमाणमा हस्तक्षेप गर्ने सम्भावना भएकोमा र अरु अपराध गर्ने सम्भावना भएको अवस्थामा धरौट वा जमानीमा छाड्न इन्कार गर्न सकिने भनी प्रष्ट गरेको छ। तर कसैलाई धरौट वा जमानीमा छाड्दा वा छाड्न इन्कार गर्दा सोको आधार र कारण उल्लेख गर्नुपर्ने कुरालाई पनि सो दफाले स्पष्ट गरेको हुँदा तजवीजी अधिकारको प्रयोग स्वेच्छाचारी रूपमा गर्न नपाइने कुराको पनि दिशानिर्देश गरेको देखिन्छ। साथै देहाय दफा ५ मा उल्लिखित कसूर अपराधमा फैसला गर्ने अदालतले एक वर्षभन्दा बढी र पुनरावेदन तहबाट ३ वर्षभन्दा बढी कैद सजाय पाएको व्यक्तिलाई धरौटी वा जमानीमा छाड्न इन्कार गर्न सक्ने व्यवस्था भएको पाइन्छ। उक्त देहाय ५ मा भ्रष्टाचार लगायत गम्भीर प्रकृतिका अपराधहरू समेटिएको देखिँदा गम्भीर प्रकृतिका अपराधमा कम कैद सजाय भएको अवस्था भए पनि धरौटी वा जमानीमा छाड्न नुहने भन्ने ऐनको आशय रहेको देखिन आउँछ।

उपरोक्त विश्लेषणबाट पुर्पक्षको लागि तत्कालको अवस्थामा थुनामा बसेको र नबसेको आधार र अवस्थालाई मात्र अ.वं.१९४ नं. बमोजिम धरौट वा जमानीमा छाड्ने वा सोको लागि इन्कार गर्ने आधार बनाउन मिल्दैन भन्ने कुरा स्पष्ट देखिन आएको छ। वस्तुतः अ.वं. १९४ नं. को देहाय दफा १ र २ मा उल्लेख भएको कैदको उपल्लो सीमाभित्र रही देहाय ४ र ५ को मार्गनिर्देशनको अधीनमा रही कसैलाई त्यस्तो सुविधा प्रदान गर्ने वा नगर्ने भन्ने कुराको निष्कर्षमा पुग्नु कानून र विवेकसम्मत हुन्छ।

अ.वं.१९४ को कानूनी व्यवस्थाका सन्दर्भमा यस अदालतको एकल र संयुक्त इजलासबाट भिन्न-भिन्न ब्याख्या हुन पुगेको कारण यसको व्यावहारिक प्रयोग र पालनामा जटिलता उत्पन्न भएको भनी सुविधा प्रदान गर्ने सम्बन्धमा एकरुपताको लागि भनी निवेदक *जीवछप्रसाद यादव वि. नेपाल सरकार समेत* भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दाको प्रतिवेदन नं.०६८-RE-०१०८ को प्रतिवेदन यस अदालतको पूर्ण इजलासमा पेश भएको देखिन्छ।

उक्त प्रतिवेदनमा यस अदालतको पूर्ण इजलासबाट अ.बं. १९४ नं. को कानूनी व्यवस्थाका सम्बन्धमा विस्तृत सैद्धान्तिक विवेचना र ब्याख्या गरेको देखिन्छ। मुद्दाको निर्णय गर्दाको अवस्थामा लागू हुने नजीरको सिद्धान्त जस्तै गरी कार्यविधि सम्बन्धमा नजीरको पालना र प्रयोग हुने अवस्था नरहने र मुद्दाको प्रकृतिअनुरूप स्वविवेकीय अधिकारको प्रयोग हुनुपर्ने हुँदा पूर्ण इजलासबाट स्वविवेकीय अधिकारको प्रयोगसम्बन्धी विषयलाई कुनै एउटा आधारमा निर्णय गर्ने गरी निर्देशित वा सीमाबद्ध गर्नु आवश्यक नभएको भनी एक न्यायाधीशको इजलासमा फिर्ता पठाइएको *(स.अ. बुलेटिन,* २०६९, बैशाख-२, पृष्ठ २१) देखिन्छ। यसबाट हरेक मुद्दामा रहने तथ्यगत भिन्नताको सापेक्षतामा उपरोक्त कानूनी व्यवस्थाको प्रयोग र पालना हुनुपर्ने भन्नेमा कुरामा विवाद भइरहनु पर्ने अवस्था देखिँदैन। परन्तु प्रस्तुत निवेदनसँग तादाम्यता राख्ने पुर्पक्षको लागि शुरू अदालतमा थुनामा बसेको तर सो अदालतबाट सफाइ पाएको प्रतिवादीलाई पुनरावेदन अदालतबाट कैद समेतको सजाय हुने ठहरेमा अ.बं.१९४ नं. को सुविधा पाउने हो, होइन भन्ने प्रश्नमा "शुरु तहको फैसलाले सफाई पाए पनि यदि पुर्पक्षको लागि थुनामा बसेको छ भने त्यस्तोलाई पुर्पक्षको लागि थुनामा नै बसेको मान्नुपर्ने हुन्छ" भन्ने समेत ब्याख्या गरिएको देखिएकोले सो व्याख्यासँग असहमत हुनुपर्ने वा अनुशरण गर्नु नपर्ने कुनै कारण देखिन नआउने।

प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा प्रतिवादीउपर अपहरण तथा शरीर बन्धक लिने कसूरको उद्योग गरेको ठहरी तीन वर्ष कैद र रु.२५,०००। जरीवाना भएको देखिन्छ। शुरु अदालतमा मुद्दा पुर्पक्ष हुँदा थुनामै बसेको भन्ने देखिएको छ। त्यसैले कसूरको गाम्भीर्यता र घटना घटाउँदाको प्रकृति समेतलाई विचार गर्दा पुनरावेदन अदालतबाट उपरोक्त सजाय ठहर भएका निवेदक प्रतिवादीलाई अ.बं. १९४ नं. को देहाय दफा २ बमोजिमको सुविधा प्रदान गर्नु न्यायोचित नदेखिएको हुँदा सुविधा प्रदान नगर्ने गरी भएको सहरजिष्ट्रारको मिति २०६९।१।२७ को आदेश मनासिब देखिएकोले परिवर्तन गरिरहनु नपर्ने।

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको नि. नं. २०६८–AP–०५४५, मानव अपहरण तथा ज्यान मार्ने उद्योग, *माइकल भन्ने विक्रम लिम्बू वि.नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-AP-००७६, उत्प्रेषण, *व्यास महतो चाई समेत वि. पुनरावेदन अदालत, हेटौंडा समेत*

तायदाती माग्ने आदेशले भविष्यमा हुने फैसलालाई नियन्त्रित गर्न नसक्ने, कुनै हाँगाका प्रतिवादी पहिले नै भिन्न भइसकेको प्रमाणबाट देखिए तदनुरूप फैसला हुन सक्ने नै स्थितिमा यस अदालतका रजिष्ट्रारबाट मिति २०६९।५।१४ मा भएको दरपीठ आदेश मिलेकै देखिँदा परिवर्तन गर्नु नपर्ने।

इति संवत् २०६९ साल भदौ २६ गते रोज ३ शुभम्।

६

**मा.न्या. श्री भरतराज उप्रेती,** ०६९-WS-००१४, उत्प्रेषण, *कमलप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं समेत*

बीमा समितिबाट बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२)ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ३ अनुसार गठित बीमा समितिले जारी गरेको बीमाको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ मा गरिएका व्यवस्थाहरू बीमा ऐन, २०४९; कम्पनी ऐन, २०६३ तथा करार ऐन, २०५६ को विपरीत हुनुका साथै उक्त बीमा ऐनको दफा ८(घ२) ले अस्थायी प्रकृतिको निर्देशन दिने अधिकार मात्र बीमाा समितिलाई दिएकोमा स्थायी प्रकृतिको निर्देशिका जारी गर्ने क्षेत्राधिकार बीमा समितिलाई नभएको भन्ने समेत आधारमा उक्त निर्देशिका तत्काल लागू नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ भन्ने समेत निवेदकको माँग देखियो :

निवेदकको माँगबमोजिम अन्तरिम आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा मूल रुपमा निम्न प्रश्नहरू निरोपण गर्नुपर्ने देखियो।

१. बीमा समितिलाई बीमा व्यवसायलाई नियमित गर्ने आवश्यक पर्ने निर्देशन दिने वा निर्देशिका जारी गर्ने क्षेत्राधिकार छ वा छैन ?

२. बीमा समिति जस्ता नियमनकारी निकायले जारी गरेका निर्देशन, आदेश वा निर्देशिकाहरूको कार्यान्वयन रोक्ने वा हस्तक्षेप सम्बन्धमा अदालतको क्षेत्राधिकारको दायरा के हो ?

३. बीमा समितिले जारी गरेको निर्देशिकाबाट निवेदकलाई अपूरणीय क्षति हुने अवस्था छ वा छैन ?

पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा बीमा ऐन, २०४९ को दफा ८ (घ२ ) को दायरा र सीमा कति हुने हो र उक्त दफा ८ (घ२)को आधारमा प्रस्तुत निर्देशिका जारी गर्ने अधिकार बीमा समितिलाई प्राप्त छ वा छैन भन्ने कुरा यो रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा निर्णय हुने विषय भए तापनि बीमा ऐन, २०४९ अनुसार गठित बीमा समितिलाई बीमा व्यवसायको संचालनको कार्य व्यवस्थित तथा नियमित गर्ने अधिकार भए रहेको कुरा उक्त ऐनको दफा ८ मा गरिएको समग्र व्यवस्थालगायत उक्त दफा ८(घ२) को व्यवस्थाबाट समेत देखिएको अवस्थामा बीमा व्यवसायको नियमनकारी निकायको रुपमा स्थापित विपक्षी बीमा समितिलाई बीमा व्यवसायलाई व्यवस्थित तथा नियमित गर्न आवश्यक पर्ने निर्देशन दिने वा सो निर्देशनलाई लेखबद्ध गरी निर्देशिका जारी गर्ने अधिकार भए रहेको कुरा उक्त दफा ८(घ२) मा गरिएको व्यवस्थाको सरसर्ति अवलोकनबाट स्पष्ट देखियो। यस्तो अवस्थामा बीमा व्यवसायको नियमनकारी निकायको रुपमा रहेको बीमा समितिलाई बीमा व्यवसायसँग सम्बन्धित सुशासनको विषयमा निर्देशिका बनाउने र जारी गर्ने अधिकार रहेको नदेखिने।

विकास निर्माणसम्बन्धी कार्यको लागि सरकारले गरेका निर्णयहरू र नियमनकारी निकायहरूबाट भए गरेका निर्णय तथा काम कारवाहीहरूमा अदालतले कम भन्दा कम हस्तक्षेप गर्नुपर्ने र यस्ता निर्णयहरू प्रारम्भिक दृष्टिमा नै गैरकानूनी तथा क्षेत्राधिकारविहीन देखिएको अवस्थामा वाहेक अदालतले हस्तक्षेप गर्नु हुँदैन भन्ने कुरालाई मान्य सिद्धान्तको रुपमा लिइन्छ। यस बारेमा यस अदालतको विशेष इजलासबाट *राजन अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको संवत २०६४ सालको रिट नं. WS ००१९ को उत्प्रेषणयुक्त परमादेश (*ने.का.प.* २०६६,अंक १०,पृष्ठ १५७५, नि.नं. ८२३४) मुद्दामा प्रतिपादित सिद्धान्त विशेष रुपमा सान्दर्भिक तथा उल्लेखनीय छ। उक्त मुद्दामा सर्वसाधारणको हित रक्षाको लागि उद्यम व्यवसाय, रोजगारी वा आर्थिक गतिविधिको विविध पक्षहरू मध्ये कुनै पक्ष वा क्षेत्रलाई नियमित तथा व्यवस्थित गर्ने र कसरी यो नियमनको कार्य गर्ने भन्ने कुरा राज्यले बनाएको कानूनको अधीनमा रही सम्बन्धित क्षेत्रको नियमनकारी निकाय वा यस्तो निकायको स्वीकृतिमा अन्य अधिकारप्राप्त निकायले निर्धारण गर्ने कार्य भएकोले उक्त उद्देश्यका लागि बनाइएको कुनै पनि नियम, विनियम वा निर्देशिकाको औचित्यताको प्रश्नतर्फ यस अदालतले प्रवेश गर्न र आफ्नो धारणा राख्न नसक्ने भनी सिद्धान्त प्रतिपादन भइरहेको समेत सन्दर्भमा विपक्षी समितिले जारी गरेको उक्त निर्देशिकाको कार्यान्वयन तत्काल रोक्नुपर्ने अवस्था नदेखिने।

बीमा व्यवसायलाई नियमन तथा व्यवस्थित गर्ने नियमनकारी निकायको रुपमा बीमा ऐन, २०४९ अनुसार गठित बीमा समितिले वीमितको रुपमा रहेका सर्वसाधारण जनताको हित रक्षाको लागि बीमा व्यवसायलाई बढी व्यवस्थित, पारदर्शी तथा सुशासनको दायरामा राख्ने उद्देश्यले बीमा ऐन, २०४९ को दफा ८ (घ२) को अख्तियार प्रयोग गरी निर्देशिका जारी गरेको कार्यले निवेदकलाई कसरी अपूरणीय क्षति पुगेको वा पुग्न सक्ने अवस्था छ भन्ने कुराको विश्वसनीय आधार र प्रमाण प्रस्तुत गर्न नसकेकोले विपक्षी बीमा समिति बीमा व्यवसायको नियमनकारी निकाय भएको र बीमा ऐन, २०४९ को उक्त दफा ८(घ२) को व्यवस्थाको प्रारम्भिक अवलोकनबाट नै बीमा व्यवसायलाई नियमित तथा व्यवस्थित गर्न आवश्यक निर्देशन दिने अधिकार भए रहेकै देखिएको, नियमनकारी निकायहरूले जारी गरेका निर्देशिकाहरूको कार्यान्वयन तत्काल रोक्न वा हस्तक्षेप गर्न नहुने भन्ने यस अदालतको विशेष इजलासबाट सिद्धान्त प्रतिपादन भएको तथा उल्लेखित निर्देशिकाको कार्यान्वयन तत्काल नरोकेको अवस्थामा निवेदकलाई अपूरणीय क्षति हुने भन्ने सम्बन्धमा कुनै आधार र प्रमाण समेत प्रस्तुत नभएको अवस्थामा निवेदकको माँगबमोजिम अन्तरिम आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृतः आत्मदेव जोशी

इति संवत् २०६८ साल भदौ १८ गते रोज २ शुभम्।